मानवका लागि मानवअधिकार

मानवअधिकारका लागि उपयुक्त संस्कृति

# प्राची

## संचेतना पत्रिका

पूर्णाङ्क ११४, चैत, २०८२



# मानव अधिकार र जवाफदेहिताको सवाल

## अनुसन्धानकर्ताहरू

## विद्यार्थीहरू

## विद्धत वर्ग

## कार्यकर्ताहरू



# इन्सेक पुस्तकालयको प्रयोग गरौँ।

## मानवअधिकारसम्बन्धी सूचना र जानकारीका लागि

### पुस्तकालयमा उपलब्ध मानवअधिकारसँग सम्बन्धित पुस्तक तथा प्रकाशनहरू

- ० बालअधिकार
- ० महिला अधिकार
- ० कानुन, अधिकार र राजनीति
- ० द्वन्द्व र शान्ति अध्ययन
- ० समाजशास्त्र
- ० सञ्चार
- ० अर्थशास्त्र
- ० पत्रपत्रिकाहरू
- ० प्रतिवेदनहरू
- ० फोटोहरू
- ० भिडियो क्लिप्सहरू



### सुविधाहरू

० फोटोकपी ० इन्टरनेट ० कम्प्युटर

मानवअधिकारसम्बन्धी

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय

समाचारपत्र, जर्नल

मानवअधिकार र सामाजिक न्यायका निम्ति

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित
इन्सेक INSEC
पत्र मञ्जुषा : २७२६ काठमाडौँ
टेलिफोन : ५२१८७७०, फ्याक्स : ५२१८२५१, इमेल : prachi@insec.org.np
वेबसाइट : www.inse.org.np; www.inseconline.org

मानवका लागि मानवअधिकार

मानवअधिकारका लागि उपयुक्त संस्कृति

# प्राची

## संचेतना त्रैमासिक पत्रिका

वर्ष २८, अङ्क ११४, चैत २०८२

***संस्थापक***
**सुशील–प्रकाश**

***सल्लाहकार***
**विजयराज गौतम**
अध्यक्ष, इन्सेक
**डा. कुन्दन अर्याल**
निवर्तमान अध्यक्ष, इन्सेक

***सम्पादक***
**मदन पौडेल**

***व्यवस्थापक***
**शैलेश शर्मा**


***मुद्रक***
**ड्रिम ग्राफिक्स**
**कुलेश्वर, काठमाडौँ**

- यथावत ... २
- सम्पादकीय ... ३
- इतिहासको पानाबाट : समलक्ष्यमा ग्रहण ... ५
- मानव अधिकार र जवाफदेहिताको सवाल /विजयराज गौतम ... ९
- मानव अधिकार र कार्यपालिका/ पुन्यप्रसाद अधिकारी ... ३६
- न्यायपालिका र न्यायमा पहुँच/डा. विद्या चापागाईं ... ४९
- कार्यपालिकाको छायाँमा व्यवस्थापिका /यज्ञप्रसाद अधिकारी ... ७६
- बसपार्क नै घर, यात्रु नै परिवारः ८१ वर्षे कलकत्ते दाइको सेवाभाव /यज्ञमूर्ति तिमिल्सिना ... ९४

**प्राचीको विचार र विश्लेषण खण्डमा प्रकाशित लेख लेखकका निजी विचार हुन्। प्रकाशित लेखहरूले इन्सेकको नीति र विचारको प्रतिनिधित्व गर्दैन।**

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित**
नागार्जुन नपा-१०, स्यूचाटार, पत्र मञ्जुषा : २७२६ काठमाडौँ
टेलिफोन : ०१-५२१८७७०, फ्याक्स : ०१-५२१८२५१
इमेल : prachi@insec.org.np
वेबसाइट : www.inse.org.np; www.inseconline.org


## बयान



नेपालमा राजनीतिक अस्थिरताका कारण नागरिक जीवनको सुरक्षा, न्यायमा पहुँच, समान अवसर लोकतन्त्रको आत्मा भएको उल्लेख गर्दै १० वर्षे सशस्त्र द्वन्द्वको समयमा तत्कालीन माओवादीबाट दादुरा खोप अभियानमा भएको अवरोध, भुटानी शरणार्थी समस्यालगायतका विषयको स्मरण गर्दै मानव अधिकारको सम्मान, विधिको शासनको सुदृढीकरण, दण्डहीनताको अन्त्य र संस्थागत सुधारको दिशामा सामूहिक प्रतिबद्धताले मात्र समतामूलक, न्यायपूर्ण र लोकतान्त्रिक नेपाल निर्माण सम्भव रहेको छ।

**डा. गौरीशङ्करलाल दास**

राष्ट्रिय मानव अधिकार आयोगका पूर्व सदस्य तथा मानव अधिकार शताब्दी व्यक्तित्व



संसारमा प्रविधिको विकासले मानव अधिकारको अवस्थामा चुनौती, नेपाल मानव अधिकार वर्ष पुस्तकमा व्यवस्थित रूपमा अभिलेखिकरण र विषयवस्तुको विश्लेषणात्मक तथा विश्वसनीय स्रोतका रूपमा स्थापित दस्तावेज नेपाल मानव अधिकार वर्षपुस्तक रहेको छ ।

**सुशील प्याकुरेल**

राष्ट्रिय मानव अधिकार आयोगका पूर्व सदस्य एवम् इन्सेकका संस्थापक अध्यक्ष



नेपालमा संविधान र कानूनमा प्रतिबद्धता जनाइएको मानव अधिकार राज्यको कमजोर क्षमताका कारण नागरिकले प्राप्त गर्न नसकेको उल्लेख गर्दै मानिसको सोच ढुङ्गे युगिन प्रविधि अत्याधुनिक र कानुन मध्य युगिन भएकोले आम मानिसलाई के गर्न हुने के गर्न नहुने भन्ने सचेतनाको खाँचो रहेको छ ।

**डा. शम्भुराम सिम्खडा**

पूर्व राजदुत एवम् राजनीतिक विश्लेषक

## कार्टून




**साभार : अनलाइनखबर**

## प्रिय पाठक !

तपाईंलाई प्राचीको यो अङ्क कस्तो लाग्यो ?

प्राचीमा कस्ता सामग्री आऊन् भन्ने तपाईंको अपेक्षा छ ?

कृपया प्रतिक्रिया लेख्न नभुल्नु होला।

email : prachi@insec.org.np

**सम्पादक**

# मानव अधिकारको विहङ्गम दृष्टिकोण

बितेका साढे तीन दशकमा नेपालको मानव अधिकार अवस्था विभिन्न चरण र मोडबाट गुज्रिएको छ। कतिपय समय मानव अधिकारको गम्भीर सङ्कट देखा पर्‍यो भने कतिपय अवस्थामा संस्थागत सुधारका सङ्केत पनि देखिए। सशस्त्र द्वन्द्वको एक दशकमा मानव अधिकार उल्लङ्घनका गम्भीर घटना ठूलो सङ्ख्यामा अभिलेखित भए। द्वन्द्वपछिका वर्षहरूमा नागरिक तथा राजनीतिक अधिकारका क्षेत्रमा केही सुधार भए तापनि दण्डहीनता, जवाफदेहिताको अभाव र संरचनागत कमजोरीका कारण मानव अधिकारको अवस्था अपेक्षाअनुसार सुधार हुन सकेको छैन।

सन् २०२५ मा नागरिक तथा राजनीतिक अधिकारसँगै आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका क्षेत्रमा पनि उल्लङ्घनका घटना निरन्तर देखिए। गैरकानुनी गिरफ्तारी, हिरासतमा दुर्व्यवहार, थुनामा मृत्यु तथा अभिव्यक्ति स्वतन्त्रतामाथि लगाइएको अङ्कुशका घटनाहरू पनि हामीले देख्यौँ। यस्ता घटनाहरू मानव अधिकार संरक्षणका गम्भीर चुनौतीका रूपमा देखा परे। मानव अधिकार उल्लङ्घनका घटनामा प्रभावकारी छानबिन नहुनु, दोषीमाथि कारबाही नहुनु र कारबाही प्रकृया झण्झटिलो हुनुजस्ता कारणले पीडितले न्याय पाउन कठिनाइ भोग्नुपर्ने अवस्था आयो ।

नेपालका कारागारहरूमा रहेका कैदीबन्दीको अवस्था वर्ष सन् २०२५ मा पनि मानव अधिकारका दृष्टिले चिन्ताजनक रह्यो। क्षमताभन्दा बढी कैदीबन्दी राखिनु,स्वास्थ्य सेवा प्रभावकारी नहुनु, सरसफाइको कमी, पोषणयुक्त खानाको अभाव तथा कानुनी सहायतामा सीमित पहुँच नहुनुले बन्दीहरू आधारभूत मानव अधिकारबाट वञ्चित रहे। बालसुधार गृहमा अधिकांश बालबिज्याइँकर्ता १८ वर्षभन्दामाथिका हुनाले सुधार गृहमा बारम्बार झडपका घटना हुने गरेका छन्। १८ वर्षभन्दामाथि बालबिज्याइँकर्तालाई अन्य कारागारमा स्थानान्तरण गर्न हुने गरेको ढिलाइले सुरक्षा चुनौतीमात्रै थपिएको छैन यसले नेपालको न्याय प्रणालीका कमजोरी पनि उजागर गरेको छ।

महिला अधिकार संरक्षणका लागि कानुनी व्यवस्था भए तापनि व्यवहारमा महिलामाथि हुने हिंसा र विभेदका घटनामा कमी आउन सकेको छैन। घरेलु हिंसा, यौन हिंसा, मानव बेचबिखन, साइबर अपराधका घटनाहरू सन् २०२५ मा पनि व्यापक रूपमा अभिलेखित भए। पीडित महिलाले सामाजिक दबाब, डर र संस्थागत उदासीनताका कारण न्यायमा पहुँच पाउन कठिनाइ भोग्नुपरेका उदाहरण पनि छन्। राजनीतिक सहभागिता, निर्णय प्रक्रियामा पहुँच र आर्थिक स्रोतमा नियन्त्रणका क्षेत्रमा महिलाहरू अझै पछाडि छन्। महिला तथा बालबालिकाको अधिकार संरक्षणका

सन्दर्भमा राज्यका संयन्त्रहरूको प्रभावकारिता अभिवृद्धिको मार्गचित्र तयार गर्न अब ढिलाइ गर्नु हुँदैन।

संविधानले छुवाछुत तथा जातीय विभेदलाई दण्डनीय अपराध मानेको भए पनि व्यवहारमा यस्ता घटनाहरू पूर्ण रूपमा अन्त्य हुन सकेका छैनन्। सार्वजनिक स्थल र न्यायमा पहुँचका सवालमा कायम रहेको विभेदले समानताको आधारभूत सिद्धान्तलाई अनदेखा गरेको देखियो। कतिपय घटनाका पीडितमाथि उजुरी नगर्न दबाब सिर्जना गरिएको, मेलमिलाप गरिएको र घटना कथम्कदाचित अदालतसम्म पुगिहाले पनि एकदमै न्यून सजाय हुने गरेको पाइयो।

स्वच्छ र स्वस्थ्य वातावरणमा बाँच्न पाउने अधिकार हाम्रो संविधान र कानुनले सुनिश्चित गरेको छ। अव्यवस्थित शहरीकरण, चुरेक्षेत्रको वनविनाश, नदीजन्य पदार्थहरूको अत्यधिक दोहन तथा उद्योग कलकारखाना र पुराना गाडीले निकाल्ने धुवाँजस्ता कारणले वातावरणमा गम्भीर असर परिरहेको छ। चुरेक्षेत्रको विनाशका कारण मधेशमा पानीको स्रोत सुक्ने अवस्थामा पुगिसकेको छ। नेपालको अन्नभण्डार भनिने मधेशमा यस वर्ष पानीको हाहाकार भयो। स्थानीय सरकारहरूले ट्याङ्कर मार्फत खानेपानी वितरण गरे। यो क्रम विगत केही वर्षदेखि बढिरेहको छ। जलवायु परिवर्तनका कारण बाढीपहिरो, सुख्खा क्षेत्रको बढोत्तरीले सिर्जित खाद्यान्न सङ्कटले नागरिकको जीवन, जीविकोपार्जनमा प्रत्यक्ष असर पुऱ्यायो। प्राकृतिक विपत्को प्रतिकार्य संरचनाको अभाव र पीडितको राहत तथा पुर्नस्थापनाको सवाल यस वर्ष पनि दोहोरियो।

नागरिक तथा राजनीतिक अधिकारको परिदृष्यमा विगतका वर्षहरूमा केही संस्थागत सुधार देखिए तापनि आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको अवस्थाका सवालमा नेपालले अझै लामो यात्रा तय गर्न बाँकी छ। सार्वजनिक स्वास्थ्य सेवा पहुँच, गुणस्तर र समानताको प्रश्न यथावत् रहेको छ। दुर्गम तथा सीमान्तकृत समुदायमा आधारभूत स्वास्थ्य सेवाको पहुँच सीमित छ। महँगो उपचार खर्चका कारण विपन्न वर्ग तथा समुदाय गरिबीको दुष्चक्रमा पर्ने गरेको छ । स्वास्थ्य बीमाको कार्यान्वयन प्रभावकारी हुन नसक्दा आर्थिक हैसियत कमजोर भएको वर्ग स्वास्थ्य अधिकारबाट वञ्चित छ। सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरमा असमानता, आर्थिक अवस्थाका कारण विद्यालय छोड्ने बालबालिकाको समस्या तथा सीमान्तकृत समुदायका बालबालिकाको शिक्षामा पहुँच अझै कमजोर रहेको सार्वजनिक भयो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको संरक्षण बिना मानव अधिकारको समग्र प्रत्याभूति सम्भव हुँदैन ।

महिला, युवा, दलित, आदिवासी जनजाति, मधेशी, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक अल्पसङ्ख्यक तथा अन्य जोखिममा परेका समुदायको समान र अर्थपूर्ण सहभागिता सुनिश्चित हुन सके लोकतन्त्रले कल्पना गरेको सुन्दर समाजको निर्माणमा सहयोग पुग्छ ।

# समलक्ष्यमा ग्रहण




सन् १९९० मा बहुदलीय प्रजातन्त्र प्राप्त हुनासाथ आन्दोलनमा सहकार्य गरेका मानव अधिकारकर्मीसमक्ष केही चुनौतीरूपी प्रश्न खडा भए- प्रजातन्त्रलाई गतिशील कसरी बनाउने ? युगौंदेखि विभेदमा परेका, धोका दिइएका, अन्धविश्वास र त्रासले गर्दा आत्मगौरव गर्न नसक्ने परिस्थितिमा कष्टपूर्ण जीवन बाँच्न बाध्य गरिब नेपालीका लागि गर्न के सकिन्छ ? कसो गर्दा 'म राज्य हुँ' भन्न सक्ने नागरिकपन तयार हुन सक्छ ? सबै राजनीतिक दल र अन्तर्राष्ट्रिय जगतले स्वीकार गरेको कुन विश्वव्यापी व्यवहारले हामीलाई न्यायपूर्ण समाज निर्माण गर्ने दिशामा अग्रसर हुने बाटो देखाउला ? अनि यी प्रश्नको उत्तर प्राप्तिका लागि हामीले स्वीकार गरेका चार समलक्ष्य (कमन भिजन) थिए- सामाजिक न्यायको सिद्धान्त, लोकतान्त्रिक प्रक्रिया, मानव अधिकारको नीति र कानुनी शासनको अनुशासन।

'सूचना नै शक्ति हो' भन्ने मान्यताको जगमा सत्य सूचनाका लागि जनतासँग सूचनाको सामेलीकरणको विश्वव्यापी लहर चलेको बेला थियो त्यो। त्यसैले हामीले थलोमै गएर मानव अधिकारसँग सम्बन्धित सूचना बटुल्ने र त्यसरी बटुल्ने क्रममा जनतासँग एकाकार हुने अनि सत्य र न्यायबारे उनीहरूसँग सहकार्य गर्ने जमर्को गर्‍यौँ। सूचना सङ्ग्रह गर्नेमात्र हैन, त्यसको अनुगमन पनि गर्ने, न्यायका लागि प्रयत्न पनि गर्ने र यी सबै यथार्थ सार्वजनिकसमेत गर्ने कामले हामीलाई जनताको प्यारो बनायो। सन् १९९२ मा हामीले नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन आरम्भ गर्‍यौँ। लगत्तै मानव अधिकारको स्थिति सूचक त्रैमासिकरूपमा

प्रकाशन थाल्यौँ। यी प्रकाशनप्रति न्यायकर्मी सर्वसाधारणले प्रदर्शन गरेका स्नेहले हामीलाई झनै हौस्यायो। परिणाम- सन् १९९३ देखि मानव अधिकार शिक्षा रेडियो कार्यक्रम सञ्चालन गर्‍यौँ। झन् सन् २००३ देखि त पलपलको ताजा खबरसमेत पस्कने उद्देश्यसहित इन्सेकअनलाइन सर्वव्यापी बनायौँ। यी सबै सूचनाका मुहान यस्ता सामग्री सावित भए जुन देश/विदेशका जिज्ञासुका लागि नेपाली मानव अधिकार नियाल्ने झ्यालमा परिणत हुन सके। आज तिनैमध्येको माउ मुहान '**नेपाल मानव अधिकार वर्ष पुस्तक**' रजत संस्करणका रूपमा यहाँहरूका हातमा छ। भलै योसहित यसका पूर्वजले मानव अधिकारको सुखद् खबर भने संप्रेषण गर्ने अवसर पाउन सकेनन्।

पुनर्स्थापित भनिएको प्रजातन्त्रले पाँच वर्ष पनि काम गर्न पाएन। सन् १९९१ मा स्थापित प्रजातन्त्रउपर सन् १९९६ मै हिंसात्मक प्रहार सुरु भयो। माओवादी र राज्यबीच भएको सशस्त्र विद्रोहमा दुवै पक्षबाट शङ्काको भरमा मानिस मारिए, अङ्गभङ्ग र बेपत्ता बनाइए। सर्वसाधारणलाई बाध्यतावश थातथलो छोड्नुपर्ने अवस्था आइलाग्यो। त्यो विभत्स अवस्थाबाट नेपाली समाज, गाउँघर र शहर गुज्रिरहँदा हामीले चार वर्ष जनतासँगै बिताइसकेका थियौँ। यसबीच हाम्रो निश्पक्षता स्थापित भइसकेको थियो। सञ्चारमाध्यमका लागि हामी सूचनाको भरपर्दो स्रोत बनिसकेका थियौँ। पत्रकारिता बजारमा हाम्रो 'कोट' विश्वसनीयताको पर्याय बन्न सकेको थियो। हामीप्रति जनताको अगाध विश्वासको यही तागतका कारण धेरैको ज्यान जोगाउन सफल भयौँ। स्वदेशमा मात्र हैन, संयुक्त राष्ट्रसङ्घमा समेत हाम्रा अभिलेख सरकारी प्रतिवेदनको समानान्तर मान्यतामा पर्न सफल भए। अन्तर्राष्ट्रिय जगतका लागि समेत हामी स्वतन्त्र सूचना र दृष्टिकोणको भरपर्दो माध्यम बन्यौँ। धन्यवाद छ आमअधिकारकर्मी साथीहरूलाई, अहिले हामी यिनै सूचनाको प्रारम्भिक जानकार मित्रका रूपमा उनीहरूसँग विभिन्न मानव अधिकार महासन्धि र विश्वव्यापी आवधिक प्रतिवेदन तयार गर्ने सञ्जालमा आबद्ध छौँ। र, त्यसको सचिवालयको जिम्मेवारी पनि सम्हालिरहेका छौँ।

सन् २००६ मा शान्ति प्रक्रिया सुरु हुनेबित्तिकै हामी फेरि पीडितका घर-घर पुग्यौँ। हाम्रा अभिलेख अद्यावधिक गर्‍यौँ। सङ्क्रमणकालीन निकाय गठन भएपछि पीडितलाई आवश्यक अभिलेख बुझायौँ। त्यसअघि विभिन्न शान्ति समितिका लागि आवश्यक सूचना पनि हामीले नै पुर्‍यायौँ। अदालतमा समेत नेपाल मानव अधिकार वर्ष पुस्तकका अभिलेखहरू प्रमाणका रूपमा प्रस्तुत भए। जनआन्दोलनलगत्तै गठित रायमाझी आयोगमा पनि हामीले भरपर्दा सूचना, तथ्य र तथ्याङ्क पुर्‍यायौँ। सन् २००५ मा अन्तर्राष्ट्रिय कानुनको मान्यता बर्खिलाफ हुने गरी राजा ज्ञानेन्द्रले सत्ता हत्याएको कुरालाई विश्वभर प्रचारप्रसार गर्‍यौँ। आन्दोलनकारीको सुरक्षाका लागि अन्य अधिकारकर्मी सँगसँगै अघिल्लो पङ्क्तिमा रहेर पहरेदारी गर्‍यौँ। नेपालमा मानव अधिकार उच्चायुक्तको कार्यालय उपस्थितिका लागि तत्कालीन पार्टी प्रमुखहरू गिरिजाप्रसाद कोइराला (नेपाली कङ्ग्रेस), झलनाथ खनाल (नेकपा एमाले) र शेरबहादुर देउवा (नेपाली कङ्ग्रेस, प्रजातान्त्रिक) को संयुक्त हस्ताक्षरयुक्त अपिल

संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्तसमक्ष पुऱ्यायौँ। उच्चायुक्त कार्यालयको उपस्थितिपछि जनआन्दोलनले उचाइ लिएको त भनिरहनै परेन।

संविधान सभाका लागि दोस्रो पटक भएको चुनावताका हामीले 'स्वच्छ निर्वाचनका लागि नागरिक अभियान' चलायौँ। स्कुले विद्यार्थीदेखि स्थानीय समाज, सुरक्षा निकाय र स्थानीय सरकारसँग हाम्रो गर्विलो सहकार्य छ। तर चिन्ताको कुरा, माथि उल्लिखित चार समलक्ष्यको बाटोमा यतिबेला फेरि ग्रहण लागेको छ। संविधान सभाले संविधान त जारी गऱ्यो तर सबै पक्ष खुशी हुन सकेनन्। यो स्वाभाविक पनि हो। शतप्रतिशतको समर्थन भएको भए शायद निरङ्कुशता ठहरिने थियो। बेखुशहरूले लोकतान्त्रिक प्रक्रियाले बेखुशीको सन्देश जनतासमक्ष लैजानेछन् अनि निरन्तर प्रगतिशील र परिवर्तनशील जनमतअनुरूप संविधान परिमार्जन गर्नेछन् भन्ने विश्वासमा आघात पुगेको छ। संविधानको प्रस्तावनामा गम्भीर मतभेद छैन। संविधान कार्यान्वयनका लागि अत्यावश्यक १ सय ३९ कानुन बनेकै छैनन्। मौलिक अधिकारका ३१ वटा धारा र प्रस्तावनामा उल्लिखित 'समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्न' आवश्यक पर्ने जनचेतना र नागरिकको क्षमता विकासका प्रगतिशील कार्यक्रम, संरचना र स्रोत विनियोजन हुनै बाँकी छ।

चाख्दै नचाखी संविधानको स्वाद प्रक्षेपण गर्ने प्रतिस्पर्धा जारी छ। तीतो र गुलियोको यो लडाइँको चेपुवामा भने कार्यान्वयन परेको छ। संवैधानिक अदालतमा परीक्षणबिनै संविधानको पक्ष/विपक्षमा जनमत ध्रुवीकरण भइरहेको छ। संविधानको विरोधमा भएको हिंसात्मक आन्दोलनका दौरान ५३ जनाको ज्यान गयो। जीवन र मर्यादाउपर हमला हुँदा मानिसले अरु कुरा बिर्सन्छ र आक्रोशले व्यवहार कब्जा गर्छ। वास्तवमा संविधानको मर्म जनतासम्म पुग्नै पाएको छैन। स्थानीय सरकारलाई नागरिकता, भूमि प्रशासन, कृषि, शिक्षा, स्वास्थ्यलगायत आधारभूत मामिलामा अग्राधिकार दिइएको कुरा जनताले पत्तै पाएका छैनन्। कानुनसमेत जारी गर्न पाउने, ४० प्रतिशत महिला र दलितलगायत अन्य अल्पसङ्ख्यकको नेतृत्व सुनिश्चित गर्ने व्यवस्था राजनीतिक पार्टीहरूको द्वन्द्वबीच अलपत्र परेको छ। लाग्छ, हाम्रा नेताहरू चुनावले नेतृत्व नवीकरण गर्छ भन्ने नबुझेर अथवा चुनावले नयाँ र तन्नेरी नेतृत्वका लागि मार्ग प्रशस्त गर्छ भन्ने बुझेर चुनावसँग तर्सिएका छन्। एक पङ्क्तिलाई लाग्छ कि सदासर्वदा उनीहरूकै नेतृत्व रहिरहनेछ। स्थानीय सरकार र जनता/कार्यकर्ता सदासर्वदा उनीहरूकै आदेशमा चलिरहनेछन् र उनीहरूले जे पुगेन भन्लान्, नपुगेको कुरा त्यतिमात्र हो। त्यसैले व्यवहारद्वारा परीक्षण गर्ने कुरा वाहियात हो। कानुनद्वारा गर्न सकिने समाधानतर्फ उनीहरूको पटक्कै ध्यान गएको छैन। नागरिक कार्यक्रम र सामाजिक अभियानप्रति यो देशका नेता र कर्मचारीतन्त्रको दृष्टिकोण आमरूपमा अनुकूल छैन। उनीहरू हरेक समस्याको समाधान सरकारी ओहोदाका कर्मचारीतन्त्रको साथ लिएर हुन्छ भन्ने मृगतृष्णामा रमाइरहेका छन्। विकासको रथ चेतनाले डोहोऱ्याउँछ भन्ने कुरामा नेतृत्व वर्गलाई रत्तिभर विश्वास छैन।

मानव अधिकारकर्मीका समलक्ष्य यस्तै चक्रब्यूहमा फस्न पुगेका छन् यतिबेला। अनि मानव अधिकार वर्ष पुस्तक पनि यही

परिस्थितिको दर्पणका रूपमा देखापर्नु अस्वाभाविक हैन। रजत संस्करण भएकाले यस पटकको मानव अधिकार वर्ष पुस्तकले २५ वर्षको चित्र उत्खनन् गरेर सरोकारवालालाई बर्बादीको डिलमा नपुग्न खबरदारी गरेको छ। यसो गर्नु किन पनि जरुरी ठानियो भने मानव अधिकार वर्ष पुस्तक चेतना र सङ्कल्पको परिणाम हो। यसर्थ मानव अधिकार वर्ष पुस्तक मानव अधिकार र सामाजिक न्यायको अनवरत अभियान हो। यो अभियानमा संलग्न भएर योगदान गर्नुहुने, सदाशय राख्नुहुने र स्रोतमा सहयोग गर्नुहुने दातासमेत सबैलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु।

मानव अधिकार प्राप्ति र विकासको यो यात्रा अविरल जारी छ। विश्वमा कतै पनि गैरसरकारी क्षेत्रबाट यस्तो विहङ्गम, प्राथमिक मानव अधिकारको दस्तावेज लगातार २५ वर्षदेखि हरेक वर्ष तोकिएकै दिन प्रकाशन भएको इतिहास र वर्तमान दुवै छैन। हाम्रा सबै साझेदार, कर्मचारी र दातासमक्ष यो रजत संस्करण प्रस्तुत गरिरहँदा एउटा अपिल गर्नु जायज होला- हामी सबैले गर्व गरौँ किनकि हामी नेपाल मानव अधिकार वर्ष पुस्तकका सहोदर साझेदार हौँ।

*(साभार : नेपाल मानव अधिकार वर्ष पुस्तक २०१७, पच्चीसौँ संस्करणको भूमिकाबाट)*


**मुलुकको मानवअधिकार स्थितिबारे वास्तविक जानकारी लिन इन्सेकद्वारा प्रकाशित**


- मानवअधिकार वर्षपुस्तक (नेपाली र अङ्ग्रेजी)
- मानवअधिकार सङ्गालो
- मानवअधिकारको ऐतिहासिक अवधारणा
- मानवअधिकार–प्रहरी–कानुन
- मानवअधिकार घोषणापत्र (सचित्र)
- नेपालमा जातीय छुवाछूत
- राजनीतिक महिला परिचय
- प्राची द्वैमासिक
- मानवअधिकार स्थितिसूचक (त्रैमासिक)
- अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान
- मानवअधिकार : ठूला नौ महासन्धि
- इन्सेकको दुई दशक
- उनीहरू कहाँ छन् ? (अङ्ग्रेजी, नेपाली)

**लगायत् अन्य सामयिक प्रकाशनहरू खोजी-खोजी पढौं।**

# मानव अधिकार र जवाफदेहिताको सवाल


**पृष्ठभूमि**

नवयुवा पुस्ताले ०८२ भदौ २३ गते काठमाडौँ लगायत देशका विभिन्न ठाउँमा गरेको प्रदर्शनमा प्रहरीले गरेको अत्यधिक बल प्रयोग नेपालको संविधान, कानुन तथा मानवीय कानुनको दृष्टिले गम्भीर मानव अधिकार उल्लङ्घनको घटना हो। सो दिन प्रहरीको गोली लागेर काठमाडौँमा १७ जना र सुनसरीमा दुईजनाको मृत्यु भयो। सयौँ घाइते भए। माइतीघरमा भेला भई बानेश्वरतर्फ अगाडि बढेका प्रदर्शनकारीलाई रोक्न प्रहरीले पर्याप्त सुरक्षा सावधानी नअपनाउँदा उनीहरू संसद भवन वरपर पुगेका थिए। सो क्रममा प्रहरीले बिना चेतावनी अत्यधिक बल प्रयोग गर्दा धेरैको हताहती भयो। प्रदर्शन वा भिड नियन्त्रणमा प्रहरीले अत्यधिक बल प्रयोग गर्ने गरेको भन्दै विगत लामो समयदेखि इन्सेकले चासो र चिन्ता व्यक्त गर्दै आएको थियो। प्रदर्शन नियन्त्रणका नाममा भएको अत्यधिक बल प्रयोगको घटना मानव अधिकारको राष्ट्रिय मापदण्ड तथा सिद्धान्तअनुसार थियो कि थिएन भन्ने प्रश्न गम्भीर रूपमा खडा भयो।



विजयराज गौतम

**तालिका १.१** सन् २०२५ मा प्रदेशगत आधारमा हत्या भएका व्यक्तिहरूको सङ्ख्या




(स्रोत : इन्सेक, २०२५)

शान्तिपूर्ण प्रदर्शनका लागि जिल्ला प्रशासन कार्यालय, काठमाडौँबाट अनुमति लिएका केही युवा समूहको आह्वानमा भदौ २३ गते माइतीघरमा हजारौँ युवा जम्मा भएका थिए। बेरोजगारी, वैदेशिक रोजगारीमा निर्भरता, शिक्षित युवा अवसरबाट वञ्चित हुनु, बढ्दो महँगी र राजनीतिक अस्थिरताले युवापुस्तामा गहिरो असन्तुष्टि सिर्जना गरेको थियो। भ्रष्टाचार नियन्त्रण तथा सुशासनको सवालमा राजनीतिक नेतृत्वको उदासीनता, जनता र सरकारबीचको बढ्दो दूरी, नेतृत्वले गरेको परिवारवादको संरक्षण, गरीब र धनीबीचको असमानताजस्ता विषय विगत केही समयदेखि सामाजिक सञ्जालमार्फत प्रकट हुँदै आएका थिए। यही समयमा सरकारले सामाजिक सञ्जालमा प्रतिबन्ध लगाउने निर्णय गरेको थियो। सामाजिक सञ्जाल बन्द हुनुलाई युवापुस्ताको दैनिक जीवन, सञ्चार, रोजगारी र अभिव्यक्ति स्वतन्त्रता हननका रूपमा हेरियो। यो निर्णयलाई धेरैले अभिव्यक्ति स्वतन्त्रता र डिजिटल अधिकारमाथिको सरकारी कुदृष्टिका रूपमा लिएका थिए। असन्तुष्टि प्रकट गर्ने थलोका रूपमा सामाजिक सञ्जाल प्रयोग गर्दै आएको युवा पुस्ताको आक्रोश सामाजिक

**तालिका १.२** **सन् २०२५ मा जिल्लागत आधारमा परिवारबाट हत्या गरिएका महिलाको सङ्ख्या**

| जिल्ला | सङ्ख्या |
|---|---|
| अर्घाखाँची | १ |
| बैतडी | १ |
| बारा | १ |
| भक्तपुर | १ |
| भोजपुर | ३ |
| चितवन | ३ |
| डडेल्धुरा | २ |
| दैलेख | २ |
| दाङ | ३ |
| धादिङ | १ |
| धनुषा | ६ |
| इलाम | २ |
| झापा | २ |
| काभ्रे | १ |
| कैलाली | १ |
| कालिकोट | १ |
| कञ्चनपुर | २ |
| कास्की | २ |
| काठमाडौँ | ४ |
| ललितपुर | २ |
| महोत्तरी | ३ |
| मकवानपुर | ३ |
| मोरङ | ३ |
| म्याग्दी | १ |
| नवलपरासी पूर्व | ३ |
| नवलपराशी पश्चिम | ३ |
| नुवाकोट | २ |
| ओखलढुङ्गा | २ |
| पाँचथर | ३ |
| पर्वत | १ |
| पर्सा | १ |
| प्यूठान | १ |
| रामेछाप | २ |
| रौतहट | ६ |
| रोल्पा | २ |
| रुकुम पश्चिम | १ |
| रुपन्देही | ३ |
| सप्तरी | ३ |
| सर्लाही | १ |
| सिन्धुली | ३ |
| सिरहा | १ |
| सुनसरी | ७ |
| सुर्खेत | ४ |
| तनहुँ | १ |
| ताप्लेजुङ | १ |
| तेह्रथुम | १ |
| **जम्मा** | **१०३** |

(स्रोत : इन्सेक, २०२५)

सञ्जालमार्फत सङ्गठित हुँदै सडक आन्दोलनको स्वरूपमा देखा पर्‍यो।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले भदौ १९ गते नेपालमा दर्ता सूचीकरण नभएका फेसबुकसहितका २६ सामाजिक सञ्जाल बन्द गर्ने निर्णय गरेको थियो। मन्त्रिपरिषद्को २०८२ भदौ ९ गतेको बैठकले नेपालमा सञ्चालन भइरहेका सामाजिक सञ्जाललाई एक साताभित्र सूचीकरण हुन निर्देशन दिएको थियो। नेपाल सरकारले २०८२ वैशाखमा एक सूचना प्रकाशन गरी दर्ताका लागि आह्वान गरेको भए पनि सामाजिक सञ्जाल दर्ता प्रकृयामा आएनन्। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले भदौ १२ गते सूचना जारी गर्दै फेसबुक, युट्युब, इन्स्टाग्राम, ट्वीटर (एक्स), लिंक्डइनलगायतलाई दर्ता हुन आह्वान गरेको थियो।

राष्ट्रिय मानव अधिकार आयोगले भदौ २० गते एक विज्ञप्ति प्रकाशन गरी सामाजिक सञ्जाल बन्द गर्ने भनी सरकारले गरेको निर्णयमा पुनर्विचार गर्न आग्रह गर्‍यो। आयोगले जारी गरेको विज्ञप्तिमा सामाजिक सञ्जाल बन्द गर्ने निर्णयले लोकतान्त्रिक शासन व्यवस्थाको मर्म, संविधानले प्रत्याभूत गरेका मौलिक अधिकार र अन्तर्राष्ट्रिय कानुनी दायित्वहरूमाथि प्रतिकूल असर पार्ने उल्लेख थियो।

इन्सेकले भदौ २३ गते एक विज्ञप्ति प्रकाशन गरी भ्रष्टाचार, अव्यवस्था र सामाजिक सञ्जाल बन्द गर्ने सरकारको निर्णयविरुद्ध जेनजीले ०८२ भदौ २३ गते काठमाडौँमा गरेको प्रदर्शनका क्रममा प्रहरीले अत्यधिक बल प्रयोग गरेको घटनाको निन्दा गरेको थियो। विज्ञप्तिमा पूर्व घोषित कार्यक्रम अनुसार माइतीघरमा भेला भई बानेश्वर क्षेत्रमा प्रदर्शन गर्न पुगेका प्रदर्शनकारीमाथि प्रदर्शन नियन्त्रण गर्ने अनेकौँ तरिका अवलम्बन नगरी अत्यधिक बल प्रयोग गरिँदा भएको हताहतिले मानव

**मञ्जुषा १.१**

**सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने सम्बन्धमा**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सूचना**
**मितिः २०८२।०५।१९**

सम्मानित सर्वोच्च अदालतको वृहत पूर्ण इजलासले अदालतको अवहेलनासम्बन्धी मुद्दा (मुद्दा नं. ०८०-CF-००१२) मा स्वदेशी वा विदेशी उत्पतिका अनलाइन तथा सामाजिक सञ्जाल प्लेटफर्महरूलाई सञ्चालन पूर्व अनिवार्य रूपमा सम्बन्धित साधिकार निकायबाट सूचीकरण गरी अनिच्छित सामाग्रीहरुको मूल्याङ्कन र अनुगमन गर्न नेपाल सरकारको नाममा निर्देशनात्मक आदेश दिएको छ । उक्त आदेश परिपालनाका लागि मिति २०८२।०५।०९ मा नेपाल सरकार (मन्त्रिपरिषद्) बाट भएको निर्णयानुसार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले 'सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८०' बमोजिम सात(७) दिनको म्याद दिई सामाजिक सञ्जाल प्लेटफर्महरुलाई सूचीकरण गर्नका लागि मिति २०८२।०५।१२ मा सार्वजनिक सूचना प्रकाशन गरिएकोमा तोकिएको समय सिमा भित्र सूचीकरणका लागि मन्त्रालयमा सम्पर्क गर्न नआएका सामाजिक सञ्जाल प्लेटफर्महरूलाई नेपालभित्र निष्क्रिय गराउन र सूचीकरण गरेमा सोही क्षणदेखि पुनः सक्रिय गराउन नेपाल दूरसञ्चार प्राधिकरणलाई निर्देशन दिइएको व्यहोरा सबै सरोकारवालालाई जानकारी गराइन्छ।

(स्रोत : सञ्चार तथा सूचिना प्रविधि मन्त्रालयको वेवसाइट, २०२५)

**तालिका १.३ दाइजोका कारण महिलामाथि भएको हिंसा**

| जिल्ला | जम्मा |
|---|---|
| दाङ | २ |
| दार्चुला | १ |
| धनुषा | १२९ |
| कैलाली | २ |
| सर्लाही | ९ |
| सिरहा | १ |
| **जम्मा** | **१४४** |

(स्रोत : इन्सेक, २०२५)

अधिकार, लोकतान्त्रिक मूल्य र मान्यताको खिल्ली उडाएको र घटनाको न्यायिक छानविन गरी दोषीलाई कारबाहीको दायरामा ल्याउन, घाइतेहरूको शीघ्र तथा नि:शुल्क उपचारको व्यवस्था मिलाउन र आक्रोशित युवाहरूलाई सहमतिमा ल्याई शान्ति र अमनचयन कायम गर्न नेपाल सरकारसँग माग गरेको थियो।

### अत्यधिक बल प्रयोग

भदौ २३ गतेको प्रदर्शनका क्रममा अत्यधिक बल प्रयोग भयो। प्रदर्शनकारीमाथि छाती, टाउको र घाँटीभन्दा माथि गोली प्रहार भएको पाइयो। अत्यधिक बल प्रयोग मानव अधिकारको उल्लङ्घन हो। शान्तिपूर्ण प्रदर्शन रोक्न चेतावनी दिएर हटाउन नसकेपछि मात्र सीमित बल प्रयोग गर्नुपर्ने मान्यता छ। शान्त उपाय विफल भएपछि मात्रै बल प्रयोग गरिनुपर्ने हो, तर यो अभ्यास नेपालमा विरलै हुने गरेको छ। नेपालमा प्रदर्शन र भीड नियन्त्रणको प्राथमिक कानुनी आधार स्थानीय प्रशासन ऐन २०२८ हो । आवश्यक परेमा लाठीचार्ज, अश्रुग्यास, पानीको फोहोराजस्ता गैर घातक उपायहरू प्रयोग गर्न सकिने ऐनमा उल्लेख छ।

शान्ति कायम नभएको अवस्थामा मात्र हतियार प्रयोग गर्न पाइने र गर्नु अघि स्पष्ट चेतावनी दिनुपर्छ। गोली प्रहार गर्दा साधारणतया घुँडामुनी प्रहार गर्नुपर्छ। नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धिले अत्यावश्यक अवस्थामा मात्र बल प्रयोग गर्नुपर्ने, सामान्य प्रदर्शनमा बल प्रयोग गर्न नपाइने उल्लेख गरेको छ। तर, भदौ २३ गतेको प्रदर्शनमा माथि उल्लिलखित कुनै पनि विषयमा सुरक्षाकर्मीले ध्यान दिएको देखिएन।

नेपालको संविधानको धारा १६ ले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गरेको छ। नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धिले पनि जीवनको अधिकारलाई मौलिक मानव


**तालिका १.४ सन् २०२५ मा मानव अधिकार रक्षकको अवस्था**

| घटनाको प्रकार | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| गिरफ्तार | १ | ६ | ७ | | | | ७ |
| कुटपिट | ३ | ११ | १४ | ४ | २८ | ३२ | ४६ |
| अमानवीय व्यवहार | | | | | २ | २ | २ |
| घाइते | ९ | २२ | ३१ | | १७ | १७ | ४८ |
| हत्या | | | | २ | ३ | ५ | ५ |
| जातीय विभेद | | | | २ | | २ | २ |
| महिला अधिकार | | | | ६० | | | ६० |
| धम्की | | ७ | ७ | २ | १३ | १५ | २२ |
| जम्मा | १३ | ४६ | ५९ | ७० | ६३ | १३३ | १९२ |

(स्रोत : इन्सेक, २०२५)

अधिकारका रूपमा स्वीकार गरेको छ। जीवनको अधिकार मानव अधिकारको सबैभन्दा आधारभूत मान्यता हो। संयुक्त राष्ट्रसङ्घको मानव अधिकारसम्बन्धी घोषणापत्र र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धिले जीवनको अधिकारलाई अविच्छिन्न अधिकारका रूपमा स्वीकार गरेको छ। तर, आन्दोलनका क्रममा भएका मृत्युका घटनाले यो अधिकार गम्भीर रूपमा उल्लङ्घन भएको पुष्टि गर्छ।

**मञ्जुषा १.२**



राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)

प्रेस विज्ञप्ति

२० भदौ, २०८२

सामाजिक सञ्जाल बन्द गर्ने निर्णयमा पुनर्विचार गर

नियमन र व्यवस्थापनका लागि वैकल्पिक उपाय अवलम्बन गर

नेपाल सरकारले सामाजिक सञ्जालहरूलाई बन्द गर्ने भनी गरेको निर्णयप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ। सामाजिक सञ्जाल बन्द गर्ने निर्णयले सामाजिक सञ्जालका प्रयोगकर्ताहरूमा असर पार्ने मात्र नभई लोकतान्त्रिक शासन व्यवस्थाको मर्म र मानव अधिकारको मूल्यमान्यता विपरीत समेत हुन जान्छ।

कुनै पनि सेवाप्रदायकलाई सेवा सञ्चालन गर्नुपूर्व नै कानूनी रूपमा दर्ता गराउने, सूचीकृत गर्ने वा नियमन गर्ने गराउने कर्तव्य, दायित्व र अधिकार सरकारको रहन्छ। तर नियमन र व्यवस्थित गर्ने नाममा लामो समयदेखि सञ्चालनमा रहेका र आमनेपालीको अभिव्यक्ति र सञ्चारको जीवनशैली बनिसकेको सामाजिक सञ्जालहरू बन्द गर्ने निर्णयबाट आमउपभोक्तामा असर पर्न गएको देखिएको छ। यस प्रकारको कार्यले नेपालको संविधानले व्यवस्था गरेको अभिव्यक्ति स्वतन्त्रताको हक (धारा १७) सञ्चारको हक (धारा १९), सूचनाको हक (धारा २७) जस्ता मौलिक हकहरूको सङ्कुचन हुनुका साथै मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १९ र नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा १९ मा उल्लेख गरिएको अभिव्यक्ति स्वतन्त्रताको अधिकारको प्रतिकूल समेत हुन जाने स्पष्ट छ।

अतः आमनागरिकको जीवनको अभिन्न अङ्ग बनिसकेको सामाजिक सञ्जाल बन्द गर्दा आमनागरिकमा पर्न सक्ने प्रभावको आंकलन गर्दै सामाजिक सञ्जाल बन्द गर्न भनी सरकारले गरेको निर्णयमाथि पुनर्विचार गर्न तथा सामाजिक सञ्जालहरू नियमन र व्यवस्थापनका लागि वैकल्पिक उपाय अवलम्बन गरी नेपालको संविधान तथा अन्तर्राष्ट्रिय कानूनमा व्यवस्था भएका अधिकारहरूको उपभोगको सुनिश्चितता गर्न आयोग नेपाल सरकारलाई निर्देशन गर्दछ।

डा. टीकाराम पोखरेल
सहसचिव/प्रवक्ता


(स्रोत : राष्ट्रिय मानव अधिकार आयोग वेवसाइट, २०२५)

प्रदर्शनका क्रममा भएका घटनाले जीवनको अधिकारको गम्भीर उल्लङ्घन भयो। दोषीको पहिचान गरी कानुनी कारबाहीको दायरामा ल्याइएन भने दण्डहीनताको संस्कृतिलाई थप बल पुऱ्याउने कारक बन्न सक्छ। दुई दिनको प्रदर्शनका क्रममा ७७ जनाको मृत्यु भएको इन्सेकले अभिलेख गऱ्यो। मृत्यु भएकामध्ये सात जनाको हालसम्म सनाखत हुन सकेको छैन। शान्तिपूर्ण भनिएको प्रदर्शन कसरी हिंसात्मक हुन पुग्यो ? यो विषयको निक्यौंल गर्न सकिएन र घटनाका दोषीलाई कानुनको दायरामा ल्याइएन भने विगतदेखि कायम रहेको दण्डहीनतालाई अझ मलजल पुग्नेमा दुइमत छैन।

## भदौ २४: जवाफदेहिताको प्रश्न

भदौ २३ गते प्रहरीद्वारा गरिएको अत्यधिक बल प्रयोगका कारण भएको मानवीय क्षतिको विरोधमा भदौ २४ गते काठमाडौँ उपत्यका लगायत देशका धेरै स्थानमा प्रदर्शनहरू भए। सो प्रदर्शन शान्तिपूर्ण भएन, विध्वंशमा परिणत भयो। अघिल्लो दिन सुरक्षाकर्मीबाट भएको अत्यधिक बल प्रयोग र विरोधमा भदौ २४ गते गरिएको प्रदर्शन र सो क्रममा भएको क्षतिलाई तुलना गर्न मिल्दैन। तर, देशको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबार, सर्वोच्च अदालत, अदालतहरू, सरकारी कार्यालयहरू, प्रहरी कार्यालय, औद्योगिक तथा व्यापारिक संरचना, पार्टी कार्यालयहरू, निजी निवास

**मञ्जुषा १.३**


सम्माननीय राष्ट्रपतिज्यू,

सम्वत् २०८१ साल असार ३१ गते नेपालको संविधानको धारा ७६ (२) बमोजिम प्रधानमन्त्री नियुक्त भएकोमा हाल मुलुकमा उत्पन्न असमान्य परिस्थितिलाई ध्यानमा राख्दै संविधान सम्मत राजनीतिक निकासका र समस्या समाधनको थप पहलको लागि संविधानको धारा ७७ (१) क बमोजिम आजैका मितिदेखि लागु हुनेगरी प्रधानमन्त्री पदबाट राजीनामा दिएको छु।

केपी शर्मा ओली
प्रधानमन्त्री

मिति: २०८२।०५।२४

(स्रोत : इन्सेक अनलाइन, २०२५)

तथा सम्पत्तिमा भएको आगजनी तथा विध्वंशमा देशको प्रमुख सुरक्षा निकायको भूमिकामाथि पनि उत्तिकै प्रश्नहरू तेर्सिए। भदौ २४ गतेको प्रदर्शन केवल सडक प्रदर्शनमा मात्र सीमित रहेन। यो प्रदर्शन राज्यका तीनै ओटा अङ्ग (कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका) का भौतिक संरचनाहरूमाथि लक्षित देखिन्थ्यो। प्रदर्शनका क्रममा सर्वोच्च अदालत, सङ्घीय संसद भवन र देशको मुख्य प्रशासनिक केन्द्र, सिंहदरबारमा सैयौँको भिडले आगजनी गऱ्यो। आगजनीका कारण संसद र सिंहदबारका महत्त्वपूर्ण दस्तावेज जलेर नष्ट भए। भदौ २४ गते देशमा भएको घटनाका क्रममा राज्यको प्रभावकारी उपस्थिति देखिएन। असोज ३१ गते नेपाली सेनाले गरेको पत्रकार सम्मेलनमा सिंहदरबार किन जोगाइएन भन्ने प्रश्नको उत्तर दिँदै युद्धकार्य निर्देशनालयका प्रमुख तथा सहायक रथी मनोज थापाले अत्यन्त संयमता अपनाइ घातक शक्तिभन्दा कमका उपायहरू 'लेस देन लिथल' (कम घातक) उपाय अपनाएको, ४६ राउन्ड हवाइफायर र दुई दुई पटक मेन गेटबाट छिरेको उत्तेजित भीडलाई धकेलेर, सम्झाएर फर्काइएको, पछि ठूलो सङ्ख्यामा चारै दिशाबाट अत्यन्तै आक्रोशित भएर छिरेपछि ठूलो मानवीय क्षतिबाट बाहेक नरोकिने कुरा प्रस्ट देखिन्थ्यो। त्यसकारण समग्र घटनामा शान्ति सुरक्षा कायम गर्ने उद्देश्यका साथ नेपाली सेनाले आवश्यकता अनुसार पहलता लिएको र मानवीय सुरक्षा भौतिक सुरक्षाभन्दा महत्त्वपूर्ण रहेको बुझाइ नेपाली सेनाको रहेको बताए।

प्रदर्शनकारीको मुख्य निशानामा नेपाली

**तालिका १.५ सन् २०२५ मा बाल अधिकार उल्लङ्घन तथा ज्यादतीबाट पीडित भएकाहरूको सङ्ख्या**

| घटनाको प्रकार | अन्यपक्षबाट | | | कुल जम्मा |
|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | |
| बेचबिखन तथा ओसारपसार | ३९ | २ | ४१ | ४१ |
| विद्यालयमा दिइने दण्ड सजाय | ५ | १५ | २० | २० |
| बलात्कार | ६९६ | | ६९६ | ६९६ |
| सामूहिक बलात्कार | ४० | | ४० | ४० |
| हाडनाता करणी | ५० | | ५० | ५० |
| बलात्कारपछि हत्या | ३ | | ३ | ३ |
| यौन दुर्व्यवहार | २५८ | ५ | २६३ | २६३ |
| साइबर अपराध | २३८ | | २३८ | २३८ |
| जम्मा | १३२८ | २२ | १३४९ | १३४९ |

(स्रोत : इन्सेक, २०२५)

कांग्रेस, नेकपा एमाले र माओवादी केन्द्रको पार्टी कार्यालयहरू, अदालतहरू, कारागारहरू भएका थिए। प्रधानमन्त्री केपी शर्मा ओली, शेरबहादुर देउवा र पुष्पकमल दाहालसहित प्रमुख दलका शीर्ष नेताहरूका निजी निवासमा भिडले आगजनी गऱ्यो। ठूला राजनीतिक दलका कैयौँ नेताका घरहरू तोडफोड तथा आगजनी भयो। राष्ट्रपति कार्यालय शितल निवासमा आगजनी भयो। प्रदर्शनकारीको निशानामा नेपाल प्रहरी पऱ्यो। प्रदर्शनकारीले गरेको घातक

**मञ्जुषा १.४**

राष्ट्रपतिको कार्यालय

राष्ट्रपति भवन
महाराजगञ्ज, काठमाडौं, नेपाल ।

<u>विज्ञप्ति</u>

सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूले मुलुकमा उत्पन्न विषम तथा असाधरण परिस्थितिलाई सम्बोधन गर्दै युवा पुस्ताद्वारा प्रकट गरिएको इच्छा र आकङ्क्षा अनुसार राजनीतिक दल तथा सरोकारवालाहरू सँगको परामर्शसमेतका आधारमा नेपालको संविधान वमोजिम राष्ट्रपतिका अन्तरनिहित संवैधानिक अधिकार प्रयोग गरी नेपालको संविधानको पालना र संरक्षण एवम् नेपालको राष्ट्रिय एकताको प्रवर्द्धन गर्न आवश्यक भएकोले राष्ट्राध्यक्षको हैसियतले प्रधानमन्त्रीको सिफारिस र सम्मतिको आधारमा नेपालको संविधानले राष्ट्रपतिलाई सुम्पिएको संवैधानिक प्रतिवन्धात्मक व्यवस्था वमोजिम ६ (छ) महिनाभित्र प्रतिनिधि सभाको अर्को निर्वाचन सम्पन्न गर्ने गरी श्री सुशिला कार्की, मोरडलाई नेपालको अन्तरिम सरकारको प्रधानमन्त्री पदमा नियुक्त गर्नु भएको छ।

साथै, आज राष्ट्रपति भवनमा आयोजित विशेष समारोहमा सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूसमक्ष नवनियुक्त सम्माननीय प्रधानमन्त्री श्री सुशिला कार्कीज्यूले नेपालको संविधानको धारा ८० वमोजिम प्रधानमन्त्री पदको पद तथा गोपनीयताको शपथ लिनु भएको छ ।

२०८२ साल भदौ २७ गते शुक्रबार।
ने.सं. ११४५ जलागा पञ्चमी।

(रुपेश जंग थापा मगर)
उपसचिव

(स्रोत : राष्ट्रपति कार्यालयको वेवसाइट, २०२५)

**तालिका १.६ सन् २०२५ मा महिला अधिकार उल्लङ्घन तथा ज्यादतीबाट पीडित भएकाहरूको सङ्ख्या**

| घटनाको प्रकार | अन्यपक्षबाट | जम्मा |
|---|---|---|
| घरेलु हिंसा | ४,४९१ | ४,४९१ |
| बेचबिखन तथा ओसारपसार प्रयास | १६ | १६ |
| 'बोक्सी'को आरोप | २२ | २२ |
| दाइजोजनित हिंसा | १४४ | १४४ |
| बलात्कार | ५०० | ५०० |
| सामूहिक बलात्कार | २२ | २२ |
| हाडनाता करणी | ३२ | ३२ |
| बलात्कार प्रयास | १५८ | १५८ |
| यौन दुर्व्यवहार | ३९ | ३९ |
| बेचबिखन तथा ओसारपसार | ४५ | ४५ |
| साइबर अपराध | ३९३ | ३९३ |
| बलात्कारपछि हत्या | ६ | ६ |
| पारिवारिक हत्या | १०३ | १०३ |
| **जम्मा** | ५,९७१ | ५,९७१ |

(स्रोत : इन्सेक, २०२५)

**तालिका मञ्जुषा १.५**

राष्ट्रपतिको कार्यालय

राष्ट्रपति भवन
महाराजगञ्ज, काठमाडौं, नेपाल ।

विज्ञप्ति

सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूले सम्माननीय प्रधानमन्त्री श्री सुशिला कार्कीज्यूको सिफारिस बमोजिम मिति २०८२ साल भदौ २७ गते शुक्रबार रातको ११:०० बजेदेखि लागू हुने गरी वर्तमान प्रतिनिधि सभाको विगठन गर्नु भएको छ। मिति २०८२ साल फागुन २१ गते बिहीबारका दिन नयाँ प्रतिनिधि सभाको निर्वाचन गर्ने गरी मिति तोक्नु भएको छ।

२०८२ साल भदौ २७ गते शुक्रबार।
ने.सं. ११४५ अलागा पञ्चमी।

(रुपेश जंग थापा मगर)
उपसचिव

(स्रोत : राष्ट्रपतिको कार्यालयको वेवसाइट, २०२५)

आक्रमणमा तीनजना प्रहरीको मृत्यु भयो। इन्सेकले गरेको अभिलेख अनुसार २ सय २४ प्रहरी कार्यालयहरूमा आगजनी तथा तोडफोड भयो। भदौ २४ गते प्रहरी संयन्त्र यति कमजोर अवस्थामा पुग्यो की जसले आफ्नै कार्यालयमा जीवन रक्षाको गुहार मागिरहेका आफ्ना कर्मचारीको जीवन रक्षाका लागि उपयुक्त कदम चाल्न सकेन। प्रदर्शन र तोडफोड उपत्यकामामात्र केन्द्रित थिएन। देशका कैयौं जिल्लामा तोडफोड र आगजनीका घटना भए। राजनीतिसँग कुनै सरोकार नभएका निजी प्रतिष्ठानमा गरिएको आगजनीले निजीक्षेत्रमा ठूलो निराशा पैदा गऱ्यो। नेपाल उद्योग वाणिज्य महासंघले भदौ २७ गते एक विज्ञप्ति प्रकाशन गरी देशभर निर्वाध पेसा व्यवसाय गर्न सक्ने वातावरण बनाउन आह्वान गऱ्यो। महासंघले उद्योग व्यवसायमा भएको तोडफोड र आगजनीको भत्सर्ना गर्दै सुरक्षा व्यवस्था आवश्यक भएको बतायो। आन्दोलनका क्रममा कतिपय उद्यमी व्यवसायीको उद्योग, प्रतिष्ठान, कार्यालय एवम् निवासमा समेत तोडफोड र आगजनीका घटना भएको र व्यक्तिगत एवम् व्यवसायिक सम्पत्तिमाथि भएका तोडफोडका घटनाको महासंघले भत्सर्ना गऱ्यो।

त्यसैगरी महासङ्घले कात्तिक १० गते प्रकाशन गरेको अर्को विज्ञप्तिमा नवयुवा पुस्ताको आन्दोलनका क्रममा भएको घुसपैठबाट उद्योग, व्यवसाय र निजी सम्पत्तिमाथि भएको लुटपाट, तोडफोड र आगजनीमा संलग्नबारे छानविन गरि कारबाही अगाडि बढाउन र सुरक्षाको

**तालिका १.७** **सन् २०२५ मा पीडित भएका ६५ वर्ष माथिका ज्येष्ठ नागरिकहरूको सङ्ख्या**

| घटनाको प्रकार | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| अपहरण | | | | १ | | १ | १ |
| कुटपिट | | | | १ | १ | २ | २ |
| कारागारमा मृत्यु | | १४ | १४ | | | | १४ |
| अमानवीय व्यवहार | | | | | १ | १ | १ |
| घाइते | ३ | ७ | १० | ७ | १० | १७ | २७ |
| हत्या | | | | ८ | १६ | २४ | २४ |
| जातीय विभेद | | | | | २ | २ | २ |
| धम्की | | | | १ | | १ | १ |
| महिला अधिकार | | | | ६८ | | ६८ | ६८ |
| जम्मा | ३ | २१ | २४ | ८६ | ३० | ११६ | १४२ |

(स्रोत : इन्सेक, २०२५)

प्रत्याभूतिका लागि सरकारसँग आग्रह गरिएको छ। घटनामा संलग्नहरूको जाहेरी नै नलिएको सदस्यहरूबाट गुनासो आइरहेको हुँदा यसले समाजमा दण्डहीनता मौलाउँदै जाने र व्यवसायी हतोत्साही हुने उल्लेख गर्दै यस विषयमा सरकारको गम्भीर ध्यानाकर्षण गराउँछौँ विज्ञप्तिमा उल्लेख छ।

आन्दोलन उग्र र हिंसात्मक हुन थालेपछि भदौ २४ गते दिउँसो राजीनामा दिएका प्रधानमन्त्री केपी शर्मा ओलीलाई नेपाली सेनाले प्रधानमन्त्री निवास बालुवाटारबाट उद्धार गऱ्यो। असोज ९ गते सार्वजनिक हुनुअघिसम्म उनलाई कुन ठाउँमा राखिएको थियो भन्ने सूचना बाहिर आएन। नेपाली सेनाले भैँसेपाटीस्थित मन्त्रीनिवासबाट मन्त्रीहरूलाई उद्धार गऱ्यो। नेपाली कांग्रेसका सभापति तथा पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा र पत्नी आरजु देउवामाथि उनीहरूकै निवासमा साङ्घातिक आक्रमण भयो।

प्रधान सेनापति अशोकराज सिग्देलले भदौ २४ राती करिब ९ बजे सम्बोधन गर्दै सोही राती १० बजेदेखि नेपाली

**मञ्जुषा १.६**


नेपाल सरकार
गृह मन्त्रालय
प्रेस विज्ञप्ति

(स्रोत : गृहमन्त्रालयको वेवसाइट, २०२५)

सेना परिचालन हुने बताए।

सेना परिचालन भएपछि हिंसाका घटनामा क्रमशः कमी आयो। प्रधानमन्त्रीले राजीनामा दिई भदौ २७ गते सरकार गठन नहुञ्जेलसम्मको अवधिमा नेपाली सेनाले निर्वाह गरेको भूमिकाका बारेमा विभिन्न मत एवम् प्रश्नहरू छन्।

भदौ २७ गते प्रधानमन्त्रीको

**तालिका १.८** सन् २०२५ मा पेसागत आधारमा पीडित भएका मानव अधिकार रक्षकहरूको सङ्ख्या

| घटनाको प्रकार | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | कुल |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | जम्मा |
| इन्जिनियर | | १ | १ | १ | १ | २ | ३ |
| स्वास्थ्यकर्मी | २ | ३ | ५ | ३० | ११ | ४१ | ४६ |
| मानव अधिकार रक्षक | | ३ | ३ | ४ | १ | ५ | ८ |
| पत्रकार | २ | १३ | १५ | ७ | ४० | ४७ | ६२ |
| कानुन व्यवसायी | | १ | १ | | २ | २ | ३ |
| सामाजिक कार्यकर्ता | १ | २ | ३ | ३ | २ | ५ | ८ |
| शिक्षक | ८ | २३ | ३१ | २५ | ६ | ३१ | ६२ |
| जम्मा | १३ | ४६ | ५९ | ७० | ६३ | १३३ | १९२ |

(स्रोत : इन्सेक, २०२५)


सिफारिसमा राष्ट्रपतिले प्रतिनिधिसभा विघटन गरी फागुन २१ गते निर्वाचन गर्ने जिम्मेवारीसहित पूर्व प्रधानन्यायाधीश सुशीला कार्कीलाई प्रधानमन्त्री पदमा नियुक्त गर्नुभयो।

**संवैधानिक रिक्तता**

आन्दोलनको माग प्रधानमन्त्रीको राजीनामामा परिणत हुँदा प्रधानमन्त्री केपी शर्मा ओली भदौ २४ गते मध्यान्ह राजीनामा दिन बाध्य भए। प्रधानमन्त्रीको राजीनामापछि भदौ २७ गते साँझसम्म देश सरकारविहीन बन्यो। राष्ट्रपतिले पूर्व प्रधानन्यायाधीश सुशीलालाई कार्कीलाई अन्तरिम सरकारको प्रधानमन्त्रीमा नियुक्त गरेपछि सरकारले प्रतिनिधिसभा विघटन गर्‍यो। ६ महिनाभित्र प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गर्ने र संवैधानिक सरकार गठनको आधार तयार गर्ने जिम्मेवारीसहित गठन भएको सुशीला कार्की नेतृत्वको सरकारले फागुन २१ गतेलाई निर्वाचनको मिति तोक्यो।

संवैधानिक रिक्तताकाबीच राष्ट्रपतिले गठन गरेको सरकार अरू हिसाबले स्वतन्त्र देखिए पनि नवयुवा पुस्ताको दबाबमा रहेको सर्वसाधारणले महसुस गरे। नेपाल सरकार र नवयुवा पुस्ताबीच मङ्सिर २४ गते १० बुँदे सहमति भयो। सहमतिपत्रमा शहीद र घाइतेको त्याग तथा बलिदानलाई सम्मान, न्याय तथा अर्थपूर्ण स्मृतिकरणसहितको परिपूरण, भदौ २३ र २४ का घटनाको अनुसन्धान, अभियोजन र पुनरावृत्ति हुन नदिन आवश्यक संस्थागत सुधार, राजनीतिक तथा नीतिगत भ्रष्टाचार, सार्वजनिक संस्थाहरूको दलीयकरण र दलीय भागबण्डाका आधारमा नियुक्ति गरिने प्रचलनको अन्त्य, स्वतन्त्र, निष्पक्ष, शान्तिपूर्ण र भयरहित निर्वाचनको सुनिश्चितता, नेपालको संविधानमा गर्नुपर्ने सुधार, पूर्ण समानुपातिक समावेशिता र सहभागितामूलक प्रतिनिधित्व, पारदर्शिता, अभिव्यक्ति स्वतन्त्रता र डिजिटल स्वतन्त्रता, सम्झौता लागू हुने मिति र सम्झौताको कार्यान्वयन लगायतका

**तालिका १.९** सन् २०२५ प्रदेशगत आधारमा पीडित अपाङ्गता भएका व्यक्तिहरूको सङ्ख्या




(स्रोत : इन्सेक, २०२५)

विषय समेटिएका छन्। उल्लेखित सम्झौताका बुँदाभित्र गरिएका व्याख्याले भने देशलाई दीर्घकालीन प्रभाव पार्ने देखिन्छ। सम्झौता नेपालको संविधान विपरीत भएको भन्दै सर्वोच्च अदालतमा परेको रिट सुनवाइको चरणमा छ।

**दण्डहीनता र छानविन आयोग**


मन्त्रिपरिषद्को २०८२ असोज ५ गते बसेको बैठकले नवयुवा पुस्ताको आन्दोलनका क्रममा भएका घटनाहरूको छानबिन गर्न विशेष अदालतका पूर्व अध्यक्ष एवं पूर्व न्यायाधीश गौरीबहादुर कार्कीको अध्यक्षतामा पूर्व एआईजी विज्ञानराज शर्मा र कानुनविद् विश्वेश्वरप्रसाद भण्डारी सदस्य रहेको छानविन आयोग गठन गर्ने निर्णय गर्‍यो। भदौ २९ गते प्रधानमन्त्री पदको सपथ लिएपछिको संक्षिप्त सम्बोधनमा प्रधानमन्त्री सुशीला कार्कीले भदौ २३ र २४ गते भएका घटनाको छानविन गर्न उच्चस्तरीय आयोग गठन गर्ने बताउनु भएको थियो। सम्बोधनका क्रममा कार्कीले भदौ २४ गतेको आगजनीबाट सिंहदरबारदेखि सर्वोच्च अदालत, तराईका सबै जिल्ला अदालत एवं उच्च अदालतहरू जलेका र फाइलहरू नष्ट भएका बताउँदै कागजपत्र एवं प्रमाणहरू जलेर नष्ट हुनु ठूलो समस्याको विषय भएको बताउनु भयो। उहाँले ‘राज्यका महत्त्वपूर्ण

**तालिका १.१०** सन् २०२५ मा पेसागत आधारमा पीडित सङ्ख्या

| घटनाको प्रकार | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | नखुलेको | क्यू | जम्मा | |
| इन्जिनियर | | १ | १ | १ | १ | | | २ | ३ |
| स्वास्थ्यकर्मी | २ | ३ | ५ | ३० | ११ | | | ४१ | ४६ |
| मानव अधिकार रक्षक | | ३ | ३ | ४ | १ | | | ५ | ८ |
| पत्रकार | २ | १३ | १५ | ७ | ४० | | | ४७ | ६२ |
| कानुन व्यवसायी | | १ | १ | २ | | | | २ | ३ |
| सामाजिक कार्यकर्ता | १ | २ | ३ | ३ | २ | | | ५ | ८ |
| शिक्षक | ८ | २३ | ३१ | २५ | ६ | | | ३१ | ६२ |
| कृषि | १७ | २१३ | २३० | १८९७ | २४८ | | | २१४५ | २३७५ |
| सुरक्षाकर्मी | ४ | ३२ | ३६ | ९३ | ५२५ | | | ६१८ | ६५४ |
| व्यापारी | ३ | ७९ | ८२ | २४६ | ११ | | | २५७ | ३३९ |
| निजी र सरकारी सेवा | १ | ११ | १२ | २६६ | ११ | | | २७७ | २८९ |
| सरकारी कर्मचारी | | १ | १ | १५ | ४ | | | १९ | २० |
| गृहिणी | ६ | | ६ | ३१७९ | | | | ३१७९ | ३१८५ |
| श्रमिक | | २४ | २४ | ५७ | २३ | | | ८० | १०४ |
| राजनीतिक कार्यकर्ता | ९ | ९० | ९९ | ८० | २४ | | | १०४ | २०३ |
| कैदीबन्दी | ५ | ७१ | ७६ | | २४ | | | २४ | १०० |
| विद्यार्थी | ७३ | १३५१ | १४२४ | ८३९ | ९३ | | | ९३२ | २३५६ |
| नखुलेको | ९५ | ५६१ | ६५६ | ८५९ | १५८ | १२ | १ | १०५० | १७०६ |
| नाबालक | | | | १२ | ३ | | | १५ | १५ |
| जम्मा | २२६ | २४७९ | २७०५ | ७६१२ | १२०८ | १२ | १ | ८८३३ | ११५३८ |

(स्रोत : इन्सेक, २०२५)

**मञ्जुषा १.७**


नेपाल सरकार
रक्षा मन्त्रालय
नेपाली सेना

टेलिफोन नं :- ५९७९५७
ईमेल :- dte-dpr@nepalarmy.mil.np

जनसम्पर्क तथा सूचना निर्देशनालय
जङ्गी अड्डा
काठमाडौं, नेपाल ।

मिति २०८२/०५/२४ गते ।

नेपाली सेना लगायत अन्य सुरक्षा निकायहरु तैनाथ हुने सम्बन्धमा

१. हालको विषम परिस्थितिको अनुचित फाइदा उठाई केही समूहहरुले सर्वसाधारण नागरिक तथा सार्वजनिक सम्पत्ति समेतमा अत्यधिक क्षति पुऱ्याउने, लुटपाट एवम् आगजनी गर्ने कार्य भइरहेको हुँदा यस किसिमका गतिविधिहरु नगर्न/नगराउन नेपाली सेना पुनः आग्रह गर्दछ ।

२. यस किसिमका गतिविधिहरु नरोकिएको खण्डमा नेपाली सेना लगायत सम्पूर्ण सुरक्षा निकायहरु आफ्नो प्रमुख जिम्मेवारी नेपाल र नेपालीको सुरक्षाको लागि स्थिति नियन्त्रण गर्न मिति २०८२ भाद्र २४ गते रातीको १० बजेबाट दृढ रहने प्रतिबद्धता जानकारी गराउँदछौं । सम्पूर्ण राष्ट्रबासीलाई सहयोगको लागि हार्दिक अपिल समेत गर्दछौं ।

३. तत्पश्चात, सुरक्षा स्थितिको पुनर्मूल्याङ्कन गरी थप सूचना जारी गरिने छ ।

(स्रोत : इन्सेकअनलाइन, २०२५)

संस्थाहरूमाथि गरिएका तोडफोड र आगजनीका घटना देख्दा नेपाली नै भएर यो काम गरेको हो भने तिनलाई कसरी नेपाली भन्ने'? यस्तो कार्यमा संलग्नलाई छानबिन गरी कारबाही गरिने बताउनु भएको थियो।

भदौ २४ गते भएको आगजनी तथा लुटपाटमा संलग्नहरूलाई प्रहरीले प्रमाणसहित गिरफ्तार गरी कारबाही प्रकृया अगाडि बढाउन थालेपछि असोज ९ गते गृह मन्त्रालयले एक प्रेस विज्ञप्ति प्रकाशन गरी प्रदर्शनका क्रममा पक्राउ परेकाहरूलाई रिहा गर्न प्रहरीलाई निर्देशन दियो। गृह मन्त्रालयले असोज ९ गते विज्ञप्ति जारी गर्दै उच्चस्तरीय जाँचबुझ आयोगको कार्यक्षेत्रभित्र पर्ने विषयमा सरकारको नियमित संयन्त्रबाट तत्काल कारबाही अघि नबढाइने जानकारी दिएको थियो। मन्त्रालयको विज्ञप्तिमा

**तालिका १.११ सन् २०२५ मा जातिगत आधारमा पीडित सङ्ख्या**

| घटनाको प्रकार | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | नखुलेको | क्यू | जम्मा | |
| आदिवासी | १० | १२१ | १३१ | ८७ | ४७ | | | १३४ | २६५ |
| वैश्य | | ३ | ३ | २१ | ५ | | | २६ | २९ |
| बानिया | १ | ६ | ७ | १५ | | | | १५ | २२ |
| ब्राम्हण | ४० | ६५९ | ६९९ | ७८४ | १४१ | | | ९२५ | १६२४ |
| क्षेत्री | ५३ | ५२२ | ५७५ | ९९८ | २२४ | | | १२२२ | १७९७ |
| दलित | १६ | २०० | २१६ | ११३५ | १२३ | | १ | १२५९ | १४७५ |
| जनजाति | ४१ | ४२५ | ४६६ | १८१५ | २३१ | | | २०४६ | २५१२ |
| कायस्थ | | १ | १ | १३ | ३ | | | १६ | १७ |
| कोइरी | | | | ९२ | १३ | | | १०५ | १०५ |
| मण्डल | १ | २९ | ३० | १८० | १३ | | | १९३ | २२३ |
| मुस्लिम | २ | ५४ | ५६ | ३४४ | २७ | | | ३७१ | ४२७ |
| नखुलेको | ४७ | २२२ | २६९ | १२५३ | २९१ | १२ | | १५५६ | १८२५ |
| नेवार | ७ | १३३ | १४० | १९३ | ५ | | | १९८ | ३३८ |
| तेली | १ | १० | ११ | २६४ | २९ | | | २९३ | ३०४ |
| यादव | ७ | ९४ | १०१ | ४१८ | ५६ | | | ४७४ | ५७५ |
| जम्मा | २२६ | २४७९ | २७०५ | ७६१२ | १२०८ | १२ | १ | ८८३३ | ११५३८ |


(स्रोत : इन्सेक, २०२५)

'आयोगलाई कारबाहीका लागि रायसमेत दिने कार्यादेश रहेको हुँदा आयोगबाट कार्यादेशबमोजिमको रायसहितको प्रतिवेदन प्राप्त भएपश्चात् नेपाल सरकारले कानुनबमोजिम गर्ने व्यहोरा जानकारी गराइन्छ।' उल्लेख थियो।

अपराधमा संलग्नहरू धमाधम रिहा हुन थालेपछि जाँचबुझ आयोगले असोज २१ गते एक विज्ञप्ति प्रकाशन गरी फौजदारी कसुरमा संलग्न जोकोहीलाई नेपाल सरकारका संयन्त्रहरूबाट तत्काल अनुसन्धान र कारबाही गर्न आयोगको प्रतिवेदन कुर्न नपर्ने स्पष्ट पार्‍यो। आयोगका सदस्य विज्ञानराज शर्माले जारी गरेको विज्ञप्तिमा 'आयोगबाट सो कार्यादेशबमोजिम रायसहितका प्रतिवेदन प्राप्त भए पश्चात् नेपाल सरकारले कानुनबमोजिम गर्ने भन्ने गृह मन्त्रालयबाट मिति २०८२।०६।९ गते जारी विज्ञप्तिप्रति आयोगको ध्यानाकर्षण भएको छ।' 'आयोगको कार्यक्षेत्रमा रहने विषयमा सरकारका नियमित संयन्त्रबाट तत्काल कारबाही अगाडि नबढाइने तर गैरकानुनी रूपमा भएका र हुने गतिविधिमा कानुनअनुसार कारबाही हुने व्यहोरा सबैमा जानकारी गराइन्छ।' प्रहरीले गर्ने नियमित अनुसन्धान प्रभावित हुने भन्दै गृह मन्त्रालयको उक्त निर्णयको विरोध भएको थियो। सोही क्रममा विज्ञप्ति प्रकाशित गरेर आयोगले आफ्नो धारणा स्पष्ट पारेको थियो।


आयोग गठन भएपछि यसले प्रमाण सङ्कलन, सरोकारवाला व्यक्तिसँग बयान, घटनाको पृष्ठभूमिको अध्ययनजस्ता विषयमा आफूलाई केन्द्रित गरिरहेको छ। आयोगले तत्कालीन गृहमन्त्री रमेश लेखकसँग पनि बयान लियो। तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले आयोगमा बयान नदिने अडान गरिरहे। अन्ततः उनको निवासमै गएको आयोगको टोलीलाई लिखित बयान दिएको समाचार प्रकाशनमा आयो। यो वर्षको अन्त्यसम्म प्रतिवेदन तयारीमा

**तालिका १.१२ सन् २०२५ कारागारमा रहेका सङ्ख्या र फरार भएका सङ्ख्या**





(स्रोत : इन्सेक, २०२५)

**तालिका १.१४** सन् २०२५ मा दाइजोका कारण महिलामाथि भएको हिंसाबाट पीडित भएकाहरुको सङ्ख्या




(स्रोत : इन्सेक, २०२५)

**तालिका १.१३** सन् २०२५ घाइते भएकाहरुको सङ्ख्या





(स्रोत : इन्सेक, २०२५)

व्यस्त रहेको आयोगले कस्तो प्रतिवेदन तयार पार्ला प्रतीक्षाकै विषय रह्यो। २०४६ सालयता बनेका कयौँ आयोगका प्रतिवेदनले गरेका सिफारिस कार्यान्वयन भएका छैनन्। बरु ती आयोगले दोषी ठहर्‍याएका व्यक्तिहरू राज्यको उपल्लो तहमा पुग्न सफल भएका थिए। देशमा कायम रहेको दण्डहीनताले मानव अधिकार प्राप्तीमा ठूलो असर गरेको विषय इन्सेकले आफ्ना प्रतिवेदनमा निरन्तर उठाउँदै आएको छ। आगामी दिनमा पनि यही कार्य नदोहोरिने कुनै सुनिश्चितता छैन। यस सन्दर्भमा निरन्तरको खबरदारी आवश्यक छ।

इन्सेकले गरेको अभिलेख अनुसार भदौ २३ र २४ गतेको प्रदर्शनका क्रममा ४ हजार ५ सय ६२ भौतिक संरचनामा र भौतिक सामग्रीमा तोडफोड तथा आगजनी भयो। सर्वोच्च अदालतसहित अन्य २३ अदालत, ९ सय ५२ सरकारी कार्यालयहरू, २ सय २४ प्रहरी कार्यालयहरू, राजनीतिक दलका १ सय ८४ कार्यालयहरू, ३ सय २६ निजी घर, कार्यालय तथा प्रतिष्ठान, २ हजार ५ सय ३४ सवारी साधनमा आगजनी र

**तालिका १.१५ सन् २०२५ मा भौतिक संरचनामा पुर्‍याएको क्षतिको सङ्ख्या**




(स्रोत : इन्सेक, २०२५)

**तालिका १.१६** **घटनाका प्रकारअनुसार साइबर अपराधका घटनामा पीडित भएका पीडितहरूको सङ्ख्या**

| घटनाको प्रकार | अन्यपक्षबाट |
|---|---|
| बाल अधिकार | ३३८ |
| महिला अधिकार | ३९३ |
| **जम्मा** | ६३० |

(स्रोत : इन्सेक, २०२५)

तोडफोड भए।

नेपाल सरकार मन्त्रिपरिषद्को २०८२ असोज ५ गतेको निर्णयअनुसार राष्ट्रिय योजना आयोगका सचिवको संयोजकत्वमा गठित समितिले सार्वजनिक सम्पत्ति, भौतिक संरचना तथा निजी प्रतिष्ठानमा भएको क्षतिको मूल्याङ्कन गर्दै पुनर्निर्माण योजना तयार पारेको प्रतिवेदन प्रधानमन्त्रीलाई बुझायो। सरकारी क्षति मूल्याङ्कन प्रतिवेदन अनुसार सार्वजनिक, निजी तथा सामुदायिक क्षेत्रमा व्यापक क्षति भएको छ। अन्य भौतिक सम्पत्तिमा मात्रै करिब २० अर्ब ३६ करोड ४० लाख रुपियाँ बराबरको क्षति भएको प्रतिवेदनमा उल्लेख छ।

**सन् २०२५ र मानव अधिकारका सवालहरू**

यस वर्ष राज्यपक्षबाट ५६ जनाको हत्या भयो। यसमध्ये ४५ जनाको भदौ २३ र २४ गते भएको आन्दोलनका क्रममा धादिङ कारागारका दुई जना, रामेछाप कारागारमा तीन जना र बाँकेको नौबस्ता बालसुधार गृहका पाँच जनाको कारागारबाट भाग्न खोज्दा प्रहरीको गोली लागी मृत्यु भएको थियो। इन्सेकले गरेको अभिलेख अनुसार यस वर्ष मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ११ हजार ५ सय ३८ जना पीडित भए। जसमध्ये राज्यपक्षबाट २ हजार ७ सय ५ र अन्यपक्षबाट ८ हजार ८ सय ३३ जना मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा पीडित भएका थिए। गत वर्ष मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा १० हजार ७ सय ३४ जना पीडित भएका थिए। गत वर्ष भन्दा यो वर्ष ८ सय ४ जना बढी पीडित भए।

यस वर्ष प्रहरी हिरासतमा चार जनाको मृत्यु भयो। हिरासतमा भएका सबैजसो मृत्युका घटनालाई आत्महत्या वा उपचारको क्रममा भएको प्रहरीले बतायो। हिरासतमा हुने आत्महत्याको घटना रोकथामका लागि पहलकदमी लिइएको देखिएन। गत वर्ष हिरासतमा पाँच जनाको मृत्यु भएको थियो। गत वर्ष पनि हिरासतको मृत्युलाई आत्महत्या बताइएको थियो। २४ घण्टा प्रहरी निगरानी रहने हिरासतमा हुने घटनाको दायित्वबाट प्रहरी अधिकारी पन्छिन मिल्दैन।

**स्वास्थ्यको अधिकार**

स्वास्थ्य संस्थामा विगतकै जस्ता समस्या दोहोरिए। दरबन्दीअनुसार चिकित्सक नहुने, सरकारले निःशुल्क उपलब्ध गराउने भनेका औषधि उपलब्ध नहुनु, स्वास्थ्य संस्थामा उपकरण अभाव र उपकरण भएका अस्पतालमा जनशक्तिको अभाव हुने समस्या नेपालको स्वास्थ्य क्षेत्रले विगतदेखि भोग्दै आएको छ। स्वास्थ्य बीमाको प्रभावकारी कार्यान्वयनको टड्कारो आवश्यकता देखियो। निःशुल्क भनिएका औषधी बीमितले नपाउने, उपचारका लागि लामो समय कुर्नुपर्ने, ज्येष्ठ

नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई प्राथमिकतामा नराखिने गरेको गुनासो बिमितहरूको रह्यो भने बिमावापतको रकम अस्पताललाई सरकारले भुक्तानी नगरेको जनाउँदै कयौँ अस्पतालहरूले बिमा सेवा बन्द गरिएको घोषणा गरे। सरकारले आर्थिक स्रोतको प्रभावकारी सुनिश्चितता गर्न नसक्दा बिमा सेवा नै बन्द हुने होकी भन्ने संशय कायम रह्यो। दुर्गम स्थानका स्वास्थ्य संस्थामा जनशक्ति र उपकरणको अभाव यो वर्ष पनि कायम रह्यो। समयमा उपचार नपाउँदा सुत्केरी महिलाको मृत्यु भएको घटना इन्सेकले अभिलेख गर्‍यो।

*दार्चुला जिल्ला अपिहिमाल गाउँपालिका-१ की २५ वर्षीया द्रोपती जागरीको ०८१ माघ ४ गते सुत्केरी गराउन स्वास्थ्य इकाइमा लगिएकोमा उनको मृत्यु भयो। सुत्केरी व्यथा लागेपछि गाउँबाट एक घण्टा बोकेर स्वास्थ्य इकाइ, सितीमा पुऱ्याएकोमा उनको मृत्यु भएको स्थानीय कमानसिंह धामीले बताए। बर्थिङ सेन्टर रहेको सो स्वास्थ्य इकाइमा ढिलोगरी ल्याइएको कारण बचाउन नसकिएको अनमी पार्वती धामी बताइन्। अपिहिमाल गाउँपालिकामा सडक सञ्जाल र विद्युत नपुगेको, स्वास्थ्य इकाइमा पर्याप्त उपकरण नभएको र हेलिकप्टरको व्यवस्थापन गर्न प्रयास गरिएको भए पनि ढिलो भएको कारण सुत्केरी महिलाको ज्यान जोगाउन नससकिएको अपि हिमाल गाउँपालिकाका स्वास्थ्य संयोजक राजेन्द्रसिंह धामीले बताए।*

**सङ्क्रमणकालीन न्याय**

पीडितहरूको विरोधका बाबजुद सरकारले बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोगमा ०८२ वैशाख ३१ गते पदाधिकारी नियुक्त गर्‍यो। राजनीतिक भागबण्डाका आधारमा गरिएको नियुक्तिले सङ्क्रमणकालीन न्यायको मर्मलाई आत्मसात गर्न नसक्ने पीडितहरूले बताए। पूर्वप्रधानन्यायाधीश ओमप्रकाश मिश्र नेतृत्वको समितिले सिफारिस गरेका नामलाई मन्त्रिपरिषद्ले स्वीकृत गरेको थियो। 'विधि प्रक्रिया र मापदण्ड मिचेर तेस्रोपटक पनि दलीय भागबण्डा र नेताको खल्तीबाट गठित र राजनीतिक नेतृत्वबाट नियन्त्रित सत्य निरूपण तथा मेलमिलाप र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग तत्काल खारेज गर' भन्दै द्वन्द्वपीडितले नियुक्ति प्रकृयाप्रति निरन्तर विरोध जनाए। सङ्क्रणमकालीन न्यायको विषय गम्भीर र जटिल भएकाले सक्षम व्यक्तिलाई आयोगहरूमा नियुक्त गरिनुपर्ने इन्सेकले जनाएको थियो। नेपालमा १० वर्ष लामो सशस्त्र द्वन्द्वको अवधिमा भएका गम्भीर प्रकृतिका मानव अधिकार उल्लङ्घन तथा ज्यादती घटनाका दोषीमाथि कारबाही गरी पीडित परिवारलाई न्याय दिलाउने विषय राज्यको प्राथमिकतामा नपर्नुले मानव अधिकार संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनमा राज्य उदासिन भएको प्रष्ट हुन्छ। बदलिँदो राजनीतिक परिदृष्यमा सङ्क्रमणकालीन न्यायको विषय कम प्राथमिकतामा पर्ने हो की भन्ने चिन्ता थपिएको छ। पीडितको असहमतिकाबीच गठन भएका आयोगहरू हाल के गरिरहेका छन् भन्ने विषय सार्वजनिक भएन। बरु द्वन्द्वका क्रममा यौन हिंसामा परेका व्यक्तिलाई आयोगमा एक महिनाभित्र उजुरी दिन सत्य निरूपण तथा मेलमिलाप आयोगले गरेको सार्वजनिक आह्वानप्रति सरोकारवालाले

विरोध जनाए। आयोगले यौन हिंसाजस्तो गम्भीर विषयलाई हल्का रूपमा लिएको देखियो। द्वन्द्वपीडितहरूसँगको संवाद गर्ने विषयमा आयोगका पदाधिकारीले सक्रियता देखाउन सकेनन्। पीडितको असहमति कायम रहँदा सङ्क्रमणकालीन न्यायको विषय अझ दुरुह हुँदै गएको आभाष भयो।

### खाद्य अधिकार

नेपालको संविधानले खाद्य अधिकारलाई मौलिक अधिकारका रूपमा व्याख्या गरेको छ। खेतीयोग्य जमिन बाँझै रहनु, चाहिएको बेला सिंचाइ, मलखाद तथा बीउबिजन उपलब्ध नहुनु, खेतीयोग्य जमिन घडेरीका लागि खण्डीकरण गरिनुजस्ता कारणले खाद्य परनिर्भरताको अवस्था बढेर गयो। बसाइ सराइका कारण खेतीयोग्य जमिन बाँझो भएको समाचार प्रकाशनमा आए। कर्णाली तथा सुदूरपश्चिम प्रदेशका हिमाली जिल्लामा बर्सेनि हुने खाद्यान्न अभाव, खाद्यान्नसम्म पहुँचको समस्या र खाद्यान्न व्यवस्थापनको पाटोमा अझै प्रभावकारी कार्य हुन नसकेको देखियो। पौष्टिक आहारसहितको खाद्यान्नको अधिकार मानिसको स्वास्थ्य र जीवनको अधिकारसँग पनि सम्बन्धित हुन्छ। खाद्य असुरक्षामा मूलतः गरिब, चेपाङ, राउटे, मुसहर, दलित, वादी, हलिया, बोटे र भूमिहीन समुदायका नागरिकका लागि राज्यले यस वर्ष पनि दीर्घकालीन योजनासहित प्रभावकारी कार्य गर्न सकेको पाइएन।

### शिक्षाको अधिकार

सर्वसुलभ गुणस्तरीय शिक्षा पाउनु मानव अधिकारको विषय हो। संविधानको मौलिक हकअन्तर्गत रहेको आधारभूत तहसम्म अनिवार्य र निःशुल्क शिक्षा पाउने हक कानुनीरूपले सुनिश्चित गरेको छ। शिक्षामा पहुँच सुनिश्चित गर्न नेपाल सरकारले विद्यालय जाने सबै उमेरका बालबालिकालाई विद्यालय भर्ना गर्ने अभियान सञ्चालन गऱ्यो।

सार्वजनिक शिक्षामा राज्यले गरेको लगानीको उचित प्रतिफल प्राप्त नभएको एसईईको नतिजामा पनि देखिने गरेको छ। सार्वजनिक विद्यालयको उत्तीर्ण दर ५० प्रतिशतभन्दा कम रह्यो। सार्वजनिक विद्यालयको शिक्षामा गुणस्तरको प्रश्न उठिरहँदा अभिभावक महँगो शुल्क तिरेर भए पनि आफ्ना छोराछोरी निजी विद्यालयमा भर्ना गर्न बाध्य छन्। निजी र सामुदायिक विद्यालयबाट उत्तीर्ण दुईखालका शैक्षिक जनशक्तिका कारण शिक्षाका क्षेत्रमा थप प्रगति हुन सकेको छैन। यस वर्ष शैक्षिक सत्र शुरु हुनुअघि नै देशका सबै स्थानीय तहमा पाठ्यपुस्तक पुगेको थियो। समयमा पाठ्यपुस्तक नपुग्ने विगतको परम्परा यस वर्ष तोडियो। सीमान्तकृत वर्गका बालबालिका, द्वन्द्वपीडित, असहाय, सडक बालबालिका, दलित र पिछडिएको वर्गका बालबालिकाको शिक्षाका लागि तीनै तहका सरकारको थप पहलकदमी आवश्यक देखियो।

## राज्य र मानव अधिकार

### न्यायपालिका

सन् २०२५ नेपालको न्यायपालिकाले सार्वजनिक आस्था, संस्थागत अखण्डता र संवैधानिक शासनका दृष्टिले सबैभन्दा बढी चुनौती व्यहोर्नु पऱ्यो। न्यायपालिकामाथि ठूला र सङ्गठित आक्रमणहरू भए। गत भदौ २४ गते सर्वोच्च अदालतसहित १७ ओटा अदालतमा आगजनी

गरिँदा इजलास, मिसिल, डिजिटल अभिलेख तथा सूचना प्रविधि प्रणाली नष्ट भए। नियमित सुनुवाइ एक महिनाभन्दा बढी समय अवरुद्ध भयो। बन्दी प्रत्यक्षीकरण जस्ता संवैधानिक हकसम्बन्धी मुद्दाहरूको सुनुवाइ पालमुनि गर्नु पर्‍यो। सर्वोच्च अदालतमा २६ हजार २ सय २८ थान मुद्दा विचाराधीन रहेका छन्। व्यवस्थापनमा आएको अवरोधका कारण आगामी आर्थिक वर्षमा मुद्दाको किनारा लागउने कार्यमा नकारात्मक असर पार्ने निश्चित छ। त्यसैगरी निरूपण भएका ५ हजार ४ सय ६० थान मुद्दाहरूको पूर्णपाठ लेखन बाँकी रहेको फैसला लेख्दै गरिएका र लेख्न बाँकी २ हजार ५ सय ८१ थान मुद्दाका मिसिल जलेर नष्ट हुँदा फैसला लेखनमा थप चुनौती थपिएको छ। यी घटनाहरूले शीघ्र न्याय, प्रभावकारी मुद्दा व्यवस्थापन र न्यायमा पहुँचजस्ता विषयलाई थप जटिल बनाएका छन्। न्यायपालिका स्थापनाको ७४ वर्षमा पहिलो पटक सर्वोच्च अदलतका प्रधानन्यायाधीले पत्रकार समक्ष न्यायपालिकाले धम्कीपूर्ण, अपमानजनक र तथ्यहीन अभिव्यक्तिहरू लगायत अवहेलनाको रूपसमेत भोग्नु परेको सार्वजनिक गर्नु पर्‍यो।

प्रधानमन्त्रीको नियुक्ति, प्रतिनिधि सभा विघटन र संसद सञ्चालनसम्बन्धी विवादमा सर्वोच्च अदालत पटक-पटक निर्णायक भूमिकामा आउँदा र यी विवादहरूमा समयमा नै निकास दिन नसक्दा न्यायपालिका प्रत्यक्ष राजनीतिक प्रतिस्पर्धाको केन्›मा तानियो। केही विवादास्पद फैसलाहरू र अनुसन्धान-कारबाहीको प्रभावहीनताले न्यायालयभित्रै दण्डहीनताको संस्कृति मौलाइरहेको सङ्केतआभास भयो। न्याय परिषद्को अनुशासनात्मक प्रक्रियामा देखिएको निस्क्रियता र न्यायाधीशहरूको नियुक्ति-सरुवा-बढुवामा पारदर्शिताको अभावले न्यायिक शासनमा गहिरो सङ्कट उजागर गर्‍यो। संवैधानिकवादको मेरुदण्ड मानिने न्यायालय आन्तरिक अस्थिरता, राजनीतिक प्रभाव, बार-बेञ्च तनाव, विवादास्पद नियुक्ति प्रक्रिया र जनविश्वासमा आएको तीव्र गिरावटका कारण बहुआयामिक सङ्कटमा परेको देखियो। भदौ महिनामा अदालतहरूमा भएका आगजनी र तोडफोड घटनाले प्रतीकात्मक आक्रमण मात्र होइन, संरचनागत असुरक्षासमेत उजागर गरे। जसले वर्षौंदेखि सुसुप्त अवस्थामा रहेको जनअसन्तुष्टिलाई सतहमा ल्याइदियो।

न्यायपालिकाको २०८१/८२ को वार्षिक प्रतिवेदनले पनि अदालतहरूको कार्यचाप व्यवस्थापन, संवैधानिक इजलासको प्रभावकारिता, फैसला कार्यान्वयन, सूचना प्रविधिको उपयोग, अभिलेख व्यवस्थापन, न्यायिक जनशक्ति क्षमता अभिवृद्धि, न्यायमा पहुँच, शीघ्र न्यायसम्पादनजस्ता क्षेत्रहरूमा तीव्र चुनौती रहेको स्वीकार गरेको छ। भदौ २०८२ मा सर्वोच्च अदालतका पूर्व प्रधानन्यायाधीशलाई अन्तरिम सरकारको प्रधानमन्त्री नियुक्त गर्ने राष्ट्रपतिको निर्णयले संवैधानिक प्रावधान उल्लङ्घनको स्पष्ट उदाहरण प्रस्तुत गर्‍यो। संविधानले सेवानिवृत्त प्रधान न्यायाधीशलाई कार्यपालिका वा व्यवस्थापिकामा पद ग्रहण गर्न स्पष्ट निषेध गरेको सन्दर्भमा भएको नियुक्तिले शक्तिको विभाजन, न्यायिक नैतिकता र संस्थागत स्वायत्तताको सिद्धान्तमा विचलन आएको देखियो। यसले न्यायपालिकाको निष्पक्षतामा गम्भीर प्रश्नमात्रै खडा गरेन भविष्यमा न्यायपालिकाप्रति कायम रहेको जनविश्वासमा असर पुग्ने आकलन गरिएको छ।

**कार्यपालिका**

सन् २०२५ नागरिक तथा राजनीतिक अधिकारका दृष्टिले नेपालको मानव अधिकार अवस्था संवदेनशील रह्यो। सरकारले भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्न नसकेको कुराको शान्तिपूर्ण विरोध गर्ने जनाएर नवयुवा पुस्ता सामाजिक सञ्जाल हुँदै सडकमा निस्कियो। नवयुवा पुस्ताले सरकारको आलोचना र अभिव्यक्ति स्वतन्त्रताको पर्याय बनाएको सामाजिक सञ्जालमाथि प्रतिबन्ध लगाउने निर्णयका कारण सङ्घीय राजधानीसहित देशभर हिंसात्मक प्रदर्शन भयो। नवयुवा पुस्ताको आन्दोलनमा सरकारले अत्यधिक बल प्रयोग घटना सार्वजनिक भए। भदौ २३ र २४ गतेको आन्दोलनका क्रममा ७७ जनाको मृत्यु भयो।

**व्यवस्थापिका**

निर्वाचित प्रतिनिधिसभाले कार्य अवधि पूरा गर्न नसक्ने नियति यो प्रतिनिधिसभाले पनि व्यहोर्नु पऱ्यो। २०४६ सालको जनआन्दोलन र २०४८ सालमा भएको संसदीय निर्वाचनपछि गठित संसददेखि २०७९ सालमा गठित प्रतिनिधि सभाले आफ्नो पाँच वर्षको कार्यकाल पूरा गर्न सकेनन्। गत भदौ २४ गतेको आन्दोलनपछि विकास भएको नयाँ परिस्थितिमा संसद विघटनको माग बाहिर आयो। जननिर्वाचित प्रधानमन्त्रीले २०८२ भदौ २४ गते राजीनामा दिइसकेपछि प्रतिनिधिसभा विघटनको माग गरिएको थियो। राष्ट्रपतिले भदौ २७ गते नियुक्त प्रधानमन्त्री सुशीला कार्कीले भदौ २७ गते मध्यराती प्रतिनिधिसभा विघटनको निर्णय गर्नुभयो। योसँगै करिब दुई वर्ष कार्यकाल बाँकी रहेको प्रतिनिधिसभा विघटन भयो। सिद्धान्ततः शक्ति सन्तुलनलाई संविधानले आत्मसात गरेको भए पनि व्यवहारमा व्यवस्थापिका सधैँ कार्यपालिकाको छायाँको रूपमा नै रहन पुग्यो। नेपालको संविधान बमोजिम जनतामा निहित सार्वभौमसत्ताको प्रयोग गर्ने थलो सधै कार्यपालिकाको छायाको रूपमा रहनु संसदीय व्यवस्थाका लागि सुखद् कुरा होइन। विगतदेखि नै कार्यपालिकाको छाँया परेको प्रतिनिधिसभा र यसका सभामुख कार्यपालिकाको इच्छा र आकांक्षामा चल्नाले संविधानको मर्म र भावना अनुरूप संसदको प्रभावकारिता देखिएन।

नेपालको अन्तर्राष्ट्रिय दायित्व बमोजिम तर्जुमा हुनु पर्ने कानुन तथा वर्षौंदेखि संसदमा विचाराधीन विधेयकहरू प्राथमिकताका साथ पर्याप्त छलफल गरी कानुनहरू बन्न नसेकेको अवस्था रह्यो भने विधेयकहरूलाई प्राथमिकताको साथ संसदीय समिति र संसदमा छलफलमा समेत लगिएन। मूलतः सार्वभौम नागरिकको प्रतिनिधि संस्था संसदबाट जनआकाङ्क्षा अनुरूप कार्य हुन सकेन। जनताको दैनिक जीवनसँग सम्बन्धित आवाज बोल्ने, कार्यपालिकालाई जनउत्तरदायी र जवाफदेही बनाउनुपर्ने निकाय नै कार्यपालिकाको छायाँमा रहेको देखियो। सरकारलाई जवाफदेही बनाउने, निगरानी गर्ने निकाय प्रभावकारी नहुँदा र दुई ठूला दलले संविधान संशोधन सहित गरेका सहमति बमोजिम कार्य सम्पादन हुन नसक्दा जनतामा जागेको उत्साहलाई संसदले कायम राख्न सकेन।

सार्वभौमसत्ता सम्पन्न नागरिकको प्रतिनिधमूलक संस्था संसद यस वर्षको नवयुवा पुस्ताले गरेको आन्दोलनको तारो हुन

पुग्यो। राजावादी समूहले २०८१ चैत १५ गते काठमाडौंको तीनकुनेमा गरेको प्रदर्शनका क्रममा संसदमाथि आक्रमण गर्ने प्रयास भएको थियो।

## सुधारको पर्खाइमा रहेका बालसुधार गृह र कारागार

कारागारमा क्षमता भन्दा बढी कैदीबन्दी राखिने विगतको परम्परा यस वर्ष पनि कायम रह्यो। अपराधको दर हरेक वर्ष बढ्दै जानु र त्यसअनुसार कारागार र कारागारको भौतिक सुविधा थप नगरिनुले कारागारको अवस्थामा खासै सुधार हुन सकेन। कारागारभित्रको प्रशासनका विषयमा हुने विवादले झडपका घटनामा अभिवृद्धि भए। योसँगै कारागार प्रशासनभन्दा कारागारभित्रको प्रशासन हावी हुँदा कारागारभित्र कुटपिट तथा दुर्व्यवहारका घटना हुने गरेको भए पनि यस्ता घटना कमै सार्वजनिक हुने गरेका छन्। नेपालका कारागारको क्षमता १६ हजार ९ सय ५६ जनाको रहेकोमा हाल २५ हजार ९२ जना कैदीबन्दी रहेका छन्। कारागार सुधारका लागि भन्दै गठन गरिएका सुझाव आयोगका प्रतिवेदनहरू कार्यान्वयन नहुँदा समस्या जस्ताको तस्तै रहे।

*कैलाली जिल्ला कारागारमा २०८२ साउन २३ गते कैदीबन्दी स्थानान्तरणको विषयमा ए ब्लकका कैदीबन्दीले बी ब्लकका कैदीबन्दीमाथि हातहतियार सहित आक्रमण गर्दा घाइते भएका धनगढी उपमहानगरपालिका-४ उत्तरबेहडीका ३७ वर्षीय कैदी भरत चौधरीको उपचारका क्रममा मृत्यु भयो भने ४८ जना कैदीबन्दी घाइते भए ।*

संवैधानिक व्यवस्थाअनुसार ज्येष्ठ नागरिक कैदीले सजाय छुट पाउनुपर्ने भए पनि कार्यान्वयनको ढिलाइले सयौँ कैदीबन्दी यो सुविधाबाट वञ्चित छन्। संविधानले ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुने व्यवस्था गरेको छ। सर्वोच्च अदालतले पनि 'कारागारमा रहेका ज्येष्ठ नागरिकलाई संविधानले दिएको सजाय छुटको सुविधा दिनू' भन्ने निर्देशनात्मक आदेश जारी गरेको छ।

गत भदौ २४ गते भएको नवयुवा पुस्ताको आन्दोलनका क्रममा नख्खु कारागारमा रहेका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति कारागारले सुरक्षा दिन नसक्ने भन्दै बाहिर निस्किएपछि सो को सिको गर्दै देशका विभिन्न कारागारबाट १४ हजारको हाराहारीमा कैदीबन्दी फरार भए। कारागारबाट भाग्न खोजेको आरोपमा सुरक्षाकर्मीले गोली प्रहार गर्दा धादिङ कारागारमा दुईजना, रामेछाप कारागारमा तीन जना र बाँकेका नौबस्ता बाल सुधार गृहका पाँचजनाको मृत्यु भयो। कारागारबाट फरार भएकामध्ये ३ हजार ८ सय ३ जना कैदीबन्दी अझै सम्पर्कमा छैनन्। फरारमध्ये कतिपय गम्भीर अपराधमा संलग्न भएकासमेत रहेका छन्।

## नेपाल सरकारको अन्तर्राष्ट्रिय प्रतिबद्धता

### विश्वव्यापी आवधिक समीक्षा

संयुक्त राष्ट्रसङ्घका १ सय ९३ सदस्य राज्यहरूको मानव अधिकारसम्बन्धी दायित्व र प्रतिबद्धताको कार्यान्वयन अवस्थालाई आवधिक रूपमा समीक्षा गर्न संयुक्त राष्ट्रसङ्घीय महासभाको प्रस्ताव नं. ६०/२५१ द्वारा मानवअधिकार परिषद्द्वारा २००६ मार्च महिनामा स्थापना गरिएको

संयन्त्र हो। यो नयाँ संयन्त्रले सम्पूर्ण मानव अधिकारको अवस्थाबारेमा राज्यहरूको नियमितरूपमा समीक्षा गर्दछ। नेपालले हालसम्म दुई ओटा समीक्षामा भाग लिइसकेको छ। समीक्षाका क्रममा नयाँ संविधान, सङ्क्रमणकालीन न्याय, यातना, स्वेच्छाचारी थुना, गैरन्यायिक र सामूहिक हत्या, मानवअधिकार महासन्धिहरू, बाल अधिकार, राष्ट्रिय मानव अधिकार आयोग, महिला अधिकार, सिमान्तीकृत समुदायका अधिकार, मानव बेचविखन, प्राकृतिक प्रकोप, मानवअधिकार रक्षकसम्बन्धी विषयमा नेपाललाई सुझाब प्राप्त भएका थिए।

परिषद्ले चौथो चरणको समीक्षा सञ्चालन गरिरहेको छ। यसै सन्दर्भमा नेपालको समीक्षा सन् २०२६ को जनवरी महिनाका लागि तय गरिएको छ। समीक्षाका लागि नेपालका ४ सयभन्दा बढी गैरसरकारी संस्थाको सञ्जालबाट प्रतिवेदन पठाइएको छ। यो सञ्जालको सचिवालय इन्सेकमा छ। यूपीआरको पहिलो चरणको समीक्षादेखि नै प्रतिवेदन तयार गर्न र अन्य प्रकृयामा सहभागी हुन गैरसरकारी संस्थाहरूले विश्वव्यापी आवधिक समीक्षाका लागि नेपाली गैरसरकारी संस्थाहरूको सञ्जाल गठन गरेपछि सोही सञ्जाल क्रियाशील छ।

## महिला अधिकार

संविधान तथा कानुनमा महिला र बालिकाको अधिकार ग्यारेन्टी गरिएको भए पनि पितृसत्तात्मक सोच र मान्यताहरूका कारण महिला र बालिकाले अनेकौं चुनौतीहरूको सामना गर्नुपरेको छ। पितृसत्तात्मक मान्यतामा आधारित सांस्कृतिक र सामाजिक मान्यताहरूले बालिकाहरू र महिलाहरूको विरुद्ध हानिकारक परम्परागत अभ्यासहरूलाई निरन्तर कायम राखेका छन्। उदाहरणका लागि, २०६४ सालमा जारी गरिएको छाउपडी उन्मूलन निर्देशिका लागु भएको १७ वर्ष भइसकेको छ। छाउपडी, अर्थात् महिनावारीको समयमा महिलाहरूलाई छाउगोठमा पठाउने परम्परालाई कानुनी रूपमा निषेध गरिएको थियो। तर, सुदूरपश्चिम र कर्णाली प्रदेशहरूमा अझै पनि प्रचलित छ। पछिल्ला केही वर्षमा, यी छाउगोठहरूमा धुँवा, चिसो र सर्पको टोकाइबाट १६ जना महिलाले ज्यान गुमाएका छन्।

*पञ्चदेवल विनायक नगरपालिका-८ सेलापानीका ३५ वर्षीया निमा खनाल र ३६ वर्षीया रत्ना भण्डारी ०८२ भदौ १२ गते महिनाबारीका समयमा घरनजिकै खेतमा पाल टाँगेर सुतेकोमा डाँडाबाट खसेको ढुङ्गाले थिचिएर खनालको घटनास्थलमै मृत्यु भयो भने भण्डारी घाइते भइन्। भण्डारीसँगै सुतेकी उनकी सात वर्षीया छोरी कबिता भण्डारीको पनि घटनास्थलमै मृत्यु भयो।*

*कञ्चनपुर जिल्ला कृष्णपुर नगरपालिका-१ निगालीकी २८ वर्षीया कमला दमाइको ०८२ असार २७ गते छाउगोठमा बसेको समयमा सर्पदंशका कारण मृत्यु भयो। महिनावारी भएको बेला छाउगोठमा सुतिरहेको अवस्थामा सर्पदंशबाट घाइते भएकी दमाइको सेती प्रदेशिक अस्पतालमा असार २८ गते मृत्यु भयो। छाउगोठमा मृत्युभएको घटना सार्वजनिक भएपछि १५ दिनभित्र नगरपालिका क्षेत्रमा रहेका सम्पूर्ण छाउगोठ भत्काउन कृष्णपुर नगरपालिकाले निर्देशन जारी गऱ्यो।*

सन् २०२५ मा महिलामाथि हुने हिंसाका घटनामा ५ हजार ९ सय ७१ जना

महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। यस वर्ष बेचबिखन तथा बेचबिखन प्रयासका घटनामा १६ जना, घरेलु हिंसाका घटनामा ४ हजार ४ सय ९१ जना, कथित बोक्सीको आरोपमा २२ जना, बलात्कारका घटनामा ५ सय जना, बलात्कार प्रयासका घटनामा १ सय ५८ जना, यौन दुर्व्यवहारको घटनामा ३९ जना, सामूहिक बलात्कारका घटनामा २२ जना, बलात्कारपछि हत्याका घटनामा ६ जना, दाइजोजनित हिंसाका घटनामा १ सय ४४ जना, साइबर स्पेश प्रयोग गरी महिलामाथि भएको हिंसाका घटनामा ३ सय ९३ जना पीडित भए। परिवारका सदस्यबाट १ सय ३ जना महिलाको हत्या भयो। गत वर्ष यो सङ्ख्या १ सय  जनाको हत्या भएको थियो। यो वर्ष भनेजति दाइजो नल्याएको आरोपमा आठ जना महिलाको हत्या भयो। परिवारजनबाट महिला मारिएको कतिपय घटनामा पीडित पक्षले हत्याको आरोप लगायो भने आरोपित पक्षले आत्महत्या गरेको भनी बतायो।

*जनकपुरधाम उपमहानगरपालिका-१३ पिरारीकी १८ वर्षीया ज्योति साहको ०८२ वैशाख २० गते हत्या गरेको आरोपमा पति, ससुरा र सासुलाई प्रहरीले गिरफ्तार गर्‍यो। विवाह भएको दुई वर्षभित्र एक थान मोटरसाइकल दिने सहमतिमा ०८१ मङ्सिर १७ गते उनको २४ वर्षीय कृष्णकुमार साह सँग विवाह भएको थियो। विवाह लगत्तै मोटरसाइकलको माग गर्दै परिवारका सदस्यले हिंसा गर्न थालेका थिए। माइतीपक्षले मोटरसाइकल उपलब्ध गराउन नसक्दा चार महिनाकी गर्भवती साहले विवाहको आठ महिनामै मृत्युवरण गर्नु पर्‍यो।*

दाइजोसँग जोडिएको हिंसाले महिलामा शारीरिक तथा मानसिक समस्या सृजना गर्छ। मानसिक प्रताडनाको पाटो डरलाग्दो हुन्छ। कतिपय अवस्थामा यस्ता घटना सार्वजनिक हुँदैनन्। दाइजोका कारण महिलाको हत्या भएका घटनामा आरोपित फरार भएका घटना पनि अभिलेख भयो। विपन्न वर्गले दाइजोका लागि घरखेत नै बेच्नुपरेको वा उठिबास नै हुनुपर्ने अवस्था सृजना हुने गरेको छ।

जिल्ला प्रहरी कार्यालयमा रहेका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा दर्ता भएका घरेलु हिंसासम्बन्धी उजुरीमा मेलमिलाप हुने गरेको छ। परिवारजनका सदस्यबाट हुने हिंसाका घटना प्रहरी कार्यालयमा पुगेपछि मिलापत्रमा टुङ्गिन्छ वा टुङ्याइन्छ। हिंसाको घटनाको उजुरी गरेपछि फेरि त्यही घर फर्किनुपर्छ। त्यसपछि घरमा महिलाप्रति गरिने व्यवहारका कारण महिला झन् कमजोर हुनुपर्ने अवस्था सृजना हुने गरेका उदाहरण प्रशस्त छन्। बालविवाह तथा अनमेल विवाहका कारण महिलाले अनाहकमा ज्यान गुमाउनुपरेको घटनाहरू पनि अभिलेख भएका छन्।

*कञ्चनपुर जिल्ला बेलडाँडी गाउँपालिका-२ सिहपाल टोलकी १७ वर्षीया सम्झना भट्ट ०८२ साउन १८ गते बिहान घरभित्र झुण्डिएको अवस्थामा मृत फेला परिन्। सम्झनाको ०८१ फागुन १९ गते पवन भट्टसँग प्रेमविवाह भएको थियो। गत मङ्सिर महिनामा दुबै जनाबीच भएको विवाद जिल्ला प्रहरी कार्यालयमा पुगेको थियो। सो क्रममा दुवैजनालाई सम्झाइबुझाइ पठाएको जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरका डिएसपी सागर बोहराले बताए। घटनाको एक दिन अघि दुवै जना इलाका प्रहरी कार्यालयमा आएका र दुवै जनालाई सम्झाइबुझाइ गर्नुको साथै सँगै*

*बस्न नसक्ने अवस्था भए घरपरिवारसँग सल्लाह गरी अदालती प्रक्रियामा जान सकिने सुझाव दिएर पठाएको इलाका प्रहरी कार्यालय,बेलडाँडीका इन्स्पेक्टर दीपेन्द्रबहादुर चन्दले बताए। पीडितलाई घरमा कुटपिट हुने गरेको र झुण्डिएको अवस्थामा घरभित्रै मृत फेला परेको शवमा घाउचोट समेत देखिएकाले पीडितका पति पवन भट्टलाई साउन १८ गते गिरफ्तार गऱ्यो।*

हरेक वर्ष महिलामाथि हुने हिंसाका घटनाको दर उकालो लागिरहेको छ। परिवारजनबाट महिलामाथि हुने धेरैजसो घटनालाई परिवारमै गुपचुप राख्ने वा गाउँ समाजमै मिलाउने परम्परा कायम छ। धेरैजसो घटनामा महिलाकै दोष देखाएर आरोपितलाई उन्मुक्ति दिने कार्य पनि भइरहेका छन्।

*सिरहा जिल्लामा १७ वर्षीया बालिकालाई ०८१ माघ २७ गते अपहरण तथा शरीर बन्धक बनाई १३ वर्षीय बालक, नवराजपुर गाउँपालिका-१ का १८ वर्षीय चन्दन साह र १८ वर्षीय रामविनय मण्डलले बलात्कार गरेको घटनामा माघ २९ गते पञ्चायती बसी मिलापत्र गरायो। पीडित बालिकाले माघ ३० गते घरमै आत्महत्या गरिन्। आरोपितहरूलाई पञ्चायतले १ लाख ४० हजार रुपियाँ जरिबाना गरेको थियो।*

हिंसाको दुष्चक्रबाट महिलालाई बचाउन सरकारी तथा गैरसरकारी प्रयासहरूको अपर्याप्तता यस वर्ष पनि सधैँ खड्किने विषय रह्यो।

## मानव अधिकार रक्षक

मानव अधिकारको संरक्षण र संवर्द्धनमा ज्यान जोखिममा राखेर क्रियाशील मानव अधिकार रक्षकहरू सुरक्षित नभएको तथ्याङ्कहरूले देखाउँछन्। यस वर्ष १ सय ९२ जना मानव अधिकार रक्षक पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। मानव अधिकार रक्षकमाथि हुने मानव अधिकारको उल्लङ्घन र ज्यादतीका घटनाको निष्पक्ष छानबिन गरी पीडितलाई कारबाही गर्ने एक छुट्टै निकाय नहुँदा कानुनी तथा मनोवैज्ञानिक उपचारको प्रभावकारी व्यवस्था आवश्यक रहेको महसुस भयो। राष्ट्रिय मानव अधिकार आयोगको ऐन संशोधनको प्रस्तावित विधेयकमा मानवअधिकार रक्षकका बारेमा उल्लेख गरिएको भए पनि यो विषयमा आयोगले नै मानव अधिकार रक्षहरूबीच पर्याप्त अन्तरकृया र छलफल गरेन।

## प्राकृतिक विपत्

नेपालको संविधानको धारा ३० मा स्वच्छ वातावरणको हकलाई मौलिक हकका रूपमा व्यवस्था गरिएको छ। प्रत्येक नागरिकलाई स्वच्छ वातावरणमा बाँच्न पाउने हकको प्रत्याभूति गरिएको छ। वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिमा पीडितलाई प्रदूषणकर्ताबाट क्षतिपूर्ति पाउने हक सुनिश्चित गरेको छ।

भौतिक विकासको प्रगति सँगसँगै वातावरणका मुद्दा पनि अगाडि आउन थालेका छन्। वातावरण,वायु प्रदूषण, प्लास्टिकका झोला, बोटल तथा प्लास्टिकजन्य सामग्रीको अत्यधिक र अव्यवस्थित उत्पादन प्रयोग, गिटी, बालुवा आदि प्राकृतिक स्रोतको अनियन्त्रित दोहन, अव्यवस्थित ढल, मलमुत्र, फोहोर मैला, अस्पतालजन्य फोहोर मैला र त्यसको अव्यवस्थित विसर्जन, सिमेन्ट उद्योगजन्य प्रदूषण, ध्वनि प्रदूषण, रसायनिक पदार्थ तथा मलको अनियन्त्रित प्रयोग आदि वातावरण

प्रदूषणका प्रमुख कारण रहेका छन्। वनविनाश, डडेलो, नदीनालाको प्रदूषण, जथाभावी सडक निर्माणका कारण बाढीपहिरो, जलवायु परिवर्तनको असर र प्रभावले वातावरणीय अधिकारको व्यापक हनन् हुन गई मानिसको स्वच्छ, सुरक्षित र स्वस्थ्य वातावरणको अधिकारमा प्रतिकूल प्रभाव पर्दै गएको छ।

पूर्वी नेपालको इलाममा असोज १७ गतेदेखिको २४ घण्टाको अवधिमा ३९ जना नागरिकले बाढीपहिरोका कारण ज्यान गुमाएका थिए। गत वैशाखदेखि पुसम्मको अवधिमा देशभर बाढीका ३ सय १६ घटनामा ३ हजार ३ सय ४ जना र पहिरोका ४ सय २७ घटनामा १ हजार ५ सय ६३ जना प्रभावित भएका थिए।

## बाल अधिकार

नेपालको जनसङ्ख्याको झण्डै आधा हिस्सा बालबालिकाहरू रहेको छ। नेपाल सरकारले बालबालिकाहरूको हक, अधिकार, संरक्षण र सम्वर्द्धनका लागि बाल अधिकारसम्बन्धी महासन्धि लगायत विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरू, त्यसका ऐच्छिक प्रलेखहरू, घोषणापत्र तथा कार्ययोजनाहरूमा प्रतिबद्धता जनाएको छ। यस्ता महासन्धिहरूको व्यवहारिक कार्यान्वयनका लागि विभिन्न राष्ट्रिय तथा क्षेत्रीय एवम् स्थानीय स्तरका कार्यक्रमहरू, ऐननियमहरू निर्माण भए पनि विभिन्न चुनौतीहरू देखापरेका छन्।

बालश्रम, बालबालिका ओसारपसार, बेचबिखन, यौनजन्य हिंसा, शिक्षा र स्वास्थ्यको अवसरबाट वञ्चितीजस्ता बाल अधिकार हनन्का घटनाबाट बालबालिका पीडित भएको इन्सेकको अभिलेखले दर्शाए। इन्सेक प्रतिनिधिहरूले जिल्लाका विद्यालयहरूको अनुगमन गर्दा धेरैजसो विद्यालयका भवन बालमैत्री पाएनन्। छात्राहरूका लागि उचित शौचालय थिएन। भएका शौचालयहरू अव्यवस्थित र फोहोर पाइए। अत्यन्त न्यून सङ्ख्यामा अपाङ्गमैत्री विद्यालय भेटिए।

यस वर्ष बालअधिकार उल्लङ्घनका घटनामा १ हजार ३ सय ४९ जना पीडित भएको अभिलेख भयो। बलात्कारका घटनामा ६ सय ९६ बालिका पीडित भए। तीन जना बालिकाको बलात्कारपछि हत्या भयो। सामूहिक बलात्कारका घटनामा ४० जना र ५० जना बालिका परिवारका सदस्यद्वारा बलात्कृत भए। यसैगरी, यौन दुर्व्यवहारका घटनामा २ सय ६२ बालिका पीडित भए। साइबर स्पेश प्रयोग गरी २ सय ३७ जना बालबालिकाको अधिकार हनन् गरियो। ४१ जना बालबालिका बेचबिखन तथा ओसारपसार घटनामा पीडित भए। उमेर नपुगी विवाह हुने प्रचलन अझै पनि कायम छ। यस वर्ष विद्यालयमा दिइने शारीरिक दण्डका घटनामा २० जना बालबालिका पीडित भए। अभिलेख भएको सबैजसो घटना मिलापत्रमा टुङ्गिए।

*सिरहा जिल्लाको नरहा गाउँपालिका-३ स्थित सिरहा पब्लिक स्कुलमा कक्षा नौमा अध्ययरत १४ वर्षीय बालकलाई विद्यालयका प्रधानाध्यापक रामप्रकाश यादवले कुटपिट गरेको भन्दै पीडित पक्षले २०८२ साउन २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। कुटपिटबाट बेहोस भएका बालकको उपचार विराटनगर स्थित न्यूरो अस्पतालमा भयो। उपचार खर्च व्यहोर्ने सर्तमा साउन २८ गते मेलमिलाप भयो।*

## जातीय विभेद

जातका आधारमा मानिसमाथि विभाजन र भेदभाव गर्ने चलन व्यक्तिगत अधिकारको गम्भीर उल्लङ्घन हो। नेपाली समाजमा जातका आधारमा विभेद हुने गरेका घटनाहरू सार्वजनिक हुँदै आएका छन्। कतिपय घटना सार्वजनिक हुन्छन् त कतिपय घटना सार्वजनिक हुँदैनन्।

जातका आधारमा गरिने भेदभाव अमानवीय कार्य हो। यस्ता व्यवहार कानुनी रूपमा अक्षम्य भए पनि संरचनात्मक मानसिकताका कारणले अझै पनि विद्यमान छ। भेदभावविरुद्ध समान अधिकार र न्यायको वकालत जारी रहे पनि कमजोर वर्गको रूपमा रहेका दलितहरू हिंसाबाट पीडित छन्। शुन्य हिंसाको परिकल्पना कागजमा मात्रै सीमित बनेको छ। नेपालको संविधानले जातीय भेदभाव र छुवाछुतलाई गम्भीर अपराध मानेको छ। छुवाछुत र भेदभाव नहुने अवस्था सिर्जना गरी प्रत्येक व्यक्तिको समानता, स्वतन्त्रता र मानव मर्यादाका साथ बाँच्न पाउने हकको संरक्षण गर्ने व्यवस्था संविधानमा नै गरिएको छ। तर पनि संविधानप्रदत्त अधिकारको सही कार्यान्वयन हुन सकेको छैन। यसको कार्यान्वयनका लागि जिम्मेवार निकाय जबाफदेही हुनु पर्छ।

सन् २०२५ मा जातीय विभेदका घटनामा ४९ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमा सार्वजनिक ठाउँ प्रवेश निषेधका घटनामा १४ जना, छुवाछुत गरिएको घटनामा ३२ जना, अन्तरजातीय विवाहको घटनामा तीनजना पीडित भए। जातीय विभेदका धेरैजसो घटनामा मिलापत्र हुने गरेको, प्रहरीसम्म उजुरी नपुगेको, उजुरी गरिएका घटनामा पनि मेलमिलाप हुने गरेको इन्सेकको अभिलेखमा देखियो।

*सिरहा जिल्ला औरही गाउँपालिका-५ का ३५ वर्षीय डोम समुदायका दिपक मल्लिकको घर २०८१ फागुन १० गते औरही गाउँपालिकाका अध्यक्ष ५५ वर्षीय शिवजी यादव, जनमत पार्टीका अध्यक्ष ३६ वर्षी दिलिप यादव र नाम ठेगाना नखुलेको ७५ वर्षीय मुल पुरोहित बजरंगी बाबाले २०८१ चैत १७ गते देखि गर्न लागेको बिष्णु महायज्ञका लागि भन्दै डोजर लगाइ भत्काइदिए।*

## निष्कर्ष

मानव अधिकारको अर्को आधारभूत मान्यता भनेको नागरिकले शान्तिपूर्ण रूपमा आफ्नो विचार व्यक्त गर्न पाउने अधिकार हो। लोकतन्त्रको आत्मा नै नागरिकको आवाज हो। अभिव्यक्ति स्वतन्त्रता र शान्तिपूर्ण प्रदर्शनको अधिकार बिना लोकतन्त्रको कल्पना गर्न सकिँदैन। राज्यको भूमिका आन्दोलनलाई सुरक्षित बनाउने हो, दमन गर्ने होइन। प्रदर्शन हिंसात्मक बन्दै गएको अवस्थामा राज्यले कानुन कार्यान्वयन गर्न सक्छ, तर त्यो प्रक्रिया मानव अधिकारमैत्री हुनुपर्छ। बल प्रयोग अन्तिम विकल्प हुनुपर्छ। त्यो पनि आवश्यक र अनुपातिक हुनुपर्छ। तर, भदौ २३ गतेको आन्दोलनका क्रममा भएका प्रदर्शन नियन्त्रण राज्यको सुरक्षा दृष्टिकोण अझै पनि दमनमुखी मानसिकताबाट मुक्त हुन नसकेको आभाष भयो। भदौ २४ गते भएको विध्वंशका घटनाका दोषीउपर कारबाही हुन्छ की हुँदैन भन्ने सवाल पनि टड्कारो छ।

मानव अधिकारको प्रत्याभूति त्यतिबेला हुन्छ जब मानव अधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धता लागु गरिन्छन्। गैरराज्य पक्षबाट हुने उल्लङ्घन र ज्यादतीका घटनामा बढोत्तरी भएको

देखिन्छ। महिलामाथि हुने हिंसा न्यूनीकरणमा शून्य सहनशीलताको नीति राज्यले अपनाएको भनिए पनि चेतनाको अभाव र भएका कानुनहरूको प्रभावकारी कार्यान्वयन हुन नसक्दा महिलामाथि हुने हिंसाका घटनामा कमी आएको छैन। महिलामाथि भएका हिंसाका घटनामा मेलमिलाप गरिने, परिवारको घेराभन्दा बाहिर लैजान नदिने चलन व्याप्त रह्यो। कानुनको प्रभावकारी कार्यान्वयन यससन्दर्भमा नभई नहुने कुरा हो।

दश वर्ष लामो सशस्त्र द्वन्द्वको औपचारिक अन्त्य घोषणा गर्दै सरकार र तत्कालीन विद्रोही पक्ष नेकपा माओवादीबीच शान्ति सम्झौता भएको १८ वर्ष पूरा भयो। तर, सशस्त्र द्वन्द्वले बनाएका घाउहरू पुर्नेतर्फ नेपालका राजनीतिक दलको इच्छाशक्ति देखिएन। यस वर्ष पुर्नगठन गरिएका आयोगहरूप्रति द्वन्द्वपीडितहरूको चर्को असहमति बाहिर आयो।

मानव अधिकार कार्ययोजनाको प्रभावकारी कार्यान्वयन, दिगो विकास लक्ष्यले तोकेका विषयहरूको स्थानीयकरण, दण्डहीनताको अन्त्य, राजनीतिको अपराधिकरणको अन्त्यजस्ता विषयमा काम हुन सके सरकारले भनेजस्तो समृद्धिका विषयले प्राथमिकता पाउलान् भन्ने अपेक्षा गर्न सकिन्छ। सरकारले अघि सारेका नीति तथा कार्यक्रमहरूले आमजनाताको जीवनमा केही परिवर्तन ल्याउन सक्यो भने मात्रै सरकार भएको अनुभूति जनताले गर्नेछन्। मानव अधिकारको परिपालनामा देखिएका कमजोरी सुधार गुर्न, दण्डहीनताको अपसंस्कार अन्त्य गर्नु पनि आजको कार्यभार हो।

**सुझाव**

- गत भदौ २३ र २४ गते भएको घटनाका दोषीलाई कानुनी दायरामा ल्याउनु पर्ने।
- दण्डहीनता अन्त्य गर्न विगतमा भएका मानव अधिकारका उल्लङ्घनका गम्भीर दोषीउपर कानुनी कारबाही आरम्भ गर्ने।
- शिक्षा, स्वास्थ्य जस्ता मौलिक हक प्रभावकारी कार्यान्वयनका लागि कार्य गर्ने।
- मानव अधिकार राष्ट्रिय कार्ययोजना प्रभावकारी कार्यान्वयन गर्ने।
- बल प्रयोगको सिद्धान्त र व्यवहारबारे सुरक्षाकर्मीलाई प्रशिक्षित गर्नुपर्ने।

विश्लेषण

# मानव अधिकार र कार्यपालिका

**परिचय**

राजनीतिक अस्थिरताका साथसाथै सामाजिक-आर्थिक चुनौतीहरूलाई सम्बोधन गर्न नसक्नु तथा बढ्दो जलवायु सङ्कटले सन् २०२४ मा नेपालको मानव अधिकारको अवस्थालाई कमजोर बनायो *(साह, २०८१)*। सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन संशोधन गर्ने र राष्ट्रिय मानव अधिकार आयोग विधेयक मस्यौदा गर्ने प्रयासहरू उल्लेखनीय भए पनि यो वर्ष बृहत् सुशासन र नीतिगत कमजोरीहरूको सन्तुलन कायम गर्ने सन्दर्भमा भने अपर्याप्त सिद्ध भयो।



पुण्यप्रसाद अधिकारी

यस वर्ष गैरन्यायिक हत्या, यातना र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी उल्लङ्घनका घटनाहरूमा उल्लेख्य रूपमा कमी आयो। यति हुँदाहुँदै पनि सरकार संवैधानिकको भावना अनुरूप अघि बढ्न असफल रह्यो र मानव अधिकार कार्ययोजनामा उल्लेख गरिएअनुसार आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको कार्यान्वयनमा मूलतः निष्क्रिय बन्यो। यी अवरोधहरूले सुशासनमाथि व्यवधान सिर्जना गरे। बेरोजगारी, गरिबी तथा बेघरबार जस्ता समस्या समाधान गर्न आवश्यक महत्वपूर्ण सामाजिक-आर्थिक सुधारहरूमा ढिलाइ भयो। लाखौँ नागरिकहरू आवास, स्वास्थ्य सेवा र शिक्षा लगायतका आधारभूत आवश्यकताहरूको सीमित पहुँचको सामना गर्न बाध्य भए।

आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारप्रतिको सरकारी निष्कृयताले संवैधानिक प्रतिबद्धता कमजोर बनायो। जसले गर्दा व्यापक अधिकार प्राप्तीसहितको न्यायपूर्ण र समतामूलक समाजमा जोड दिने संविधानको परिकल्पना अधुरै रह्यो। यसबाट उत्पन्न नीतिगत सङ्कुचन, बेरोजगारी र असमानताहरूले जनविश्वास कायम राख्ने र स्थिर नेतृत्व प्रदान गर्ने संविधानको मनसाय प्रत्यक्ष रूपमा खण्डित हुन पुग्यो। विश्वव्यापी आवधिक समीक्षा (यूपीआर) प्रतिवेदनले मानव अधिकार सम्बोधन गर्नमा सरकार निरन्तर चुकेको तथ्यलाई उजागर गर्दै विशेष रूपमा आर्थिक र सामाजिक अधिकारजस्ता प्रमुख क्षेत्रहरूमा भएको सरकारी निष्क्रियतालाई औँल्यायो। प्रतिवेदनले यिनै अवस्थाका कारण मानव अधिकार चुनौतीहरूले निरन्तरता पाएको पनि उल्लेख गऱ्यो। यूपीआरले विशेषगरी आर्थिक र सामाजिक अधिकारहरूलाई तत्काल सुधार गर्न आह्वान गरेको छ भने न्यायपूर्ण एवम् समतामूलक समाज प्रत्याभूत गर्न भेदभावलाई सम्बोधन गर्नुपर्ने, अभिव्यक्ति स्वतन्त्रताको रक्षा गर्नुपर्ने र अन्तर्राष्ट्रिय मानव अधिकार दायित्वहरू पूरा गर्नुपर्ने आवश्यकतामाथि जोड दिएको छ।

जलवायु परिवर्तनका विषयमा नेपाल सरकारले अन्तर्राष्ट्रिय मञ्चहरूमा निरन्तर अडान राख्दै आएको छ। उदाहरणका लागि

यस वर्षको वैशाख महिनामा आयोजित हिमालय, जनता र जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय विज्ञ संवाद कार्यक्रममा सरकारले हिमालयको महत्त्वमाथि जोड दिएको थियो र यसबारे विश्वव्यापी छलफलहरूमा उचित मान्यता पाउनु पर्ने पक्षमा वकालत गरेको थियो *(ढुङ्गाना, २०८१)*। यसका अतिरिक्त, नेपालले नोभेम्बर २०२३ मा आफ्नो पहिलो राष्ट्रिय अनुकूलन योजना सार्वजनिक गर्दै सन् २०५० सम्म अनुमानित ४७ अर्ब अमेरिकी डलर लागतमा जलवायु परिवर्तन विरुद्ध लचिलोपन बढाउने विस्तृत रणनीति *( UNEP, २०८०)* प्रस्तुत गऱ्यो। यी पहलहरूले नीतिगत रूपरेखा र अन्तर्राष्ट्रिय संवादहरूमा सक्रिय सहभागिताका माध्यमबाट जलवायु परिवर्तन सम्बोधन गर्ने नेपालको प्रतिबद्धतालाई उजागर गरे। राष्ट्रिय अनुकूलन योजनामा जलवायु अनुकूलनलाई सहयोग पुऱ्याउने हरित लचिलो कृषि योजना र राष्ट्रिय अनुकूलन कार्यक्रम जस्ता श्रृङ्खलाबद्ध पहलहरू समावेश छन्, यी दुवै योजनाहरू दिगो कृषि अभ्यासहरूको प्रवर्द्धन र जलवायु आघातप्रतिको संवेदनशीलता घटाउने उद्देश्यमा केन्द्रित छन्। तर, यी प्रतिबद्धताहरू व्यवहारमा मूर्त रूपमा परिणत हुन सकेका छैनन्।

यो वर्ष नेपालले अत्यधिक ताप लहर (लु) को सामना गऱ्यो *(OCHA, २०८१)*। काठमाडौंमा जेठ महिनाको तापक्रम ३५.३ डिग्री सेल्सियससम्म पुग्यो भने नेपालगञ्जमा ४४.२ डिग्री। उत्तरी क्षेत्रहरूमा ९ डिग्री सेल्सियसभन्दा कम तापक्रम रेकर्ड गरिएको थियो भने दक्षिणी भागहरूमा अधिकतम तापक्रम ३३ डिग्री सेल्सियसभन्दा माथि पुग्यो। विशेषगरी, टीकापुर केन्द्रले मे ३० मा सबैभन्दा उच्च दैनिक तापक्रम ४५.२ डिग्री सेल्सियस *(जल तथा मौसम विज्ञान विभाग, २०८१)* रेकर्ड गऱ्यो। अत्यधिक तापक्रमले जनस्वास्थ्य, कृषि र दैनिक जीवनमा उल्लेखनीय असर गऱ्यो *(सिंह, २०८१)* र, प्रभावकारी जलवायु अनुकूलन रणनीतिहरूको अविलम्ब आवश्यकतालाई उजागर गरेको छ।

असोज महिनामा भएको अविरल वर्षपछि आएको बाढी र पहिरोका कारण सृजित समस्या सम्बोधन गर्ने क्रममा महत्वपूर्ण कमजोरी रहेको देखियो। २० जिल्लाका ७१ वटा पालिकालाई विपत् प्रभावित क्षेत्र घोषणा गरिए पनि विपत्को व्यापकताका कारण मुलुकले सङ्कट व्यवस्थापनमा चुनौतीहरूको सामना गर्नुपऱ्यो। स्रोत र पूर्वाधार दुवैमा पर्याप्त पूर्वतयारीको अभावले अत्यधिक विनाश र राहत प्रयासमा ढिलाइ भयो। चरम मौसमी घटनाहरूको प्रभावसँग पहिल्यैदेखि जुधिरहेका संवेदनशील समुदायहरूको कष्ट झन बढायो। यो एउटै घटनाले दुई सयभन्दा बढी मानिसको ज्यान लियो, हजारौँ घरहरू नष्ट गऱ्यो र असङ्ख्य परिवारहरू विस्थापित हुन पुगे *(स्थितिसूचक, २०८१)*। सरकारको विपत्पछिको उद्धार उपायहरूमा विपत् क्षेत्र घोषणा र तत्काल सहायता कोष विनियोजन समावेश भए पनि अन्ततः दीर्घकालीन योजना र न्यायसङ्गत स्रोत वितरणमा गम्भीर कमजोरी रहेको छर्लङ्ग देखियो।

निरन्तरको आप्रवासन सङ्कटले नेपालको सामाजिक-आर्थिक सङ्घर्षमा अर्को तहको जटिलता थप्यो। वातावरणीय विपत्ले आन्तरिक विस्थापन निम्त्याएको छ भने आर्थिक चुनौती र २० प्रतिशत युवा बेरोजगारी दरले लाखौं नेपालीहरूलाई अवसर खोजीमा विदेश पलायन गरायो। विप्रेषण अर्थतन्त्रका लागि महत्वपूर्ण जीवनरेखा रहेको भए तापनि *(सन् २०२३ मा नेपालको कूल गार्हस्थ्य उत्पादनको २५.५ प्रतिशत)* पछिल्ला पाँच वर्षमा १५ लाखभन्दा बढी वैदेशिक रोजगारीमा गएका नेपालीहरू

स्वदेश फर्किए। दिगो रोजगार कार्यक्रम कार्यान्वयन गर्न वा पर्याप्त पुर्नएकीकरण सहायता *(आइओएम, २०७९)* प्रदान गर्न सरकार असफल भएको हुँदा नेपाली युवाहरूमा निराशा बढ्दो छ र अर्थतन्त्र दबाबमा पऱ्यो।

यस वर्ष सत्य निरूपण तथा मेलमिलाप आयोग ऐनमा गरिएका संशोधनले नेपालको सशस्त्र द्वन्द्वका क्रममा भएका अपराधलाई सम्बोधन गर्नेतर्फ पहलकदमीलाई देखाएको छ। यस संशोधनले न्याय र जबाफदेहिताको आवश्यकताको स्वीकारोक्तितर्फ इङ्गित गरेको छ। विशेषगरी गम्भीर मानव अधिकार उल्लङ्घनका घटनाहरूमा आममाफी दिने प्रावधानका कारण यो संशोधन आलोचना मुक्त भने रहेन *(एचओडब्लु, २०८१)*।

पहिलो र पछिल्लो दुबै सरकार यी मुद्दाहरूसँग सङ्घर्ष गरिरहे र महत्वाकाङ्क्षी नीतिगत रूपरेखाहरू प्रस्तुत गर्दागर्दै पनि दीर्घकालीन जलवायु लचिलोपन योजनाहरू कार्यान्वयन गर्न असफल रहे। सत्य निरूपण तथा मेलमिलाप आयोगको प्रक्रिया सम्बोधन गर्नमा ढिलासुस्ती र मानव अधिकार रक्षकहरूका लागि अपर्याप्त संरक्षण व्यवस्थाले दुवै सरकारको मानवअधिकारलाई सम्बोधन गर्ने तौरतरिकाहरूमाथि प्रश्न उठ्यो।

**नीतिगत रूपरेखा र विधायिका**

सङ्क्रमणकालीन न्याय कानुन संशोधन र सोह्रौं पञ्चवर्षीय योजनामा महत्वाकांक्षी उद्देश्यहरू समावेश गर्नुले मानव अधिकार र सामाजिक न्यायसँग आफ्ना विकास प्राथमिकताहरूलाई तालमेल गर्ने सरकारको मनसायलाई उजागर गऱ्यो। यी उपायहरूले व्यवहारिक सुशासन र विकास प्रयासहरूमा संवैधानिक प्रत्याभूतिहरूलाई एकीकृत गर्ने बृहत् प्रतिबद्धतालाई जोड दियो। तर, सङ्क्रमणकालीन न्याय प्रक्रियाहरूमा ढिलाइ, अपर्याप्त बजेट विनियोजन र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिको कार्यान्वयनका सन्दर्भमा उल्लेख गरिएका असफलताहरूले यस प्रतिबद्धतामाथि चुनौती खडा गरे।

सरकारको मानव अधिकार र वातावरणीय मुद्दाहरू सम्बोधन गर्ने प्रयासलाई नयाँ दर्ता गरिएका केही विधेयकहरूले प्रतिबिम्बित गरे। नवीकरणीय उर्जा र उर्जा दक्षता विधेयकले वातावरण संरक्षणप्रति सरकारको प्रतिबद्धता दर्शायो। मानव शरीर जलन नियन्त्रण र सजाय विधेयकले पीडित राहत कोष, बीमा, र आपतकालीन सेवाहरू उपलब्धता सम्बन्धी विधेयक समावेश छन्। यसका साथै ज्वलनशील र हानिकारक पदार्थहरूको प्रयोगलाई अपराध घोषित गरिएको छ। यी प्रयासहरू आशाजनक भए पनि, प्रभावकारी कार्यान्वयनमा भने चुनौतीहरू कायमै छन्।

मिडिया काउन्सिल विधेयकमा मिडियाका अभ्यासहरूलाई नियमन गर्ने खालका प्रवाधानहरू राखिए। यस विधेयकले अभिव्यक्ति स्वतन्त्रतामाथि पार्न सक्ने प्रभावका बारेमा प्रश्न उठ्यो। यस विधेयकले मिडिया जवाफदेहिता सुनिश्चित गर्न चाहे पनि, नागरिक स्वतन्त्रता कायम राख्ने सम्बन्धी संवैधानिक सुनिश्चितता र अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूसँग यसको तादात्म्यताका बारेमा चासो विद्यमान छ। लोकतन्त्रको आधारशीलाका रूपमा अभिव्यक्ति स्वतन्त्रतालाई संरक्षण गर्नुपर्ने आवश्यकताले यस कानुनलाई विश्लेषण र संशोधन गरिनुपर्ने पक्षलाई औँल्याएको छ। गत वर्ष लगाइएको टिकटकमाथिको प्रतिबन्ध यो वर्ष सरकारले हटायो।

नेपाल सरकारका आगामी नीतिहरूले दीर्घकालीन चुनौतीहरू सम्बोधन गर्दै दिगो विकासलाई प्रवर्द्धन गर्ने लक्ष्य

लिएका छन्। बृहत् आर्थिक स्थिरता र समावेशी आर्थिक वृद्धिमा केन्द्रित रहँदै सरकारले सङ्घीय शासकीय संरचना सुदृढ गर्न, विकास परियोजनाहरूको कार्यान्वयनमा तीव्रता दिन र नवीकरणीय ऊर्जामा लगानी बढाउन योजना तर्जुमा गरेको छ। प्राथमिकताका क्षेत्रहरूमा जलवायु-प्रतिरोधी पूर्वाधारतर्फको सङ्क्रमण, "कृषि क्षेत्रमा लगानी दशक" जस्ता लक्षित कार्यक्रमहरू मार्फत कृषि उत्पादकत्व अभिवृद्धि र आउँदो आर्थिक वर्ष जलविद्युत क्षमतालाई ४,५०० मेगावाटसम्म विस्तार गरी स्वच्छ ऊर्जा पहुँचमा सुधार गर्ने लगायत छन्। सरकारले प्रदेशहरूबीच समान स्रोत वितरण सुनिश्चित गर्दै यातायात पूर्वाधार सुधार र प्रदेशहरूबीच समतामूलक स्रोतको वितरणमार्फत असमानताहरू कम गर्ने लक्ष्य लिएको छ, यसले सन्तुलित विकासतर्फको बृहत् दृष्टिकोणलाई इङ्गित गर्दछ। यसका साथै स्वास्थ्य बीमा विस्तार, पूर्व सावधानी प्रणालीहरू मार्फत विपत् प्रतिरोधकता सुदृढीकरण र अन्तर्राष्ट्रिय जलवायु वित्त पोषणका लागि वकालत गर्ने प्रतिबद्धताहरूले विश्वव्यापी दिगोपना लक्ष्यहरूलाई स्थानीय विकास पहलहरूसँग तादात्म्य स्थापित गर्ने नेपालको रणनीतिक प्रयासलाई प्रतिबिम्बित गर्दछन् *(नीति तथा कार्यक्रम, २०८१)*।

## सङ्क्रमणकालीन न्याय ऐन र २०२४ का संशोधनहरू

दश वर्ष लामो सशस्त्र द्वन्द्व औपचारिक रूपमा सन् २००६ मा समाप्त भए पनि द्वन्द्वका कारण भएको क्षतिको परिपूरण अझै हुन सकेको छैन। संसदले संशोधित सङ्क्रमणकालीन ऐन पारित गरेसँगै सशस्त्र द्वन्द्वका कारण उत्पन्न जटिलता सम्बोधन हुने आश गर्न सकिन्छ। कानुनमा गरिएका सुधारहरूले पीडितहरूका गुनासाहरू सम्बोधन गर्न व्यवस्थित दृष्टिकोण अघि सारेका छन्। तर, तिनीहरूको सफलता अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डहरूको कडाइका साथ पालना र पीडित केन्द्रित दृष्टिकोण अपनाउँदै क्षतिपूर्तिमूलक न्यायलाई कसरी प्राथमिकता दिइन्छ त्यस कुरामा निर्भर हुन्छ।

हालको संशोधनमा सर्वोच्च अदालतको परमादेश, द्वन्द्वपीडित, राष्ट्रिय मानवअधिकार आयोग तथा अन्य राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाले गरेका सिफारिसलाई केही हदसम्म समावेश गरिएको छ। ऐनले गैरन्यायिक हत्या र बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरू लगायतका गम्भीर मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई सम्बोधन गर्न खोजेका छन्। तर, यी संशोधनहरूमा पनि कमीकमजोरीहरू रहेका छन्, विशेषगरी यातना र यौन हिंसाजस्ता अपराधहरूका लागि आममाफी दिने कार्यमा प्रत्यक्ष प्रतिबन्ध लगाउने प्रावधानको अभाव छ। यसखाले कमजोरीका कारण यी संशोधनले घरेलु अपेक्षा र अन्तर्राष्ट्रिय मापदण्ड दुवैसँग तादात्म्य राख्ने न्याय प्रदान गर्न सक्छन् की सक्दैनन् भन्ने कुरामा गम्भीर चासो उठेको छ।

**बेपत्ता पारिएका व्यक्तिहरूको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (संशोधन) ऐन २०२४:** संशोधित ऐनमा "मानवअधिकार उल्लङ्घन" र "गम्भीर मानवअधिकार उल्लङ्घन" बीच फरक छुट्ट्याइएको छ। यस वर्गीकरणमा मनोमानी हत्या, बेपत्ता परिएका व्यक्तिहरू र गम्भीर यातनाजस्ता अपराधहरू समावेश छन्। संशोधनले त्यस्ता अपराधहरू सम्बोधन गर्न क्षतिपूर्तिका संयन्त्रहरू पनि अघि सारेको छ। यसका अतिरिक्त संशोधित कानुनले सम्बन्धित आयोग गठन भएको तीन महिनाभित्र गम्भीर यौन हिंसाका पीडितहरूलाई उजुरी दर्ता गर्न सुविधा प्रदान

गरेको छ। यसले पीडितहरूको कष्टप्रति संवेदनशीलता र तत्परताबीच सन्तुलन कायम गर्ने प्रयासलाई प्रतिबिम्बित गर्दछ।

**आममाफीका प्रावधानसम्बन्धी चासोहरू :** सामान्य प्रकृतिका उल्लङ्घनहरूमा पीडितको सहमतिलाई अनुमति दिने ऐनका आममाफी सम्बन्धी प्रावधानहरूले महत्वपूर्ण बहसको थालनी गरेको छ। यस्ता प्रावधानहरूले विशेषत: पीडित र पीडकहरूबीच शक्ति असन्तुलनका सन्दर्भहरूमा दबाव सिर्जना गर्ने जोखिम बढाएका छन्। आलोचकहरूको तर्क के छ भने यी प्रावधानहरूले न्याय र जवाफदेहीताका सिद्धान्तहरूलाई कमजोर बनाउन सक्छन्। यसखाले चासोलाई सम्बोधन गर्न मेलमिलाप प्रक्रियाभरि पीडितका अधिकारहरूको सुनिश्चितताका लागि मजबुत सुरक्षा उपायहरू कार्यान्वयनमा ल्याइनु पर्दछ।

**मेलमिलाप प्रक्रिया :** मेलमिलाप नेपालको सङ्क्रमणकालीन न्याय रूपरेखाको आधारशीला रहेको छ। तर, यसको कार्यान्वयन विशेष गरी पीडित र पीडकहरूबीचको असमान शक्तिसम्बन्धका कारण चुनौतीपूर्ण छ। पीडितहरूको मर्यादा र स्वायत्तताको रक्षा गर्न नैतिक र पारदर्शी मेलमिलाप प्रक्रियाहरू अत्यन्त महत्वपूर्ण हुन्छन्। यस्तो सुरक्षा उपायविना पीडितलाई थप पीडित बनाउने  जोखिम उच्च रहन्छ, जसले संक्रमणकालीन न्याय प्रणालीप्रतिको विश्वासलाई अझ कमजोर बनाउँछ।

नेतृत्वमा बारम्बार हुने परिवर्तनबाट निर्धारित नेपालको राजनीतिक परिदृष्यले सुशासन र नीतिहरूको सुसङ्गत कार्यान्वयनमा निरन्तर बाधा पुऱ्याउँदै आएको छ। यस अस्थिरताले मानव अधिकारसम्बन्धी समस्याहरूको समाधानमा ढिलाइ गराएको छ र संवैधानिक व्यवस्थाहरूको प्रगतिमा अवरोध पैदा गर्छ। विशेषगरी पहिलेदेखिनै सीमान्तकृत कमजोर समुदायहरूमाथि यस अस्थिरताका कारण सबैभन्दा बढी असमानुपातिक बोझ थोपरिन्छ, किनभने नीतिगत अवरोधले उनीहरूका आधारभूत सेवाहरू र न्यायको पहुँचलाई सीमित गर्दछ।

**सुदृढ शासनको आवश्यकता :** यी प्रभावहरू कम गर्न नेपालले राजनीतिक सङ्क्रमणहरूको सामना गर्न सक्ने सुदृढ शासकीय संरचना निर्माण गर्नुपर्छ। संस्थागत संरचनाहरूलाई बलियो बनाउँदै विशेष गरी सङ्क्रमणकालीन न्यायको क्षेत्रमा प्रमुख सुधारहरूको निरन्तरतालाई सुनिश्चित गर्नु, जनताको विश्वास आर्जन गर्नु र जवाफदेहितालाई प्रवर्द्धन गर्नु अत्यावश्यक छ। शासकीय कार्यमा निरन्तर र पारदर्शी दृष्टिकोणले मानव अधिकारलाई अघि बढाउन र युगौंदेखिका अन्यायहरूको समाधान गर्न आवश्यक स्थायित्व प्रदान गर्न सक्छ *(एम्नेष्टी इन्टरनेशनल, २०८१)*।

**सङ्क्रमणकालीन न्यायमा विश्वव्यापी पाठहरू :** नेपालले सङ्क्रमणकालीन न्यायिक रूपरेखा भएका अन्य राष्ट्रहरूबाट महत्वपूर्ण पाठहरू सिक्न सक्छ। उदाहरणका लागि, दक्षिण अफ्रिकाको सत्य निरूपण र मेलमिलाप आयोगले दीर्घकालीन मेलमिलापलाई प्रोत्साहन गर्न पीडित-केन्द्रित दृष्टिकोण र परिपूरक न्यायलाई प्राथमिकता दिएको थियो। त्यस्तैगरी कोलम्बियाको शान्तिका लागि विशेष क्षेत्राधिकार (जेइपी) ले पुनर्स्थापनात्मक न्यायमा केन्द्रित हुँदै पीडितको सक्रिय सहभागिता सुनिश्चित गर्न र द्वन्द्वलाई निरन्तरता दिने प्रणालीगत समस्याहरू समाधान गर्ने उपाय सिकाउँछ। यी पाठहरूको निष्कर्ष नेपालले न्याय, जवाफदेहिता र मेलमिलापको सन्तुलनलाई महत्त्व दिँदै विशिष्ट सामाजिक-राजनीतिक सन्दर्भलाई अनुकूल हुने ढाँचा डिजाइन गर्नुपर्ने आवश्यकतालाई जोड दिनुपर्छ भन्ने

देखिन्छ।

सत्य निरूपण तथा मेलमिलाप आयोग ऐनको सन् २०२४ मा भएको संशोधनहरू नेपालमा लामो समयदेखि कायम रहेको सङ्क्रमणकाल अन्त्य गर्नेतर्फको पहलकदमी हो। तर, यसको सफलता कार्यान्वयन, दुरूपयोग रोक्न सुरक्षा उपायहरूको स्थापना र राजनीतिक अस्थिरताबीच संस्थागत निरन्तरता कायम गर्ने प्रतिबद्धतामा निर्भर हुनेछ। विश्वव्यापी उत्कृष्ट अभ्यासहरू समावेश गरी र पीडित-केन्द्रित दृष्टिकोणलाई प्राथमिकता दिएर नेपालले आफ्नो सङ्क्रमणकालीन न्याय रूपरेखालाई बलियो बनाउन र शान्ति तथा समानताप्रति सार्थक प्रगति सुनिश्चित गर्न सक्छ।

## १६ औँ आवधिक योजना र दिगो विकास लक्ष्य

नेपालको १६ औँ आवधिक योजना ( सन् २०२४-२०२८) ले राष्ट्र विकासका लागि समग्र खाका प्रस्तुत गरेको छ, जसले समावेशी विकास, पूर्वाधार निर्माण र मानव अधिकारको संरक्षणलाई प्राथमिकता दिएको छ। योजनाका प्रमुख लक्ष्यहरूमा लैङ्गिक हिंसामा ३० प्रतिशत कमी ल्याउने, न्यायमा सर्वसुलभ पहुँच सुनिश्चित गर्ने र मानव अधिकार रक्षक तथा द्वन्द्वपीडित लगायत सीमान्तकृत समुदायहरूको सुरक्षालाई बलियो बनाउने कार्यहरू समावेश छन्।

यति हुँदाहुँदै पनि योजनाको सफलता नीतिको अभिप्राय र कार्यान्वयनबीच विद्यमान खाडललाई पुर्न सक्नुमा निर्भर रहन्छ। जलवायु परिवर्तन, आर्थिक असमानता र मानव अधिकारजस्ता संवेदनशील क्षेत्रमा योजनाका व्यवस्थाहरूले कमजोर समूहहरूलाई असमान रूपमा प्रभावित गर्ने प्रणालीगत अवरोधहरूलाई सम्बोधन गर्नुपर्छ। लैङ्गिक हिंसा विरुद्धका कानुनी प्रावधानहरू विद्यमान रहे पनि, कार्यान्वयन पक्ष कमजोर छ, दोषी ठहर दर/दोषी प्रमाणित गर्ने दर कम छ र पीडितहरूले न्यायमा पहुँच पाउन अत्यधिक अवरोधहरूको सामना गर्नुपरेको छ। यी चुनौतीहरूले शासकीय कार्यमा व्यापक असफलता र महत्वाकांक्षी लक्ष्यहरूलाई व्यवहारमा रूपान्तरण गर्न राजनीतिक इच्छाशक्तिको अभावलाई झल्काएका छन्।

नेपालले प्रमुख मानव अधिकार सन्धिहरू अनुमोदन गरे पनि प्रणालीगत अवरोधहरूका कारण अन्तर्राष्ट्रिय दायित्व परिपूर्ति गर्ने मुलुकको क्षमता निरन्तर अवरुद्ध छ। महत्त्वपूर्ण सन्धिहरूको प्रतिवेदन समयमै बुझाउन नसक्ने स्थिति यसको प्रमाण हो। उदाहरणका लागि तेस्रो विश्वव्यापी आवधिक समीक्षा (यूपीआर) चक्र/चरणले यी म्यादहरूलाई प्राथमिकतामा राख्न सिफारिस गर्दा गर्दै पनि  सीडका लागि सातौँ र आठौँ आवधिक प्रतिवेदन (२०२१ मा बुझाउनु पर्ने) र नागरिक तथा राजनीतिक अधिकार महासन्धिको प्रतिवेदन (२०२२ मा बुझाउनु पर्ने) भए पनि यो वर्ष पनि बुझाइएनन्। यी प्रतिवेदनहरू नबुझाइनुले नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धताप्रतिको कमजोर जबाफदेहितालाई औँल्यायो। लैङ्गिक हिंसा, जातीय विभेद र मानव अधिकार रक्षकको संरक्षणजस्ता गम्भीर मुद्दाहरूको समाधानका लागि कमजोर प्रगति देखिएको छ। यस्ता समस्याहरूलाई सम्बोधन गर्न कानुनहरू भए पनि कमजोर कार्यान्वयन संयन्त्र र प्रणालीगत ढिलाइका कारण पीडितहरूले पर्याप्त न्याय र संरक्षण पाउन सकिरहेका छैनन् *(सीआइभीआइसीयुएर, २०८१)*।

लैङ्गिक हिंसाविरुद्धको सुरक्षालाई सुदृढ गर्नका लागि यूपीआरबाट प्राप्त सुझावलाई स्वीकार गरे पनि कार्यान्वयन भने कमजोर रह्यो। मानव अधिकार रक्षकको सुरक्षालाई बलियो बनाउन यूपीआरबाट आएका  सिफारिसलाई पनि ध्यान नदिँदा

पर्याप्त नतिजा आउन सकेन। मानव अधिकार रक्षकले यो वर्ष पनि दुर्व्यवहार भोगे। कानुनी बृहत् सुरक्षा संयन्त्रको अभावले मानव अधिकार रक्षकहरू आक्रमणको जोखिममा छन्।

मानव अधिकारका चुनौतीहरूका साथै नेपाल जलवायु परिवर्तन र विपत् तयारीको काममा अलमलिएको छ। यूपीआर ले नेपालको जलवायु अनुकूलन योजनाहरूलाई अघि बढाउनु पर्ने आवश्यकता रहेको कुरा उल्लेख गरेको भएपनि राष्ट्रिय अनुकूलन योजनामा प्रगति सुस्त रह्यो। यी खाडलहरूले जलवायु परिवर्तनबाट पर्ने र परिरहेको समस्यालाई सामना गर्न सरकारको असफलतालाई उजागर गरिदिएको छ। यूपीआरले विपत् तयारीलाई सुदृढ गर्न सिफारिस गरेको भए पनि सन् २०२४ मा विपत् क्षेत्र घोषणा र कोष विनियोजन जस्ता केही पहलका बाबजुद प्रणालीगत कमजोरीहरू कायमै रहे। *(हेर्नुहोस्, बागमती प्रदेशको आलेख)* विपत् पूर्व तयारी अझै अपूर्ण रहेको र स्रोत साधनको असमान वितरणले प्रभावकारी कदम हुन सकेन।

राष्ट्रिय मानव अधिकार कार्ययोजनाले यूपीआरका धेरैजसो प्राथमिकताहरू समेटेको भए पनि स्रोतहरूको सीमितता तथा राजनीतिक इच्छाशक्तिको कमीले सार्थक प्रगति हुन सकेन। यूपीआरका सम्बन्धमा नागरिक समाजका सङ्गठनहरू निरन्तर प्रगति अनुगमन र सिमान्तीकरणमा परेका समुदायहरूको पक्षमा वकालत गरिरहेका भए पनि यूपीआरका सिफारिस पूर्ण कार्यान्वयन हुन सकेन। प्रणालीगत चुनौतीहरू कायमै रहेकाले महत्वपूर्ण सुधारको प्रक्रिया अवरुद्ध भयो। नेपालले यस वर्ष यूपीआर चौथो चक्र/चरणमा प्रवेश गर्दैगर्दा यी समस्याहरूको सामना गर्नु आवश्यक छ। शासकीय संयन्त्रहरूलाई सुदृढ गर्ने र अन्तर्राष्ट्रिय मानव अधिकार प्रतिबद्धता पूरा गर्दै सरकारको मानव अधिकार सरोकार पुष्टि गर्ने यो अवसर बन्न सक्छ। *(मानव अधिकार परिषद्, २०८१)*।

## सरकार परिवर्तन र राजनीतिक अस्थिरता

सन् २०२४ मा नेपालले प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) ले विश्वासको मत प्राप्त गर्न नसकेपछि राजीनामा दिए। एउटा गठबन्धन सरकार ढल्यो र अर्को राजनीतिक गठबन्धन सुरु भयो। यो परिवर्तनले नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष एवम् एमाले संसदीय दलका नेता खड्गप्रसाद शर्मा ओली चौथो पटक प्रधानमन्त्री बने। माओवादीसँगको गठबन्धन छाडेर नेपाली कांग्रेससँग भएको गठबन्धन सम्झौताले राजनीतिक गठबन्धनहरूको तरल अवस्थालाई उजागर गऱ्यो।

सङ्घमा गठबन्धन परिवर्तन भएसँगै प्रदेशस्तरीय गठबन्धन परिवर्तनले शासन चुनौतीहरूलाई थप जटिल बनायो। सर्वोच्च अदालतले गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले पाएको विश्वास मतलाई अवैधानिक घोषित गऱ्यो। जसले नेपाली कांग्रेसका सुरेन्द्रराज पाण्डेयलाई नयाँ मुख्यमन्त्रीको रूपमा नियुक्त हुने बाटो खोल्यो। त्यसैगरी बागमती प्रदेशमा मुख्यमन्त्री शालिकराम जमरकट्टेलले २०८१ वैशाख २६ गते दिएको राजीनामा स्वीकृत भएसँगै प्रदेशको नेतृत्वमा परिवर्तन ल्यायो। सङ्घीय र प्रदेश दुवै तहमा नेतृत्वका यी बारम्बार हुने गठबन्धन परिवर्तनहरूले नीतिगत निरन्तरतालाई बाधा पुऱ्याए। निर्णय प्रक्रियालाई ढिलो बनाए र प्रभावकारी शासनलाई कमजोर बनाए।

बारम्बार हुने गठबन्धन परिवर्तनले विशेष गरी आर्थिक नीति निर्माण, पूर्वाधार विकास र विदेश सम्बन्धलगायतका शासन पद्धतिलाई कमजोर बनायो। यी अक्षमताहरूले

दिगो विकास लक्ष्य-१६ तर्फको प्रगतिलाई ढिलो बनाउने मात्र होइन दिगो र समावेशी आर्थिक वृद्धि प्रवर्धन गर्ने लक्ष्य-८ का प्रयासहरूलाई समेत अवरोध गर्छ।

## निर्वाचन र सुशासन

यस वर्ष सम्पन्न निर्वाचनहरूले नेपालको सुशासन परिदृश्य निर्माण र महत्वपूर्ण नीतिगत दिशा निर्धारणमा प्रभाव पार्न निर्णायक भूमिका खेले। यी निर्वाचन परिणामले प्रभावकारी सुशासनको आवश्यकतालाई चित्रण गरे र सीमान्तकृत समूहहरू तथा मानव अधिकार रक्षकहरूका अधिकार संरक्षण गर्ने राज्यको क्षमताका बारेमा महत्वपूर्ण प्रश्नहरू उठाए। यी चुनौतीहरूले नेपाली शासन प्रणालीमा जबाफदेहिता र पारदर्शिता सुदृढीकरणको आवश्यकतालाई उजागर गरिदिए।

यो वर्ष राष्ट्रिय सभा निर्वाचन भयो। यस निर्वाचनले माथिल्लो सदनमा १९ सीटमध्ये नेपाली कांग्रेस र नेकपा (माओवादी केन्द्र) नेतृत्वको सत्तारूढ गठबन्धनले १८ सीटमा जित हासिल गरे *(अन्तर-संसदीय सङ्घ, २०८१)*। विपक्षी नेकपा (एमाले) ले एक सीट जित्यो। जसले सत्तारूढ गठबन्धनको राष्ट्रिय सभामा प्रभुत्वलाई थप सुदृढ बनायो। तर, परिणामले नेपालका कार्यपालिका र विधायिकाबिचको शक्तिसम्बन्धको नाजुक सन्तुलनलाई पनि उजागर गऱ्यो।

यस वर्षको मङ्सिर महिनामा निर्वाचन आयोगले नेपालका विभिन्न स्थानीय तहहरूका ४१ रिक्त पदपूर्तिका लागि उप-निर्वाचन गऱ्यो। ६२ प्रतिशत मतदाता सहभागी भएको यस उप-निर्वाचनमा २५ राजनीतिक दलहरूबाट ३ सय ७६ जना उम्मेदवारहरू सहभागी भए, जसमध्ये २० ओटा दलले उम्मेदवारी दिएका थिए। कुल २ लाख २६ हजार ७ सय ९९ जना मतदाता रहेको यो निर्वाचनमा कैलाली र ओखलढुङ्गामा नेपाली कांग्रेसका उम्मेदवारहरू र रुकुम पश्चिममा माओवादी केन्द्रका उम्मेदवार निर्विरोध निर्वाचित भए। बाँकी स्थानमा प्रतिस्पर्धा भएको थियो। उप-निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न भए पनि निर्वाचन कर्मचारी र सुरक्षाकर्मीहरूलाई पर्यवेक्षक आचरणका बारेमा उचित अभिमुखीकरण प्रदान नहुँदा समस्या आए *(प्रतिवेदन, २०८१)*

यी निर्वाचनहरूले राष्ट्रिय र स्थानीय दुवै तहमा नेपालको राजनीतिक र शासन संरचनाहरू निर्माणमा लोकतान्त्रिक प्रक्रियाहरूको महत्त्वलाई उजागर गर्न सहयोगी भए।

## संवैधानिक निकाय र संस्थागत जबाफदेहिता

नेपालका संवैधानिक निकायहरूमा राष्ट्रिय मानव अधिकार आयोगजस्ता महत्वपूर्ण संस्थाहरू समावेश छन्। संविधानले यी निकायहरूबाट जबाफदेहिता प्रवर्द्दन र मानव अधिकार संरक्षणमा महत्त्वपूर्ण भूमिका निर्वाह हुने अपेक्षा गरेको छ। यो वर्ष राष्ट्रिय मानव अधिकार आयोगले वातावरण मानव अधिकार रक्षकहरूको सम्मेलन सम्पन्न गऱ्यो। सम्मेलन पश्चात जारी घोषणापत्रमा वातावरण अधिकार रक्षकहरूको संरक्षण र दिगो अभ्यासलाई राष्ट्रिय मानव अधिकार रूपरेखामा एकीकृत गर्नुपर्ने आवश्यकतालाई जोड दियो।

राष्ट्रिय मानव अधिकार आयोगका प्रयासहरूमा समावेशिता प्रवर्धन र मानव अधिकार उल्लङ्घनको सम्बोधन गर्ने प्रतिबद्धता देखियो।

## मानव अधिकार रक्षक र कानुनी संरक्षण

मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी भएको पचासौँ वर्षका अवसरमा सन् १९९८ मा संयुक्त

राष्ट्रसङ्घको महासभाले सदस्य राष्ट्रहरूको मतैक्यमा मानव अधिकार रक्षकसम्बन्धी घोषणापत्र पारित गरेको थियो। त्यसयता मानव अधिकार रक्षकको सुरक्षा, अधिकार, दायित्वका बारेमा संसारभर चर्चा परिचर्चा हुने गरेको छ। मानव अधिकार रक्षकका संरक्षणका लागि राष्ट्रिय, अन्तर्राष्ट्रिय संयन्त्र र केही कानुनी व्यवस्था भए पनि यसले मानव अधिकार रक्षकको पूर्ण संरक्षण गर्न सकेको छैन। नेपालका मानव अधिकार रक्षकको हक अधिकारको संरक्षण, सूचनामा पहुँच, सुरक्षा सम्मान लगायतको सुनिश्चिताका लागि छुट्टै कानुनी व्यवस्थाको आवाज उठेको भए तापनि सो अनुरूपको कानुन बन्न सकेको छैन। मानव अधिकारको संरक्षण र संवर्द्धनमा ज्यान जोखिममा राखेर लागिपरिरहेका मानव अधिकार रक्षकहरू सुरक्षित नभएको तथ्याङ्कहरूले देखाउँछन्। यस वर्ष १ सय ४३ जना मानव अधिकार रक्षक पीडित भएको इन्सेकमा अभिलेख भयो। उनीहरूमाथि हुने मानव अधिकारको उल्लङ्घन र ज्यादतीको निष्पक्ष छानबिन गरी पीडितलाई कारबाही गर्ने एक छुट्टै निकाय नहुँदा कानुनी तथा मनोवैज्ञानिक उपचारको प्रभावकारी व्यवस्थाको महसुस भयो। राष्ट्रिय मानवअधिकार आयोगको ऐन संशोधनको प्रस्तावित विधेयकमा मानवअधिकार रक्षकका बारेमा उल्लेख गरिएको भए पनि यो विषयमा आयोगले नै मानव अधिकार रक्षकहरूबीच पर्याप्त अन्तरकृया र छलफल गरेन।

### प्रदेश सरकार र सङ्घीयता

नेपालको सङ्घीय प्रणाली थप विकसित हुन आवश्यक पर्ने विकेन्द्रीकृत शासनसम्बन्धी जटिलताहरूसँग प्रदेश सरकार जुधिरहेका छन्। गण्डकी र बागमतीजस्ता केही प्रदेशहरूमा भएको सरकार परिवर्तन, कोशी र कर्णाली प्रदेश राजनीतिक अस्थिरता र वित्तीय सीमितताहरूसँग सङ्घर्ष गरिरहेका छन्। उदाहरणका लागि गण्डकी प्रदेशले बाढी र पहिरो राहतका लागि जम्मा ५० लाख रुपियाँ विनियोजन गर्‍यो। जबकी यो रकम विपत्मा परेको एउटा गाउँको पुनर्निर्माणका लागि पनि पर्याप्त थिएन। विपत्को पूर्वतयारीबारे प्रदेश सरकार अलमलमै रहेका आभाष भयो।

बागमती प्रदेशले विकास कार्यक्रमहरूमा लैङ्गिक समानता प्रवर्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण मापदण्ड २०८१ जस्ता पहलहरू सुरु गर्‍यो। यो प्रदेशले सहरी आवास सुधार गर्न आवास कार्यक्रम पनि अघि सारेको थियो। तर, अन्य प्रदेशहरू झैँ बागमतीले पनि स्रोतको सीमितता जस्ता चुनौतीहरूको सामना गर्नुपर्‍यो।

लुम्बिनी प्रदेशले विद्युत् सञ्जाल विस्तार र वैकल्पिक ऊर्जा समाधानहरूको प्रवर्धन लगायत दिगो विकासमा ध्यान केन्द्रित गर्‍यो। मधेस प्रदेशले महिला तथा बालबालिका सशक्तिकरण कार्यक्रमका लागि पहलकदमी लियो। उसका नीति तथा कार्यक्रममा कानुन र कार्यक्रमहरू मार्फत सामाजिक सशक्तिकरण र सीमान्तकृत समूहहरूको सवाललाई सम्बोधन गर्ने प्रयास गरिएको छ। तर, सुशासनसम्बन्धी चुनौतीहरू समाधान गर्न विशेषगरी मानव अधिकारको संरक्षणमा सङ्घीय र प्रदेश सरकारहरूबिच सहकार्य अत्यावश्यक भएको देखियो।

### जलवायु परिवर्तनः प्राकृतिक विपत् र पुर्नस्थापना

जलवायु परिवर्तनका कारण हरेक वर्ष प्राकृतिक विपत्का घटनामा बढोत्तरी भइरहेका छन्। तर, सो अनुरूप संवेदनशीलता र विपत् तयारी तथा प्रतिकार्यमा सरकारी कमजोरी उजागर भयो।

यस वर्ष प्राकृतिक विपत्का घटनाका कारण व्यापक मात्रामा जनधनको क्षति, स्थानान्तरण र पूर्वाधारमा ठूलो नोक्सानी भयो। गत वर्षको भूकम्पका कारण जाजरकोटमा घरबारविहीन भएका थुप्रै परिवारहरू एक वर्षपछि पनि अस्थायी शिविरमा बस्न बाध्य भए। यसैगरी, यसवर्षको अविरल वर्षाका कारण ललितपुर, काभ्रे र सिन्धुलीका बाढीपीडितहरूले सरकारी सहयोग नपाउँदा घर पुनर्निर्माण र पुनर्स्थापनाका लागि सङ्घर्षरत रहे। यी चुनौतीहरूले नेपालको विपत् प्रतिकार्य प्रणालीमा महत्वपूर्ण सुधारको आवश्यकता औँल्याए।

अत्यधिक वर्षाले शहर र ग्रामीण दुबै क्षेत्र जलमग्न बनाउँदै दुई सयभन्दा बढी मानिसको ज्यान लियो, हजारौँ घर नष्ट गऱ्यो र अनगिन्ती परिवारलाई विस्थापित गऱ्यो( ल्याण्ड्रिन, २०८१)। काठमाडौँमा बागमती नदीको बाढीले बस्तीहरू डुबानमा पारेको थियो। मनसुनी वर्षाले देशभर पहिरो निम्त्यायो। नख्खुमा सीमान्तकृत बासिन्दा बस्ने अस्थायी टहराहरू बगाउँदा जलवायु प्रकोपले सबैभन्दा कमजोर समुदायहरूलाई कसरी असर पुऱ्याउँछ भन्ने स्पष्ट देखियो। यसले असमानता र जलवायु न्यायका मुद्दाहरूलाई अझै प्रस्ट रूपमा जोडेको छ।

तत्कालीन प्रभावलाई कम गर्न सरकारले विभिन्न उपायहरू अवलम्बन गऱ्यो। २० ओटा जिल्लाका ७१ ओटा स्थानीय तहलाई प्रकोप क्षेत्र घोषणा गर्दै मृतक वा बेपत्ताको परिवारलाई प्रतिपरिवार २ लाख रुपियाँ उपलब्ध गराउने निर्णय गऱ्यो।

यी प्रयासहरूका बाबजुद स्रोत वितरणका चुनौती र व्यवस्थित प्रतिकार्य प्रणालीको आवश्यकता नेपालका लागि झनै पेचिलो मुद्दा बनेको छ। विपत् प्रतिरोधात्मक क्षमतालाई सुदृढ गर्ने सरकारी प्रतिबद्धता जगजाहेर छ। तर, राहत सबैभन्दा बढी आवश्यकता भएकाहरूसम्म पुऱ्याउने सुनिश्चितताका लागि प्रभावकारी कार्यान्वयन र अनुगमन आवश्यक छ। पूर्व सावधानी प्रणालीको अभाव, कमजोर भूमि-उपयोग नीतिहरू र अनियन्त्रित सहरी विकास जस्ता कारणहरूले क्षतिको स्तरलाई अझै बढायो। काठमाडौँ उपत्यकामा अव्यस्थित शहरीकरणले बाढीका जोखिमहरू बढायो भने दुर्गम क्षेत्रहरूमा सहायताको ढिलाइले समुदायहरूलाई सङ्कटकालीन समयमा अलपत्र बनायो।

बाढी र पहिरोका अतिरिक्त नेपालले लु (तातो लहर) को बढ्दो खतराको सामना गऱ्यो। समाजमा व्याप्त असमानताहरूले यस्ता खतराका प्रभावहरूलाई झन् बढाउँछ। यसको ठूलो मारमा गरीब तथा विपन्न वर्ग पर्ने जोखिम देखियो। जलवायु प्रकोपका जोखिमलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्न नेपाल सङ्कट व्यवस्थापनको अवधारणाबाट पूर्वसक्रिय समाधानतर्फ अघि बढ्नुपर्ने आवश्यकता छ। यसका लागि पूर्व सावधानी प्रणालीलाई सुदृढ गर्नु, जलवायु प्रतिरोधी पूर्वाधारमा लगानी गर्नु र दिगो भूसंरचनासम्बन्धी योजनालाई बढावा दिनु अत्यावश्यक प्रारम्भिक कामहरू हुन्।

## निष्कर्ष र सुझावहरू

सन् २०२४ मा नेपालको शासन व्यवस्थाले महत्त्वकाङ्क्षा र निष्क्रियताको विरोधाभासलाई अँगाल्यो। नीतिगत ढाँचाहरू र कानुनी सुधारहरूको त्रुटिपूर्ण कार्यान्वयन, स्रोत सीमितता र राजनीतिक अस्थिरताका कारण अपूर्ण रहे। एकातर्फ राष्ट्रिय अनुकूलन योजना र सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन संशोधन जस्ता पहलहरूले जलवायु न्याय, सङ्क्रमणकालीन न्याय र सामाजिक-आर्थिक चुनौतीहरूलाई सम्बोधन गर्ने क्रममा प्रगति देखाउँछन् भने अर्कोतर्फ प्रणालीगत शासकीय असफलताहरूले तिनको

प्रभावलाई कमजोर पारेको देखियो। सन् २०२४ को विनाशकारी बाढी र पहिरोले विपत् पूर्वतयारीमा रहेका कमीकमजोरीहरूलाई उजागर गऱ्यो। विपत् पूर्व तयारी र व्यवस्थापनमा सरकारले धेरै काम गर्न बाँकी रहेको प्रष्ट भयो।

दीर्घकालीन रोजगार कार्यक्रमहरूको अभाव र फर्किएका आप्रवासीहरूको पुन: समायोजनमा सहयोगको कमीले नेपालका युवामा निराशा बढायो। लैङ्गिक समानता, पर्यावरण संरक्षण र बाल श्रमलाई सम्बोधन गर्ने कानुनी सुधारहरू प्रभावकारी कार्यान्वयनको अभावमा अवरुद्ध रहे।

सङ्घीय संरचनाले प्रदेशहरूलाई सशक्त बनाउने अभिप्राय राखेको भए पनि शासन र स्रोत वितरणमा असमानताहरू उजागर भए। कर्णाली र सुदूरपश्चिम प्रदेश अझै सङ्घीय स्रोतमा अत्यधिक निर्भर रहेको देखियो । प्रदेशहरू राजनीतिक अस्थिरता र सीमित पूर्वाधार विकासका समस्यासँग जुधिरहेका छन्। तर, बागमती र लुम्बिनी प्रदेशले विपत् राहत र स्थानीय पहलकदमीहरूमा आ-आफ्नै खाले सफलता हासिल गरे। प्रदेशबीचको यो असमान प्रगतिले कमजोर अन्तरसरकारी समन्वय देखायो।

नेपालको मानव अधिकार अवस्थाका बारेमा अझै पनि प्रश्न गर्ने ठाउँहरू छन्। मानव अधिकार रक्षकहरूको सुरक्षा, संरक्षणको सवाल यथास्थितिमा छ। सङ्क्रमणकालीन न्याय प्रक्रियामा व्यापक ढिलाइहरू भएका छन्। सत्य निरूपण तथा मेलमिलाप आयोग ऐनमा गरिएका संशोधनहरू प्रगतिको पहिलो कदम भए पनि विशेष गरी गम्भीर मानव अधिकार उल्लङ्घनहरूका घटनाहरूको आममाफीका सन्दर्भमा ती संशोधनहरू अन्तर्राष्ट्रिय मापदण्ड विपरीत भएको कतिपय द्वन्द्वविद्ले बताए। अन्तर्राष्ट्रिय सन्धिहरू र दिगो विकास लक्ष्यहरू अन्तर्गत नेपालका प्रतिबद्धताहरूको परिपालना गर्न शासन प्रणाली असफल भएको देखियो। यसले नेपालको विश्वव्यापी विश्वसनीयतामा कमी ल्यायो।

राष्ट्रिय अनुकुलन योजना र विपत् व्यवस्थापन योजनाहरू लगायतका संरचनाहरूले व्यवहारिक नतिजा हासिल गर्न सकेनन्। सरकारले प्रतिक्रियात्मक राहत प्रयासहरूको सीमाभन्दा बाहिर गएर पूर्व सावधानी प्रणाली, जलवायु-प्रतिरोधी पूर्वाधार र दिगो शहरी योजनाजस्ता दीर्घकालीन तयारीमा ध्यान दिनु पर्छ। जलवायुमैत्री आवास र मजबुत भूमि उपयोग नीतिहरू जस्ता पूर्वसक्रिय उपायहरूले विशेषगरी सीमान्तकृत समुदायको जोखिम कम गर्न मद्दत पुऱ्याउँछन्।

दिगो रोजगार कार्यक्रमहरू, व्यवसायिक तालिम र उद्यमशीलता विकासले बेरोजगारी तथा विप्रेषणमाथिको दबाब कम गर्न युवालाई प्राथमिकतामा राख्नुपर्छ।

कानुनी सुधारहरूलाई केवल प्रतीकात्मक कदमबाट बाहिर ल्याइनु पर्छ। यसको प्रभावकारी कार्यान्वयनको आवश्यकता छ। मानव अधिकार रक्षकको संरक्षणमा रहेका कमजोरीहरूलाई सम्बोधन गर्न, लैङ्गिक हिंसाका पीडितहरूले न्या प्राप्तीमा सामना गर्नुपरेका अवरोध हटाउन र जातीय भेदभावका विरुद्ध संरक्षण बढाउन सके सामाजिक समानता प्रवर्धन हुने अपेक्षा गर्न सकिन्छ।

**सन्दर्भ सामग्री**

अन्तर-संसदीय सङ्घ (२०८१), नेपाल राष्ट्रिय सभा चुनाव २०२४: निर्वाचन परिणाम, अन्तर-संसदीय सङ्घ। https://data.ipu.org/parliament/NP/NP-UC01/election/NP-UC01-E20240125/

अनुमोदन (२०७३), *मोन्ट्रियल प्रोटोकलको ककगाली संशोधन अनमुोदन,* मन्ट्रियल प्रोटोकलको किगाली संशोधन अनुमोदन। https://hr.parliament.gov.np/uploads/attachments/7hquejv5op4oej6p.pdf

आइओएम (२०७९), *नेपालमा पुनःएकीकरण सेवाहरूको नक्सांकन,* अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठन। https://publications.iom.int/system/files/pdf/Mapping-%20Reintegration-Services-Nepal.pdf

ह्युमन राइट्स वाच (२०८१), *नेपालः नयाँ रूपान्तरण न्याय कानुन एक त्रुटिपूर्ण अगाडि कदम,* ह्युमन राइट्स वाच। https://www.hrw.org/news/2024/08/20/nepal-new-transitional-justice-law-flawed-step-forward

एडिबी (२०८१), *नेपालका म्याक्रोजोनिक अपडेट,* एसिएन डेभलपमेन्ट बैङ्क। https://www.adb.org/sites/default/files/institutional-document/1001006/nepal-macroeconomic-update-202409.pdf

एम्नेष्टी इन्टरनेशनल (२०८१), *नेपालः नयाँ सङ्क्रमणकालीन न्याय कानून एक त्रुटिपूर्ण कदम अगाडि,* एम्नेष्टी इन्टरनेशनल। https://www.amnesty.org/en/latest/news/2024/08/nepal-new-transitional-justice-law-a-flawed-step-forward/

जल तथा मौसम विज्ञान विभाग (२०८१), प्रि-मनसुन MAM २०२४: प्रारम्भिक वर्षा र तापक्रमको संक्षेप। https://www.dhm.gov.np/uploads/dhm/climateService/Pre-monsoon_MAM_2024-Preliminary_precipitation_and_temperature_summary.pdf

ढुङ्गाना, बद्रिराज (२०८१), *प्रेस विज्ञप्ति,* हिमाल, मानव र जलवायु सम्बन्धी अन्तर्राष्ट्रिय विज्ञ संवाद - हिमाल, मानव र जलवायु सम्बन्धी अन्तर्राष्ट्रिय विज्ञ संवाद। https://mountain.mofe.gov.np/2024/04/15/press-release-international-expert-dialogue-on-mountain-people-and-climate-change/

बाल श्रम निषेध ऐन (२०८१), *बाल श्रम निषेध ऐन,* नेपाल सरकारको आधिकारिक पोर्टल। https://www.opmcm.gov.np/download-documents/?wpdmc=samiti-decision

भट्ट, मिना (२०८१), *नेपालको सङ्क्रमणकालीन न्याय प्रक्रियाको अब के हुन्छ ?,* द डिप्लोम्याट-एसिया प्यासिफिक करेन्ट अफेरस् म्यागजिन।

https://thediplomat.com/2024/08/what-next-for-nepals-transitional-justice-process/

मसाज, आइ एण्ड शर्मा (२०७७), *कुनै कानुनी व्यवस्था, कुनै न्याय, पीडितहरूको लागि कुनै राज्य*। मानव अधिकार निगरानी, १०(२), ३२७-३४५। https://doi.org/10.1093/JHUMAN/HUY020

मानव अधिकार परिषद् (२०८१), *संयुक्त राष्ट्रसङ्घको सन्धि निकायहरू,* सन्धि। https://www.ohchr.org/en/treaty-bodies

नीति तथा कार्यक्रम (२०८१), *आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम,* नेपाल सरकार। https://www.opmcm.gov.np/en/wp-content/uploads/2024/05/policyannprogramEnglish_2081-2-1.pdf

रिपोर्ट (२०८१), *बाढी र पहिरो राष्ट्रिय प्रकोप जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको प्रारम्भिक क्षति र क्षतिको मूल्याङ्कन,* राष्ट्रिय विपत् जोखिम न्यूनीकरण

तथा व्यवस्थापन प्राधिकरण।

https://www.bipad.gov.np/uploads/publication_pdf/Loss_and_Damage_Assessment_of_Flood_and_Landslide_2024_Updated_compressed.pdf

ल्याण्ड्रिन, सोफी (२०८१), *नेपालमा अविरल वर्षाले काठमाडौं र उपत्यकालाई तहसनहस बनाएको छ,* लि मण्डे। https://www.lemonde.fr/en/international/article/2024/09/30/in-nepal-torrential-rains -devastate-kathmandu-and-its valley_6727777_4.html

विश्व बैङ्क (२०८१), *नेपाल गरिबी र समानता विवरणिका: अक्टोबर २०२४,* विश्व बैङ्क समूह। http://documents.worldbank.org/curated/en/099051101062533877/IDU17b8e95551a24414fe719608128aa787130cc

साह, उपेक्षा (२०८१), *नेपाल २०२४ मा: के राजनीतिक अस्थिरता अन्ततः समाप्त भएको छ?,* साउथ एसिएन भोइस।

https://southasianvoices.org/pol-f-np-n-nepal-political-instability-12-18-2024/

साउद, पार्बती (२०८१), ६२ *प्रतिशत मतदान: निर्वाचन आयोग,* इन्सेक अनलाइन। https://inseconline.org/np/news/%e0%a5%ac%e0%a5%a8-%e0%a4%aa%e0%a5%8d%e0%a4%b0%e0%a4%a4%e0%a4%bf%e0%a4% b6%e0%a4%a4- e0%a4%ae% e0%a4%a4%e0%a4%a6%e0%a4%be%e0%a4%a8%e0% a4%83 %e0%a4%a8%e0%a4%bf%e0%a4%b0%e0%a5% 8d%e0% a4%b5%e0%a4%be/

सिंह, शंकरमान (२०८१), *नेपालमा धेरै तातो दिनहरू, वा यसपटकको गर्मीले रेकर्ड तोडेको छ ?* स्पटलाइट नेपाल। https://www.spotlightnepal.com/2024/06/03/lot-heat-day-nepal-or-has-summer-temperature-broken-record-so-far/

स्थिति सूचक (२०८१), *२०२४ सेप्टेम्बर बाढी र पहिरो,* राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण। https://bipad.gov.np/uploads/publication_pdf/SitRep_4_-_2024_September_Floods_and_Landslides_English.pdf

हरित हाइड्रोजन नीति (२०८०), *हरित हाइड्रोजन नीति, ऊर्जा,* जलस्रोत तथा सिंचाइ मन्त्रालय। https://moewri.gov.np/storage/listies/January2024/green-hydrogen-policy-2080.pdf

OCHA (2081), *नेपाल: गर्मी लहर-०५-२०२४-गर्मी लहर ३२ (२०२४-०५-२३) - नेपाल,* रिलिफवेब। https://reliefweb.int/report/nepal/nepal-heat-wave-05-2024-heat-wave-2-2024-05-23

UNEP (२०८०), *नेपालले ऐतिहासिक जलवायु अनुकूलन योजना सार्वजनिक गर्‍यो,* ग्लोबल एडेप्टेशन नेटवर्क (GAN)। https://www.unep.org/gan/news/press-release/nepal-unveils-historic-climate-adaptation-plan/

https://inseconline.org/np/wp-content/uploads/2024/12/Local-level-Bielection-Report_2081_09_08.pdf

# न्यायपालिका र न्यायमा पहुँच

## १. परिचय

नेपालमा कानुनी शासन, न्यायको सुनिश्चितता, अधिकारको संरक्षण तथा संवर्द्धन गर्ने दायित्व रहेको न्यायपालिकाको स्वतन्त्रता, न्यायमा नागरिकको समान र निष्पक्ष पहुँच, प्रभावकारी न्याय सम्पादनजस्ता आधारभूत विषयहरूमा सुधारको आवश्यकता महसुस गर्न थालिएको छ। नेपालको संविधान २०७२ कार्यान्वयनको एक दशक र न्यायिक सुधारका प्रयासहरूलाई न्यायपालिकाले योजनाबद्ध रूपमा अगाडि बढाएको दुई दशक पूरा भइसकेको छ। तर, चौथो पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनको पाँचौ अथवा अन्तिम वर्ष र पाँचौ पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनको पहिलो वर्ष न्यायिक स्वतन्त्रता, स्वायत्तता र जवाफदेहिता सुनिश्चित वृद्धि गर्ने सवालमा न्यायालय चुकेको देखिन्छ। यो यथार्थलाई पाँचौ पञ्चवर्षीय रणनीतिक योजना (०८१-०८५), चौथो पञ्चवर्षीय रणनीतिक योजनाको समीक्षा र वार्षिक प्रतिवेदन (०८१/८२) मा न्यायपालिकाले स्वीकार गरेको छ। (सर्वोच्च अदालत, ०८०)



डा. विद्या चापागाईं

न्यायपालिकाको स्वतन्त्रताको संरक्षण गर्ने दायित्वलाई सरकार, संसद र स्वयम् न्यायपालिकाले पनि यस वर्ष प्रभावकारी रूपमा सम्पादन गर्न सकेनन्। व्यवस्थापकीय र प्राविधिक दुबै कारणले सर्वोच्च अदालतमा मात्र २७ हजार ८ सय ६० मुद्दा विचाराधीन अवस्थामा छन्। (सर्वोच्च अदालत, ०८०) हरेक दिन पेसी तोकिएका आधा भन्दा बढी मुद्दाहरू हेर्न नभ्याइने वा हेर्न नमिल्ने भनी सार्ने गरिएको छ।

सर्वोच्च अदालतको फैसला कार्यान्वयन नगर्ने, फैसलामा एकपछि अर्को पुनरावलोकन माग गर्ने, अदालतका फैसलालाई संसदमा छलफलको विषयबस्तु बनाउने, अदालतमा विचाराधीन विषयलाई संसदीय सुनुवाइको विषयबस्तु बनाई न्यायाधीशका प्रत्याक्षीहरूलाई प्रभावित गर्न खोज्ने प्रवृत्तिको निरन्तरता यस वर्ष पनि भयो। न्यायालयले पनि आफ्नो दायित्व निष्पक्ष रूपमा निर्वाह गर्न नसकी संविधान र कानुनको गम्भीर उल्लङ्घन भएका विवादहरूमा प्रवेश नै गरेन। संवैधानिक इजलासको स्पष्ट अधिकारक्षेत्र भित्र नपर्ने विवादहरूमा अल्झिने, विवादबाट पन्छिने उद्देश्यले संवैधानिक इजलासमा र न्यायाधीशहरूले माथिल्लो इजलासमा सार्ने प्रवृत्तिको निरन्तरता यस वर्ष पनि कायम रह्यो। न्यायाधीश नियुक्ति, न्यायाधीशहरूको आचरणको विषय, फुलकोर्टको निर्णय विरुद्ध तथा अवहेलना मुद्दा र गम्भीर फौजदारी अपराधमा न्यायाधीशको संलग्नताजस्ता विषयले न्यायपालिकालाई विवादित बनायो।

न्याय प्रशासनको स्वतन्त्रता,

निष्पक्षता र जवाफदेहिता जस्ता महत्त्वपूर्ण सिद्धान्तहरूको परिपालना गर्न न्यायपालिका चुकेको भए पनि आमनागरिकका हक अधिकारसम्बन्धी विषय समावेश भएका सार्वजनिक सरोकारका विवादहरूमा महत्त्वपूर्ण उदाहरणीय व्याख्या गरी नीति निर्माण गर्न सरकारलाई न्यायपालिकाले स्पष्ट निर्देशन गरेको छ। उदाहरणको लागि विद्यमान कानुनमा थप परिमार्जन गरी समावेशी सिद्धान्तलाई व्यवहारिक कार्यान्वयनमा ल्याउन, जबरजस्तीकरणी मुद्दामा पीडितको बकपत्रका आधारमा मात्र कसुर ठहर नगर्न र जबरजस्तीकरणीको उद्योग भएको अवस्थामा समेत क्षतिपूर्ति भराउन, सङ्क्रमणकालीन न्यायका कामकारबाहीहरू गर्दा सत्य अन्वेषण, न्याय र द्वन्द्व प्रभावित सबै पक्षको परिपूरणको न्यायोचित प्रबन्ध गर्न, बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्न, ज्येष्ठ नागरिकलाई जरिवाना बापत बस्नुपर्ने कैदमा सहुलियत दिन, द्वन्द्वकालको घटनाको पर्याप्त अनुसन्धान गरेर स्पष्ट आधार वा कारण खुलाएर मात्रै उजुरीलाई टुङ्ग्याउने आदि रहेका छन्। यद्यपि निर्देशनहरूको कार्यान्वयनका चुनौती त छँदैछ।

यस आलेखमा न्यायपालिकाको स्वतन्त्रता र जवाफदेहिता र नागरिकको न्यायमा पहुँचको अवस्थाको समीक्षाका साथै न्यायिक प्रणालीमा जनताको विश्वास सुदृढ गर्न आवश्यक तत्वहरू पहिचान गर्ने प्रयास गरिएको छ। यसैगरी, न्यायपालिकाको प्रभावकारिता र विश्वसनीयता बढाउन आवश्यक सुधारको सिफारिस समेत गरिएको छ। सुधारका उपायहरूको विस्तृत सूची उपलब्ध गराउन नसकिएको भए पनि न्यायपालिकालाई समतामूलक, प्रभावकारी बनाउँदै यसको सक्षमता सुनिश्चित गर्न आवश्यक मुख्य तत्वहरू न्यायिक स्वतन्त्रता, न्यायिक जवाफदेहिता र जनविश्वासबारे आलेखमा चर्चा गरिएको छ।

यो आलेख मुख्यतया: दस्तावेजहरूको समीक्षा, लक्षित समूह छलफल र घटनाहरूको समीक्षाजस्ता गुणात्मक विधिको अनुसरण गरी तयार गरिएको छ। लक्षित समूहसँगको छलफलको लागि उद्देश्यमूलक नमुना विधि मार्फत सहभागीहरूको चयन गरिएको थियो । यस आलखेमा ०८० पुस १६ देखि ०८१ पुस १६ गतेसम्म न्यायपालिकाले न्यायिक स्वतन्त्रताको सिद्धान्तको पालनामा खेलेको भूमिका, न्यायिक जवाफदेहिताको सुनिश्चितता, प्रभावकारी न्याय सम्पादन, न्यायालयप्रति जनआस्था जस्ता विषयमा विस्तृत समीक्षा गरिएको छ।

## २. न्यायिक स्वतन्त्रता

संविधान, नागरिक हक अधिकारको संरक्षण र संवर्द्धनमा न्यायपालिकाको विशेष भूमिका रहने हुँदा न्यायिक स्वतन्त्रतालाई आधुनिक संविधानवादको महत्त्वपूर्ण पूर्वसर्त मानिएको हो। न्यायिक स्वतन्त्रता नेपालको संविधानको एक महत्त्वपूर्ण विशेषता हो। नागरिक अधिकारमाथि राज्य पक्षबाट हुनसक्ने अनुचित हस्तक्षेपलाई न्यायालयले नियन्त्रण गर्न सकोस् भन्ने उद्देश्यले संविधानमा सक्षम, स्वतन्त्र र जवाफदेही न्यायिक संरचनाको परिकल्पना गरिएको हो। न्यायपालिकाको लोकतान्त्रिक आवश्यकता भनेको यसको संस्थागत (न्यायपालिका) र व्यक्तिगत

(न्यायाधीश) स्वतन्त्रताको पूर्ण कार्यान्वयन र प्रदर्शन गर्नु हो। आफू समक्ष आएको विवादलाई राज्यका कुनै पनि अङ्गबाट

प्रत्यक्ष वा अप्रत्यक्ष हस्तक्षेप, अनुचित प्रभाव वा दबावबिना न्यायका मान्य सिद्धान्त, संविधान, ऐन कानुन बमोजिम न्याय प्रत्याभूत गर्नु न्यायिक स्वतन्त्रता हो।

संरचनात्मक वा सङ्गठनात्मक स्वतन्त्रताको रूपमा पनि व्याख्या गर्ने गरिएको संस्थागत स्वतन्त्रताले न्यायपालिकाको कार्यपालिका र व्यवस्थापिकासँगको सम्बन्धलाई सामूहिक स्वतन्त्रताको रूपमा केन्द्रित गर्ने सङ्केत गर्दछ। यसले न्यायपालिकाको कृयात्मक स्वतन्त्रता र निर्णयात्मक स्वतन्त्रतालाई समेट्छ। आफ्नो प्रशासनिक मामिला र अदालत प्रशासनमा पर्याप्त नियन्त्रण नराखेसम्म न्यायपालिका स्वतन्त्र भएको मान्न सकिँदैन। न्यायालय स्वयम्द्वारा न्याय प्रशासनको व्यवस्थापन गरिनु उच्चतम स्तरको न्यायिक स्वतन्त्रता प्राप्त गर्ने सबैभन्दा प्रभावकारी उपाय हो। तर, नेपालको सन्दर्भमा न्यायिक काम कारबाही सञ्चालन गर्न आवश्यक पर्ने आर्थिक र मानवीय स्रोतमा कार्यपालिका र व्यवस्थापिकाको नियन्त्रण कायम रहेका कारण न्यापालिकालाई कार्यपालिका र व्यवस्थापिकामा आश्रित बनाइ न्यायपालिकाको संस्थागत स्वतन्त्रतामा अङ्कुस लगाइएको देखिन्छ।

न्यायिक क्षेत्रलाई गैर-उत्पादक मान्दै आवश्यक बजेट विनियोजनबाट न्यायिक कार्यसम्पादन वा उत्पादकत्वमा सुधार गर्नु नेपाल सरकारको न्यून प्राथमिकतामा रहेको छ। आर्थिक वर्ष ०८१/८२ को लागि कूल राष्ट्रिय बजेटको ०.४४ प्रतिशत बजेट न्यायपालिकाको लागि छुट्टयाइएको छ। जुन अघिल्लो वर्ष विनियोजन गरिएको बजेटको ०.०२ प्रतिशत बढी हो। हाल न्यायपालिकाको लागि विनियोजित बजेट राष्ट्रिय वार्षिक बजेटको एक प्रतिशतभन्दा कम छ, जुन न्यापालिकाको सुधार कार्यसूची हासिल गर्न अपर्याप्त छ। प्रक्षेपण गरिएको बजेट विनियोजन गर्न हरेक प्रधानन्यायाधीशहरूले (न्यायपालिकाको पाँचौं पञ्चवर्षीय रणनीतिक योजना, ०८१), आग्रह गर्ने गरेका छन्। राज्यको संरचनामा परिवर्तन भएपश्चात् न्यायपालिकाको कृयाकलापमा पनि वृद्धि भएको अवस्थामा कम्तीमा पनि एक प्रतिशतसम्म वृद्धि गर्न न्यायपालिकाले बारम्बार गरेको मागलाई सरकारले निरन्तर बेवास्ता गर्नु न्यायपालिकाले आवश्यक पर्ने बजेट, बजेट शीर्षक, न्यायपालिकाको कामकारबाही र न्यायिक सुधार सम्बन्धमा सम्बन्धित निकायलाई बुझाउन नसकेको हो वा सौदावाजी गर्न नसकेको हो अथवा सरकारले नै बेवास्ता गर्ने रणनीति लिएको हो बुझ्नु जरुरी छ। तर न्यायिक बजेटमा सरकार र संसदको नियन्त्रण रहनु न्यायिक स्वतन्त्रताको सिद्धान्तको अतिक्रमणको रूपमा पनि बुझ्न सकिन्छ। सरकार र संसदको यस्तो प्रवृत्तिले अन्ततः न्यायिक सक्षमता र न्याय प्रणालीमा असर गरी विधिको शासनमा प्रभाव पार्दछ। जहाँ कार्यपालिकाको बजेट निर्माण र अदालतका कर्मचारीको प्रशासनमा पूर्ण नियन्त्रण हुन्छ, न्यायपालिका मात्र सरकारको मन्त्रालयको शाखा बन्न पुग्छ। (भट्टराई, विद्या, ०२३)

न्यायपालिकाले पाउने बजेटको विश्लेषण राष्ट्रिय बजेटका सापेक्षमा हुनु आवश्यक छ। बजेट पर्याप्त छ वा छैन भन्ने विश्लेषण गर्दा न्यायपालिकाले प्राप्त बजेट के कसरी खर्च गरेको छ ? त्यसको अनुपातमा उपलब्धि के कस्तो छ ? हेरिनु पर्दछ। न्यायपालिकाको पाँचौ रणनीतिक योजना (०८१-०८५) को कार्यान्वयनको

लागि २६ अरब २२ करोड ७२ लाख २० हजार रुपियाँ बजेट प्रक्षेपण गरेकोमा पहिलो वर्ष (आर्थिक वर्ष ०८१/८२) को लागि ३ करोड ७ लाख ९७ हजार ३ सय १८ रुपियाँ प्रक्षेपण गरिएको छ। यो रकम आर्थिक वर्ष ०८१/८२ को लागि न्यायपालिकाको छुट्ट्याइएको भन्दा ०.२० प्रतिशतले बढी हो। न्यायपालिकाले गर्नुपर्ने न्यूनतम कृयाकलापका लागि अदालतमा स्रोतको अभाव रहने, अर्कोतिर विनियोजित रकम पनि खर्च नहुने अवस्थाले विनियोजित रकम उपयोग गर्ने न्यायपालिकाको क्षमता झल्किन्छ भने आवश्यक शीर्षकमा पर्याप्त बजेट नछुट्ट्याइनुले कमजोर न्यायिक पूर्वानुमान गरेको जस्तो देखिन्छ। सरकारले निर्धारण गरेको बजेटले अदालतमा उपलब्ध स्रोत र सुविधाको सीमा निर्धारण गर्छ।

अदालतले जरिवाना बापत असुल गरेको आम्दानी नेपाल सरकारको राजस्व कोषमा जम्मा गर्नुपर्ने व्यवस्थाले आफ्नो आम्दानीको प्रयोगको अधिकार उपयोगमा कार्यपालिका र विधायिकाप्रति निर्भर रहनुपर्ने अवस्था छ। न्यायिक कोष स्थापनाको परिकल्पना गरी तर्जुमा गरिएको न्यायिक कोष ऐन ०४३ का केही प्रावधानहरू ०६६ मा संशोधन गरिएको भए पनि यो ऐन अनुरूप हुन सकेको छैन। न्यायिक कोषबाट केही आधारभूत न्यायिक कार्यहरू सम्पादन गर्न न्यायपालिकालाई सरकारमा निहित हुन पर्दैन्। कोर्ट फी, दण्ड, जरिवाना, धरौटी वा जमानतको रमक फिर्ता गर्ने लगायतका न्यायसम्बन्धी आवश्यक कार्यहरु गर्न न्यायिक कोष जारी भए तापनि कोषको कार्यान्वयन गरी न्यायालयको वित्तीय स्वायत्तता प्रबर्द्धन गर्ने तर्फ ध्यान नपुगेको देखिन्छ।

ऐनको कार्यान्वयन सम्बन्धमा परेको रिटमा (चापागाई, ०८०) ०८१ मङ्सिर १७ गते सर्वोच्च अदालतले अर्थ मन्त्रालय र कानुन तथा संसदीय मामिला मन्त्रालयलाई ऐन कार्यान्वयनका सम्बन्धमा भएको कामको विवरण, सेवाग्राही तथा मुद्दाका पक्षहरूबाट दाखिल भएका धरौटीलगायतका रकमहरू कुन कुन बैंकमा कस्तो सर्त वा अवस्थामा छन्, जम्मा धरौटी रकम के कति र कस्तो अवस्थामा रहेको छ ? भन्ने विषयमा मुख्य रजिष्ट्रारमार्फत सबै तहका अदालतहरूबाट विवरण सहितको प्रतिवेदन ०८१ पुस २१ गते इजलासमा पेश गर्न ०८१ मङ्सिर ११ गते आदेश दियो। आदेश अनुसार २१ पुसमा मुद्दालाई हेर्दाहेर्दैमा राख्दै सर्वोच्च अदालतले न्यायिक कोष ऐन, ०४३ को कार्यान्वयन सम्भावना र चुनौती, न्यायपालिकाको बजेट माग, सिलिङ, खर्च प्रणाली, सरकारका अन्य विभाग र न्यायपालिकाको खर्चको निकासाका आयामहरू, न्यायपालिकाको बजेटको माग र निकासा, खर्च गर्न सक्ने क्षमता, बजेट अनुशासन र उत्तरदायित्व समेतलाई ध्यानमा राखी तुलनात्मक अध्ययन तीन महिना भित्र पेश गर्न कानुन तथा संसदीय मामिला मन्त्रालयलाई निर्देशन दिएको छ।

कृयात्मक स्वतन्त्रता सुनिश्चित गर्न सर्वोच्च अदालतमा न्यायाधीशहरूको सङ्ख्या कानुनद्वारा तय गरिनुपर्छ। सर्वोच्च अदालतमा प्रधानन्यायाधीशसहित बढीमा २१ जना न्यायाधीश रहन्छन् र संवैधानिक संशोधनद्वारा परिमार्जन नगरेसम्म कार्यपालिकाको निर्णयले सङ्ख्यामा परिमार्जन गर्न सकिँदैन। यद्यपि, अदालत प्रणालीका सबै प्रशासनिक मामिलाहरू प्रधानन्यायाधीशमार्फत सर्वोच्च अदालतभित्रै हुन्छन्। जसलाई प्रारम्भिक निर्देशनहरू, वरिष्ठ न्यायाधीशहरूद्वारा निर्देशन र

त्यसपछिको जाँचहरू मार्फत न्यायपालिकाको श्रेणीबद्ध संरचनाले खतरामा पार्न सक्छ। संविधानको धारा १३४ अनुसार एक अदालतबाट अर्को अदालतमा मुद्दा हस्तान्तरण गर्ने अधिकार सर्वोच्च अदालतलाई हुनाले केन्द्रीकृत शक्तिको प्रयोगले तल्लो तहको अदालतहरूको निर्णयको परिणामलाई प्रभाव पार्ने सम्भावना रहन्छ। तल्लो अदालतको सम्पूर्ण प्रशासन सर्वोच्च अदालतको नियन्त्रणमा रहेको देखिन्छ। विशेष, उच्च अदालत र सर्वोच्च अदालतले विरलै असहमतिपूर्ण निर्णय गर्नुको कारण यो हुन सक्छ, फैसला प्राय: सर्वसम्मत हुने गरेका छन्।

सार्वजनिक सरोकारका विवादहरूमा भएका निर्णयहरू मार्फत न्यायपालिकाको सक्रियताले नागरिकहरूको जीवनमा, कानुन र न्यायिक प्रणाली सुधारमा महत्त्वपूर्ण प्रभाव पारेको हुन्छ। कानुनको संवैधानिक व्याख्या र अन्तर्राष्ट्रिय मानवअधिकार सिद्धान्तहरूको व्यवहारिकता दिने सम्बन्धमा विस्तृत व्याख्या गरी दृष्टान्त परिवर्तन गर्नुका साथै न्यायपालिकाको भूमिकालाई पनि परम्परागत प्रणालीबाट माथि उठेर आधुनिकीकरण गरेको छ। उदाहरणका लागि समानुपातिक निवार्चन प्रणालीबाट निर्वाचित १ सय १० जना सांसदहरूको चयन संविधानको मर्म र भावना विपरीत भएकोले उनीहरूको नियुक्ति बदर गर्न माग गर्दै दायर निवेदनमा (न्यौपाने ०६९) अदालतले समानुपातिक समावेशी सिद्धान्त र समानुपातिक सहभागितासम्बन्धी हकको व्याख्या र व्यवहारिक कार्यान्वयनका लागि विद्यमान कानुनमा थप परिमार्जन गर्न आदेश दियो। 'सबैभन्दा पछाडि पारिएको वर्गलाई राज्यका निर्णायक तहमा पुऱ्याउने संविधानको मर्म विपरीतको कार्य नगर्नू' भन्ने यो आदेशको मर्म हो। त्यसैगरी, नागरिकका हक अधिकार समावेश भएका अन्य विवादहरूमा पनि अदालतका आदेशहरू अग्रगामी र नागरिकका हित लक्षित देखिन्छन्।

राजनीतिक दल, सरकार, व्यवस्थापिका र प्रधानमन्त्री संलग्न भएका विवादहरूको टुङ्गो नलगाउने, राजनीतिक प्रकृतिका मुद्दाहरू बारम्बार स्थगित गर्ने वा आफन्तलाई वकालतनामा हाल्न लगाएर हेर्न नमिल्ने बनाउने, संवैधानिक इजलास वा माथिल्लो इजलासमा सार्नेजस्ता अन्तर्निहित स्वार्थ सम्मिलित निर्णयहरूका कारण अदालत यस वर्ष पनि गम्भीर विवादमा तानियो। बारम्बार पेसीमा राख्ने तर, हेर्न नभ्याइने सूचीमा राख्ने प्रवृत्तिले यस वर्ष पनि निरन्तरता पायो। माओवादी नेता अग्नि सापकोटा विरुद्ध द्वन्द्वकालमा काभ्रेका अर्जुन लामाको हत्यासम्बन्धी १२ वर्षदेखि विचाराधीन मुद्दा (सर्वोच्च अदालत, ०८१) ४१ पटक पेसी चढेको र सर्वोच्च अदालतको विशेष इजलासबाट सरेर संवैधानिक इजलासमा गएको, संवैधानिक आयोगहरूमा संसदीय सुनुवाइ बिना भएका ५२ ओटा नियुक्तको संवैधानिक जाँचको माग गर्दै दर्ता गरिएको रिटमा (सर्वोच्च अदालत, २०८१) पटक-पटक पेसी चढेको तर, यो विषय अदालतको प्राथमिकतामा नपरेको स्पष्ट देखिन्छ। यसले संवैधानिक इजलासको प्रभावकारिता र औचित्यतामा प्रश्न उठाएको छ।
(चापागाई, श्रेष्ठ र उपाध्याय, ०८१) त्यस्तै प्रदेश सरकारहरू विरुद्ध अदालतमा दायर भएका रिट निवेदनहरूमध्ये धेरै विचाराधीन अवस्थामा छन्।
*(सर्वोच्च अदालत, ०८१)*

सर्वोच्च अदालतले राजनीतिक विषय समावेश भएको उस्तै प्रकृतिको विवादमा

फरक फरक निणर्य दिने, अदालतद्वारा स्थापित नजीरहरूको अनुसरण नगर्ने पनि देखियो। सर्वोच्च अदालतले कोशी प्रदेश र गण्डकी प्रदेशमा सरकार गठन सम्बन्धमा सभामुख निष्पक्ष रहनुपर्ने विवादमा कोशी र गण्डकीमा सभामुखलाई गणना गरिएको विषय फरक भएको तर्क गर्दै फरक फरक फैसला (बाह्रखरी, ०८१) गऱ्यो। त्यसैगरी भ्रष्टाचारको कसुरमा दोषी ठहर भएका व्यक्ति र तिनीहरूले कसुरदार भएबापत राज्यबाट प्रदान हुने सामाजिक सुरक्षा गुमाउनुपर्ने मान्यता सर्वोच्च अदालतको रहेकोमा सर्वोच्च अदालतको संयुक्त इजलास (न्यायीशहरू कुमार चुडाल र अब्दुल अजीज मुसलमान) ले १७ मङ्सिर ०८१ मा भ्रष्टाचारी ठहरिएका एक कसुरदारको पेन्सन नरोक्न अन्तरिम आदेश (अनलाइन खबर, ०८१) जारी गरी अदालतद्वारा स्थापित मान्यता विपरीत निर्णय गऱ्यो।

कतिपय मुद्दाहरू शीघ्र सुनुवाइ हुने तर, कति मुद्दाहरू इजलासको प्राथमिकतामा नै नपर्नुले कार्यपालिकाको प्रभाव न्यायपालिकामा परेको जस्तो देखियो। कोशी प्रदेशका पूर्वमन्त्रीलाई मानव तस्करी मुद्दामा सरकारी वकिल कार्यालयको निणर्य विरुद्ध सर्वोच्च प्रशासनको ०८१ मङ्सिर ८ गतेको दरपिठ आदेश बदर माग गरिएको रिट ( त्रिपाठी, ०८१) निवेदन सर्वोच्चको एकल इजलासले दरपिठ आदेश कानुनसम्मत भएको भन्दै ०८१ मङ्सिर २३ गते सदर गऱ्यो। प्रदेशले प्रहरी ऐन बनाएको तर, नेपाल सरकारले पदपूर्तिका लागि विज्ञापन निकाल्नुले प्रदेशको अधिकारक्षेत्रमा हस्तक्षेप भएको भनी दायर निवेदन(रमण, ०७८), अन्तरसरकारी समन्वयसम्बन्धी एनेका दण्डसजायसम्बन्धी प्रावधानले प्रदेशको अधिकार क्षेत्रमा हस्तक्षेप भएको भन्दै दायर मुद्दा विचाराधीन छन्। कतिपय विचाराधीन मुद्दाको सान्दर्भिकता नै समाप्त भइसकेको छ। उदाहरणका लागि गत वर्ष मङ्सिर महिनामा सरकारले टिकटक प्रतिबन्ध गर्ने निर्णय गऱ्यो। सरकारको निर्णय कार्यान्वयन नगर्न माग गर्दै परेका सात ओटा रिटमा सर्वोच्च अदालतले अन्तरिम आदेश दिन अस्वीकार गरी विचाराधीन अवस्थामा राखेकोमा मन्त्रिपरिषद्ले नै १० महिनापछि ०८१ भदौमा टिकटकमाथिको प्रतिबन्ध हटायो।

सर्वोच्च अदालतले गरेका निणर्यहरूको सार्वजनिक विरोध गरी निणर्यको पुनरावलोकन गराउने कार्यमा कार्यपालिका अग्रसर देखिन्छ। सामाजिक सुरक्षा भत्ता र अन्य कामका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य नर्गन सर्वोच्च अदालतले ०८१ भदौ ७ गते जारी गरेको अन्तरिम आदेश (सेतोपाटी, ०८१), नदी किनारामा थप २० मिटर जग्गा छोड्नुपर्ने फैसलामा पुनरावलोकन गर्न सरकारले माग गरेकोमा सर्वोच्च अदालतले पुनरावलोकन (न्याय प्रशासन ऐन, ०७३) गर्ने अनुमति दियो।

यस्ता निर्णय र कार्यहरूले न्यायपालिकाको व्यक्तिगतका साथै संस्थागत क्षमतामाथि पनि प्रश्न उठाउनुका साथै स्वतन्त्रतामा पनि गम्भीर असर परेको देखिन्छ। कार्यपालिका वा राजनीतिक दल संलग्न रहेका विवादहरूले रिट क्षेत्राधिकार ग्रहण गर्ने स्पष्ट आधार हुँदाहुँदै पनि सर्वोच्च अदालत प्रशासनले निवेदन दरपिठ गर्ने गरेको र दरपिठ विरुद्ध निवेदनमा इजलासको आदेश पश्चात मात्र निवेदन दर्ता गर्ने गरेको देखियो। उदाहरणका लागि सहकारी बचत अपचलनबारे अनुसन्धान प्रकृयामा अनुचित प्रभाव र प्रतिकूल असर पार्ने तथा प्राकृतिक न्यायको सिद्धान्त विपरीत हुने भन्दै गृहमन्त्री

र महान्यायाधिवक्ता विरुद्ध दर्ता गर्न खोजिएको निवेदन ०८१ जेठ १ गते सर्वोच्च प्रशासनले दरपिठ गरेकोमा सर्वोच्च इजलासको एकल इजलासले जेठ ९ गते दिएको आदेशपछि मात्र दर्ता गरिएको थियो ।

(कान्तिपुर, ०८१) त्यसैगरी कोशी प्रदेशका पूर्व मन्त्रीलाई मानव तस्करी मुद्दामा सरकारी वकिल कार्यालयले मुद्दा नचलाउने निर्णय विरुद्धको रिटलाई प्रशासनले ०८१ मङ्सिर २३ गते दरपिठ गरेकोमा दरपिठ आदेश बदर गर्न गरिएको मागमा इजलासको आदेशपछि निवेदन दर्ता गरिएकोमा (अन्नपूर्ण पोष्ट, २०८१) अदालतले दरपिठ आदेश सदर गर्ने निणर्य २३ मङ्सिरमा गरेको हो। त्यसैगरी, राष्ट्रिय सभाका सांसदले अदालतको अवहेलना (सेतोपाटी, ०८१) गरेको भन्दै सर्वोच्च अदालतमा कात्तिक २३ गते रिट निवेदन दर्ता भएकोमा संसदको विषय अदालतले हेर्न नमिल्ने भन्दै दर्ता भएको रिट निवेदनमा सुनुवाइ गर्न नमिल्ने भन्यो।

सर्वोच्च अदालतले संविधान र न्यायका सर्वमान्य सिद्धान्तहरू भन्दा राजनीतिक दल र सरकारको, र न्यायाधीशहरूले पनि 'आफूलाई सिफारिस गर्ने दल' को 'अधिकतम हितका' लागि भूमिका खेल्ने गरेको स्पष्ट प्रर्दशन भाटभटेनी सुपर मार्केटका सञ्चालक मीनबहादुर गुरुङले नेकपा एमालेलाई जग्गा दिएको विषयमा परेको रिट निवेदनमा न्याय निरूपण गर्ने सन्र्दभमा गऱ्यो। ०८१ असोज महिनामा परेको निवेदनमा अदालत प्रशासनको दरपिठ आदेश विरुद्ध इजलासमा परेको निवेदनमा न्यायाधीश तिलप्रसाद श्रेष्ठको एकल इजलासले निवेदन दर्ता गर्ने आदेश, न्यायाधीश सुनिलकुमार पोखरेलको एकल इजलासद्वारा जारी अन्तरिम आदेश, दुईपटक पेसीमा चढाइएको तर दुवै पटक हेर्न नभ्याइने सूचीमा राखिएको र अन्तत् ०८१ पुस १ गते न्यायाधीश अब्दुल अजीज मुसलमान र बालकृष्ण ढकालको संयुक्त इजलासले रिट खारेज गऱ्यो (राजधानी दैनिक, ०८१)। अदालतमा विवाद प्रवेश गर्न नदिने, प्रवेश गरेपछि बारम्बार पन्छाउने र एमाले पार्टीसँग प्रभावित भई उसैको हितमा आदेश गरेको देखियो। यस विवादमा सर्वोच्च अदालत प्रभावित हुँदा मीनबहादुर गुरुङ विरुद्ध ललिता निवास सरकारी जग्गा अपचलन सम्बन्धमा सर्वोच्च अदालतमा विचाराधीन मुद्दा र ललिता निवास सम्बन्धमा जिल्ला अदालतमा सरकारी लिखत कीर्ते मुद्दाहरू समेत प्रभावित हुने स्पष्ट छ। सरकारले ललिता निवासको सरकारी जग्गा हिनामिना छानबिन गर्नका लागि गठन गरेको समिति अनुरूप ललिता निवासको १ सय ४३ रोपनीभन्दा बढी जग्गा सम्बन्धमा सरकारी लिखत तथा कागजात कीर्ते गरेको र कृत्रिम मोही खडा गर्ने, गलत लिखत तयार गर्ने, सट्टाभर्ना दिने लगायतका कार्य गरी नीतिगत निर्णय गराउँदै अनधिकृत रूपमा व्यक्ति र संस्थाको नाममा जग्गा कामय गराएको अभियोगमा मीनबहादुर गुरुङविरुद्ध अनुसन्धान जारी छ।

मुद्दा दायर गर्न नदिइ अदालत प्रशासनले दरपिठ गर्ने तर इजलासबाट दरपिठ बदर भई मुद्दाको रूप लिने चलनले अदालतको समय दुरुपयोग भइरहेको पाइयो।

सङ्घीय संसदले पनि न्यायपालिकाको भूमिकामा हस्तक्षेप गरेको छ। निर्वाचन क्षेत्र विकास कायक्रम सम्बन्धमा सर्वोच्च अदालतले दिएको अन्तरिम आदेशलाई निरन्तरता दिन नहुने माग राखी सर्वोच्चको आदेश विरुद्ध सङ्घीय संसदले निवेदन दर्ता गरायो। सङ्घीय संसद

वा प्रदेश सभा सदस्यहरूलाई कार्यकारिणी प्रकृतिको कार्य गर्ने जिम्मेवारी प्रदान नगरेकाले संसदले स्वीकृत गरेको बजेट कार्यान्वयन नगर्न अदालतले दिएको अन्तरिम आदेश व्यवस्थापिकाको अधिकार क्षेत्रसँग सम्बन्धित भएको दाबीसहित ०८० माघमा निवेदन (रातोपाटी, ०८०) दर्ता गराएको थियो। व्यवस्थापिका संसदमा अदालतका आदेशहरूको (हिमालखबर, ०८०) टिप्पणी हुने गरेको र अदालतले पनि त्यस्तो टिप्पणी गरेको भन्दै सांसदहरू विरुद्ध अवहेलनामा मुद्दा चलाउनुपर्ने अवस्था समेत रह्यो। सांसदहरूलाई अदालतमा बोल्ने पूर्ण अधिकार भएकाले संसदमा बोलिएको विषयमा अदालतले अवहेलनामा मुद्दा चलाउन नपाउने जिकिर संसदको रह्यो। बजेट (डुम्रे, लिलु, ०८०) माथि आक्रमण गर्नु भनेको सांसदमाथिकै आक्रमण हो भन्दै सरकारले कस्तो नीति बनाउने, कहाँ बजेट विनियोजन गर्ने कहाँ नगर्ने भन्ने विषय कार्यकारीको विशुद्ध नीतिगत कुरा भएकाले अदालतले त्यसमा हस्तक्षेप गर्न नहुने संसदले जीकिर लियो। तर, सिद्धान्ततः सर्वोच्च अदालतको यस कदमले राज्यका प्रमुख निकायहरूबिचको शक्ति सन्तुलनको सिद्धान्तलाई गम्भीरतापूर्वक अनुसरण गरेको हो र संविधानले सांसदको नेतृत्वमा बजेट खर्च हुने व्यवस्था नगरेको सन्दर्भमा बजेट खर्च गर्ने अधिकार कार्यकारीकै हो, संसदको होइन। कार्यकारीले सांसदलाई बजेट खर्च गर्न दिएर संसदलाई प्रभावित गर्न खोजेको अर्थमा विश्लेषण गरिनु पर्दछ।

संसदीय सुनुवाइका क्रममा सांसदहरूले न्यायाधीशका प्रत्याक्षीहरूलाई उनीहरूको क्षमता र निष्पक्षता जाँच गर्ने भन्दा पनि राजनीतिक विषय समावेश भएका (फैसला भइसकेका र विचाराधीन) विषयमा केन्द्रित प्रश्न गर्ने गरेको देखिन्छ। उदाहरणका लागि वर्तमान प्रधानन्यायाधीश प्रकाश मानसिंह राउतको संसदीय सुनुवाइको क्रममा अधिकाश सांसदले सांसद विकास बजेटका सम्बन्धमा अदालतबाट भएको निर्णय, खोला किनारको मापदण्ड थप २० मिटर बढाउनु भन्ने आदेश, निजगढ अन्तर्राष्ट्रिय विमानस्थल बनाउने सम्बन्धमा भएको आदेश सम्बन्धमा प्रश्न गरेको र अदालतलाई संवैधानिक दायराभित्र रहन, न्यायिक सक्रियता हानिकारक हुने भन्दै कार्यकारी र व्यवस्थापिकाका विषयमा अनावश्यक हस्तक्षेप नगर्न र यस्ता विषयमा ध्यान दिन धम्कीपूर्ण सुझाव दिएका थिए। आदलतको अवहेलनामा मुद्दा चलाउन पाउने अदालतको अधिकारको प्रयोगलाई 'संवैधानिक सीमा नाघेको' सङ्ज्ञा सांसदहरूले दिए। सर्वोच्च अदालतको न्यायाधीश नियुक्ति सम्बन्धमा संसदीय सुनुवाइका विद्यमान व्यवस्था नहटाएसम्म न्यायपालिका संसदबाट प्रभावित भई नै रहन्छ। नेपाल बार एशोसिएशनले पनि संवैधानिक निकायको प्रमुख र पदाधिकारीहरूको सिफारिसमा प्रधानन्यायाधीशको भूमिका नरहने व्यवस्था गर्ने, संवैधानिक परिषद्बाट अलग गर्ने र संसदीय सुनुवाइ हटाउन संविधानमा संशोधन गर्न सिफारिस गरेको छ। (नेपाल बार, ०८१)

अदालतमा विचाराधीन रहेको मुद्दा प्रभावित पार्ने गरी राजनीतिक दल, सरकारका मन्त्री, सर्वसाधारण, कानुन व्यवसायी, सञ्चार माध्यम तथा सांसदहरूले प्रभावित गर्न खोजेको देखियो। प्रधानमन्त्री, प्रतिपक्षी दलको नेतृत्व, सांसद र पार्टीका सदस्यहरूले विरोध गरी अदालतको अवहेलना गरियो। न्यायपरिषद् नियमावली संशोधनका लागि सर्वोच्च अदालत परिसरमा नेपाल बार

एसोशियसनको धर्ना वा मिटरब्याज विरुद्ध मजदुर आन्दोलनरतहरूले जिल्ला अदालत घेरेको वा क्रिकेटर सन्दीप लामिछाने संलग्न विवादमा जिल्ला र उच्च अदालत अगाडि नारा जुलुस लगाइएको वा रवि लामिछानेमाथि राहदानी र सहकारीको रकम हिनामिना विवादमा सर्वोच्च अदालत र देशका अन्य जिल्ला अदालतहरूमा सांसद र सर्वसाधारणको जुलुस, यस्ता गतिविधिको उद्देश्य अदालतको कामकारबाही प्रभावित गर्नु रहेको स्पष्ट हुन्छ। न्यायपालिकाको कामकारबाही सम्बन्धमा स्वस्थ्य आलोचना र समालोचना अपेक्षित हुनु पर्दछ। तर, न्यायिक पूर्वाग्रहका आधारमा अदालत र न्यायाधीशहरूलाई आक्षेप लगाउनाले न्यायपालिकाप्रतिको जनविश्वास र भरोसा कमजोर बनाउँछ।

नेपालको सन्दर्भमा न्यायालयको संस्थागत र व्यक्तिगत स्वतन्त्रताको संयोजन संविधान मार्फत हुन नसकेको अवस्थामा, कानुनको शासन र नागरिक अधिकारको संरक्षण गर्ने दायित्व भएका न्यायाधीशहरू संस्थागत संस्कृति र अभ्यासहरूद्वारा बाँधिन सकेको अवस्था छैन। ०६१ सालमा लागू गरिएको पहिलो पञ्चवर्षीय रणनीतिक योजना र ०८१ साउन महिनामा जारी गरिएको न्यायपालिकाको पाँचौ पञ्चवर्षीय रणनीतिक योजनाले पनि 'न्यायपालिकाको स्वतन्त्रता, स्वायत्तता तथा न्यायिक सुशासनसम्बन्धी मूल्य मान्यताको प्रवर्धन' लाई प्रमुख योजनाको रूपमा निरन्तरता दिनुलाई गम्भीरतापूर्वक लिनुपर्ने देखिन्छ। न्यायिक स्वतन्त्रता र स्वायत्तताको निरन्तर ह्रास न्याय प्रशासनका प्रमुख कमजोरीहरू हुन् र यस्तो अवस्था विद्यमान रहनु न्यायको सिद्धान्त, विधिको शासन र लोकतान्त्रिक मूल्यमान्यताहरू खतरामा पारेको स्वीकारोक्ति हो। यस कारणले न्यायालय 'को' बाट स्वतन्त्र हुनु पदर्छ र 'के' उद्देश्यका लागि भन्ने महत्त्वपूर्ण विषय हुन्।

ट्रान्सपरेन्सी इन्टरन्यासनलको ०२३ को प्रतिवेदन अनुसार नेपाल अधिकतम भ्रष्टाचार हुने देशमध्ये ३५ औँ स्थानमा रहेको विभिन्न सूचकहरूले देखाउँछ। उक्त सूची अनुसार न्यायपालिका बढी भ्रष्टाचार हुने क्षेत्रको रूपमा औँल्याइएको छ। त्यसैगरी वर्ल्डजस्टीस प्रोजेक्टको रुल अफ ल इन्डेक्स अनुसार सन् ०२४ मा १ सय ४२ मुलुकमध्ये नेपाल ६९ औं स्थानमा रही कानुनी शासनको अवस्था खस्किएको मुलुकहरू मध्येमा पऱ्यो भने भ्रष्टाचारको विद्यमानताको सन्दर्भमा ९१ औँ स्थानमा रह्यो। न्याय सम्पादनमा हुने ढिलासुस्ती, कानुनको कमजोर कार्यान्वयन र नागरिकको मानव अधिकार र न्यायको अधिकार उपभोग हुन नसकेको आधारमा यसको मापन गरिन्छ। न्यायपालिका आफ्नै कारणले अथवा बाह्य जुनसुकै कारणले विवादित भए पनि, दुवै अवस्थाको सम्बन्धमा न्यायपालिका नै जवाफदेही हुनु पर्दछ, आफ्नो साख जोगाउनु पर्दछ।

## ३. न्यायिक जवाफदेहिता

'न्यायपालिकाको स्वतन्त्रता न्यायिक सुशासनको प्रतिबद्धता' न्यायपालिकाको दायित्व निष्पक्ष र प्रभावकारी रूपमा सम्पादन गर्न रणनीतिक योजनाले निदृष्ट गरेको लक्ष्य हो। र, न्यायिक जवाफदेहिता सुनिश्चित गर्ने मार्ग पनि हो। सर्वोच्च अदालतमा लामो समयदेखि बाँकी रहेका पुराना मुद्दालाई सम्बोधन गर्न प्रत्येक शुक्रबार कार्यालय समयका अतिरिक्त दुई घण्टा थप कार्य गर्नु, पुराना मुद्दा घटाउने लक्ष्यसहित अभियान फाँट सञ्चालनमा ल्याइनु, न्यायिक निष्पक्षताका लागि गोला

प्रथाद्वारा इजलास तोक्ने व्यवस्था गर्नुजस्ता कार्य न्यायालयको जवाफदेहिता सुनिचित गर्ने सम्बन्धमा सकारात्मक शुरुआत हो।

१७ जना न्यायाधीशलाई एकल, संयुक्त, पूर्ण, बृहत् पूर्ण र संवैधानिक इजलासमा (हरेक बुधबार र शुक्रबारमात्र) मुद्दा तोकिन्छ। सर्वोच्च अदालतमा हरेक दिन २ सय ५० देखि ३ सय ओटासम्म मुद्दा सुनुवाइ हुने पेसी सूची अदालतको वेवसाइटमा समेत सार्वजनिक हुन्छ तर, आधा भन्दा बढी मुद्दा हेर्न नभ्याइनेमा राखिन्छ। ०८१ मङ्सिर २ गतेदेखि २४ गते सम्म सर्वोच्च अदालतको वेवसाइटमा रहेको 'आजको मुद्दाको स्थिति' अनुगमन गर्दा हरेक दिन अधिकांश मुद्दा हेर्न नभ्याइने शीर्षक अर्न्तगत राखिएको पाइन्छ। मङ्सिर १२ देखि १४ गतेसम्म क्रमश: ३ सय १३, २ सय ५९ र ३ सय ६ ओटा पेसी तोकिएकोमा १ सय ९२, १ सय २३ र २ सय ४ थान मुद्दा हेर्न नभ्याइने सूचीमा राखियो। त्यसैगरी, मङ्सिर १७ देखि १९ गतेसम्म क्रमश: ३ सय ४, ३ सय ५३ र ३ सय ४३ थान मुद्दाको पेसी तोकिएकोमा १ सय ७२, २ सय ८ र २ सय ७ थान मुद्दा हेर्न नभ्याइने सूचीमा राखियो। यो विवरणले अदालतको कामकारबाही पूर्वानुमानित र संवेदनशील ढङ्गले हुन नसकेको स्पष्ट हुन्छ। कानुन व्यवसायी र बार एशोसिएशन पनि यसका लागि केही हदसम्म जिम्मेवार छन्। बार एशोसिएशनले आफ्ना बैठक वा भेलाहरू भएको अवधिभर सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला अदालत, विशेष अदालत र अन्य न्यायाधीकरणमा पेसी स्थगित गर्न अदालतलाई दबाव दिने र अदालतले पनि पेसी नतोक्ने प्रचलन छ। मुद्दा हेर्न नभ्याइने, हेर्न नमिल्ने, स्थगन गरिने, हेर्दा हेर्दैमा अर्को दिन वा सातालाई पन्छाउने, र आफ्नो इजलास भन्दा माथिल्लो इजलासमा मद्दा पेश गर्ने प्रवृत्ति मुद्दाको शीघ्र समाधान र न्याय निरूपणका लागि समाधान गर्न नसकिने समस्याको रूपमा रहेको छ। मुद्दाको पेसी तोकिने चलन अनुमानयोग्य र सेवाग्राहीमैत्री नहुनाले बर्दियादेखि साइकलमा ११ दिन लगाएर २०७९ सालदेखि हरेक महिना सर्वोच्च अदालतमा पेसी बुझ्न आउने शालिकराम अहिर जस्ता सेवाग्राहीप्रति न्यायिक जवाफदेहिता शून्य रहेको छ भन्नु अन्यथा हुँदैन। सेवाग्राहीमैत्री सेवा प्रवाह, सेवाग्राहीहरूको अनुभूतिको आधारमा सेवालाई उत्तरदायी बनाउने पद्धतिको निर्माण जवाफदेहितासहितको कार्य वातावरण र योजना अपरिहार्य छ।

पेसी स्थगन नियमित जस्तै बन्नु, न्यायाधीशहरूले 'न्यायिक घण्टा' अन्य कार्यमा प्रयोग गर्नु, संवैधानिक इजलासको प्रभावकारितामा प्रश्न उठ्नु, पेसी चढ्ने तर पेसी तोकिएका आधा भन्दा बढी मुद्दाहरू हेर्न नभ्याउनु र 'हेर्न नमिल्ने' समूहमा ठूलो सङ्ख्यामा दैनिक रूपमा मुद्दाहरू फिर्ता हुनाले अदालतको कार्यभार त बढाएकै छ, न्यायपालिकाका मान्य सिद्धान्तहरूको पालना र नागरिकको अधिकारको संरक्षण हुन नसकेको अवस्था छ।

अदालतको स्वतन्त्रताको प्रतिरक्षा र जवाफदेहिता सुनिश्चित गर्न अवहेलनामा कारबाही गर्ने विशेषधिकार अदालतलाई छ। अदालतले यस अधिकारको प्रयोग कतिपय अवस्थामा संयमित भएर गऱ्यो भने कतिपय अवस्थामा जवाफदेही हुनुको सट्टा आफूमाथि उठ्ने प्रश्नहरूलाई निस्तेज गर्न अस्त्रको रूपमा प्रयोग गरेको देखिन्छ। सिधाकुरा नामक युट्युब लगायतका सामाजिक सञ्जालबाट ०८१ वैशाख १४ गते र शृङ्खलाबद्ध रूपमा अपलोड गरी प्रसारण

गरिएको '४ सय बढी भ्रष्टाचारका मुद्दा डिसमिस गराउने सर्वोच्च अदालतका न्यायाधीश सहभागी बैठकको स्टिङ अपरेसन' शीर्षक राखी कपोकल्पित, भ्रामक तथा नियोजित ढङ्गले समाचार प्रकाशन गर्ने कार्यले न्याय सम्पादनको कार्यमा अवरोध सृजना गरी अदालतको अवहेलना गरेको तथा स्वतन्त्र न्यायपालिकाप्रतिको जनआस्थामा गम्भीर आँच पुऱ्याई अदालतको अवहेलना गरेकोले उक्त कार्यमा संलग्नलाई हदैसम्मको सजाय गर्न माग गर्दै परेको रिट निवेदनमा विगतका आदेशहरूमा अदालत अनुदार रहेको भए तापनि क्रमिक रूपमा अवहेलनाको विवादको व्याख्या र कारबाही गर्ने क्रममा अदालत संयमित र उदार हुँदै आएकोमा यस विवादमा अदालतले कठोरतापूर्वक व्याख्या गरेको देखिन्छ र दण्डको मामिलामा अदालत अनुदार देखिएको छ।

त्यसैगरी, सर्वोच्च अदालतको न्यायाधीश सिफारिसमा लेनदेन भएको अभिव्यक्ति दिएका कारण नेपाल बार एशोसिएशनका अध्यक्ष गोपालकृष्ण घिमिरे विरुद्ध सर्वोच्च अदालतले अवहेलनासम्बन्धी मुद्दा
(सर्वोच्च अदालत, ०८१) चलायो। सांसद, कानुन व्यवसायी, सञ्चार माध्यमले अदालतको कामकारबाहीलाई निगरानीमा राख्ने निकायहरूमाथि अवहेलना मुद्दा चलाउने र कारबाही गर्ने प्रवृत्ति अदालतको बढेको छ। विवेकपूर्वक प्रयोग भएमा अदालतको स्वतन्त्रता जोगाउन कतिपय अवस्थामा आवश्यक हुन्छ। तर, नेपालको संविधानमा भएको अदालतको अवहेलनासम्बन्धी विशेषाधिकारलाई विधायिकाले कानुन बनाएर त्यसको सीमा, गम्भीरताको विषय तोक्नुपर्नेमा अवहेलनासम्बन्धी कानुन बन्न नसक्दा न्याय प्रशासन ऐनमा भएको व्यवस्था र नियमावलीका आधारमा अवहेलनासम्बन्धी कारबाही भइरहेको छ। कानुनी सीमाको अभावमा अवहेलनासम्बन्धी कारबाहीको कार्यविधि, त्यसको पालना अनि दण्ड, सजायको कुनै मापदण्ड छैन। फलस्वरुप कारबाहीमा एकरूपता रहँदैन।

न्यायाधीशको राय बाझिने विषय न्यायिक प्रकृयामा स्वस्थ आलोचनाको रूपमा लिइन्छ र कतिपय अवस्थामा राय बझाउनु आवश्यक पनि हुन्छ जसले न्यायिक स्वतन्त्रता सुनिश्चित गर्दछ। सर्वोच्च अदलतमा प्राय:जसो राजनीतिक विषय समावेश भएको विवाद वा राजनीतिक दलका प्रतिनिधि वा सरकारी अधिकारीहरू संलग्न भएका विवादमा राय बाझिने गरेको देखिन्छ। नेकपा एमालेकी सासंद रेखाकुमारी शर्माले बालिकालाई बालश्रम र यातना दिई घरेलु कामदार राखेको र ती बालिकालाई काठमाडौं महानगरपालिकाले उद्धार गरी संरक्षण गृहमा राखेको सम्बन्धमा परेको मुद्दा,
(अनलाइन खबर, २०८१) रवि लामिछानेलाई गृहमन्त्रीको पदमा रहन नमिल्ने भन्दै निलम्बनको माग गर्दै परेको गदै परेको रिटमा (नयाँ पत्रिका, ०८१) राय बाझिनुलाई स्वच्छ संवाद मान्न सकिँदैन। राय बझाइ विवादको निरूपण लम्ब्याउनुको साटो इजलासले बालिकाको अधिकतम हित र सुरक्षाका लागि तत्काल प्रभावकारी आदेश गर्नु उपयुक्त हुन्थ्यो। दलका नेताहरूले नै 'न्यायाधीशहरूमा पार्टीको अनुहार देख्ने' र नेपाल बार एसोसियसनका अध्यक्षले लेनदेनमा न्यायाधीशहरू नियुक्ति गर्ने गरेको अभिव्यक्ति सार्वजनिक रूपमा दिनु र सर्वोच्च अदालतका न्यायाधीशहरूले पनि न्यायाधीश

नियुक्तिमा हुने भागबण्डा रोक्न बार र न्याय परिषद्मा राजनीतीकरण अन्त्य आवश्यक भएको टिप्पणीले भागबण्डाले 'इजलास' र न्यायपालिका दलहरूको छाँयामा रहेको छ भन्दा अन्यथा हुँदैन।

न्यायपालिकाको जवाफदेहिता माग गर्दै प्रधानन्यायाधीशलाई विपक्षी बनाइ सर्वोच्चमा रिट दायर भयो भने न्यायाधीशलाई नै वैबाहिक बलात्कार जस्तो गम्भीर अपराधको कसुरमा दोषी ठहऱ्याइ कारागार चलान गरियो। न्याय परिषद्मा उच्च र जिल्ला अदालका न्यायाधीशहरू उपर खराब आचरण वा आचारसंहिताको गम्भीर उल्लङ्घन सम्बन्धमा ठूलो सङ्ख्यामा उजुरीहरू परेकोमा आर्थिक वर्ष ०८१/०८२ को उजुरीको प्रकृतिगत विवरण (न्याय परिषद सचिवाल, ०८१), हेर्दा १ सय १४ ओटा उजुरी फर्स्यौट हुन बाँकी रहेकोमा ती अधिकांश उजुरी उच्च अदालतका न्यायाधीश विरुद्ध रहेका छन्। उच्च र जिल्ला अदालतका एक एक जना न्यायाधीशलाई आचरणका कारण ०८० चैत १३ गते पदमुक्त गरियो। तर, न्यायपालिकाको अध्ययन प्रतिवेदनले औंल्याएका न्यायपालिकामा व्याप्त भ्रष्टाचार र अनियमितता सम्बन्धमा न्यायालय र न्यायाधीश जवाफदेही हुन सकेका छैनन्। न्यायिक जपाफदेहीता सुनिश्चित गर्न उच्च र सर्वोच्च अदालतका न्यायाधीशहरू 'आफूलाई सिफारिस' गर्ने राजनीतिक दलको प्रभावबाट पूर्णतया अलग रहन सक्नु पर्दछ।

**४. न्याय सम्पादन**

'संविधान, कानुन र न्यायका मान्य सिद्धान्तका आधारमा स्वच्छ एवम् निष्पक्ष न्याय सम्पादन' गर्ने परिलक्ष्य साथ न्यायपालिकाद्वारा योजनाबद्ध सुधारको थालनी दुई दशक अगाडि गरिएको थियो। तर, चार ओटा रणनीतिक योजनाको कार्यान्वयन सम्पन्न भइसक्दा पनि निष्पक्ष र गुणस्तरीय न्याय सम्पादसँग जोडिएका महत्त्वपूर्ण सबालहरूको उचित सम्बोधन हुन सकेको छैन। छिटोछरितो र गुणस्तरीय न्याय सम्पादन अर्न्तगत मुद्दाको शीघ्र फर्स्यौट, मुद्दा व्यवस्थापन, न्यायिक काम कारबाही तथा फैसला लेखनमा शीघ्रता र गुणस्तरीयतामा वृद्धि, विवाद समाधानका वैकल्पिक उपायहरूको प्रभावकारी प्रयोग तथा फैसलाको तयारी एवम् प्रभावकारी फैसला कार्यान्वयन पर्दछन्। सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन, रणनीतिक योजनाको समीक्षा प्रतिवेदन र न्यायपालिकाबाट समय-समयमा हुने गरेका अध्ययन अनुसन्धानले न्याय सम्पादनका अधिकांश सवालहरूमा अपेक्षाकृत उपलब्धि हुन नसकेको उजागर गर्दछ।

प्रभावकारी न्याय सम्पादन मापन गर्ने र न्यायपालिकाको काम कारबाहीको प्रभाव देखाउने महत्त्वपूर्ण आधार मुद्दा फर्स्यौटको अवस्था हो। सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन अनुसार आर्थिक वर्ष ०७९/८० मा फर्स्यौट हुन ३१.५९ प्रतिशत मुद्दा बाँकी रहेको, ११ हजार २ सय ३८ थान मुद्दाहरू दुई वर्ष नाघेका तर पाँच वर्ष ननाघेका र ४ हजार १ सय ६० थान मुद्दाहरू पाँच वर्ष नाघेका छन्। त्यसैगरी उच्च अदालतमा ६७.८२ प्रतिशत र जिल्ला अदालतमा ६७.२० प्रतिशत मुद्दा बाँकी रहेको सर्वोच्च अदालतको तथ्याङ्कले देखाउँछ।

आर्थिक वर्ष ०८०/८१ मा सर्वोच्च अदालतले दुई वर्ष नाघेका ३ हजार २ सय १४ ओटा मुद्दा तथा रिट निवेदनहरूको फर्स्यौट गर्ने लक्ष्य लिएकोमा जम्मा ३ सय

**तालिका ६.१.१ तीन तहका अदालतमा मुद्दा फर्स्यौटको अवस्था**

| अदालत | लागत | बाँकी | १ वर्ष भित्रको | १ वर्षदेखि १८ महिना भित्रको | १८ महिनादेखि २ वर्ष भित्रको | | |
|---|---|---|---|---|---|---|---|
| सर्वोच्च अदालत | ४२०१४ | २८७४१ | ८१७८ | २६८७ | २४७८ | ११२३८ (२ वर्ष देखि ५ वर्ष भित्रको) | ४१६० (५ वर्ष नाघेको) |
| उच्च अदालत | ७९२४९ | २५४९९ | २१९१० | २९२८ | १७४४ | ४३० (२ वर्ष नाघेको) | |
| जिल्ला अदालत | ३४९६९५ | ११४५६८ | ८२१९५ | १४७८८ | ८८५६ | ८७२९ (२ वर्ष नाघेको) | |

(स्रोत : सर्वोच्च अदालत)

फर्स्यौट हुन सकेकाले फर्स्यौटको लक्ष्य र प्रगतिबिच ८८.६१ प्रतिशतको अन्तर रहेको अवस्था छ। (सर्वोच्च अदालत, ०८१), त्यसैगरी तीन वर्ष नाघेका शुरु मुद्दा तथा पुनरावेदन फर्स्यौट बिचको लक्ष्य र प्रगतिबिच ८३.६८ प्रतिशतको अन्तर रहेको छ भने न्यायपालिकामा आठ वर्ष नाघेका १ सय ५४ थान मुद्दा छन्।


सङ्घीयता र सङ्घीय इकाइहरूबीच उत्पन्न हुने विवादको शीघ्र र प्रभावकारी न्यायिक निरूपणका लागि स्थापना भएको संवैधानिक इजलासमा हाल १ हजार २ सय १३ मुद्दा विचाराधीन छन्। इजलासको क्षेत्राधिकार अन्तर्गतका विवाद लगायतका २ सय ३० थान रिट निवेदनहरू एक वर्षभित्र फर्स्यौट गर्ने लक्ष्य रहेकोमा आर्थिक वर्ष ०८०/८१ मा जम्मा १२ थान निवेदन फर्स्यौट भएकोले लक्ष्य र प्रगतिबिच ९४.७८ प्रतिशतको अन्तर रहेको छ। इजलास गठनको अवधारणा र त्यसको अन्तर्वस्तु, न्यायाधीशको विषेशज्ञता, क्षेत्राधिकार र गम्भीर संवैधानिक व्याख्याको लागि प्रधानन्यायाधीशले अन्य मुद्दा समेत इजलासमा पठाउने व्यवस्था लगायतका विषयहरूले इजलासको प्रभावकारितालाई समस्याग्रस्त बनाएको छ। इजलासको गठन यता संसद विघटनको विवाद, वातावरण संरक्षण, मानव अधिकार, सुशासनको विषयमा केही महत्त्वपूर्ण व्याख्या गरेको भए पनि मानव अधिकार र कानुनी शासनको संरक्षणमा प्रत्यक्ष असर पार्ने विववादहरू पेसीमा राख्ने तर, फैसला नगर्ने प्रवृत्तिले इजलासको प्रभावकारिताप्रति नैराश्यता छाएको छ।

**तालिका ६.१.२ जिल्ला र उच्च अदालतमा फरक मुद्दा व्यवस्थापन पद्धति कार्यान्वयनको लक्ष्य र प्रगति**

| अदालत | लक्ष्य | प्रगति | लक्ष्य र प्रगति बिचको अन्तर |
|---|---|---|---|
| जिल्ला अदालत | ४१६२२७ | १५७३९५ | ६२.१९ |
| उच्च अदालत | १११५३२ | २४७५९ | ७७.८० |

(स्रोत : सर्वोच्च अदालत)

**तालिका ६.१.३ तीन तहको अदालतमा फैसला लेखनको अवस्था**




(स्रोत : न्यायपालिकाको पाँचौ पञ्चवर्षीय रणनीतिक योजना)

मुद्दा फर्स्यौटलाई प्रभावकारी बनाउन रणनीतिक योजनाको लक्ष्य अनुरूप फरक मुद्दा व्यवस्थापन पद्धतिको अनुसरण न्यायपालिकाले गऱ्यो। जिल्ला अदालतहरूमा ०७७ साउन १ र उच्च अदालतमा ०७७ भदौ १ गतेदेखि लागु गरिएको यस पद्धतिअनुसार मुद्दालाई सरल, सामान्य र विशेष गरी तीनओटा समूहमा विभाजन गरी तीन समूहमा मुद्दाहरू क्रमश: ६ महिना, १२ महिना र १८ महिनामा फर्स्यौट गर्ने समयावधि निर्धारण गरिएकोमा उद्देश्य अनुरूप लक्ष्य हासिल गर्न सकेको देखिँदैन। जिल्ला अदालतमा विशेष समूहमा वर्गीकरण गरिएको मुद्दा दर्ता भएको मितिले १८ महिनाभित्र फर्स्यौट गर्ने लक्ष्य रहेका २४.७९ प्रतिशत मुद्दा र उच्च अदालतमा जम्मा १३.५३ प्रतिशत मात्र मुद्दा फर्स्यौट हुन सकेको छ। सर्वोच्च अदालतमा यो प्रणालीको पाँचौ रणनीतिक योजनाको कार्यान्वयन अवधिमा लागु गर्ने लक्ष्य रहेको छ।

मुलुकी देवानी कार्यविधि संहिता तथा मुलुकी फौजदारी कार्यविधि संहिताले मुद्दा फैसला भएको २१ कार्यदिनभित्र फैसला तयार गर्नुपर्ने व्यवस्था गरेको भए तापनि सोअनुरूप फैसला तयार गर्न नसकिएको चौथो रणनीतिक योजनाको कार्यान्वयन समीक्षामा उल्लेख गरिएको छ। समीक्षा अनुसार सर्वोच्च अदालतले ९.२९ प्रतिशत मात्र लेखन सम्पन्न गरी ९०.७१ प्रतिशत फैसला लेखनको काम बाँकी राखेको छ भने जिल्ला अदालतले सबैभन्दा बढी ७८.७८ र उच्च अदालतले ६५.७४ प्रतिशत फैसला लेखन सम्पन्न गरेको छ।

फैसला कार्यान्वयनतर्फ पनि कार्यान्वयको लक्ष्य र प्रगतिबिच ठूलो अन्तर रहेको चौथो रणनीतिक योजनाको कार्यान्वयन समीक्षाले देखाउँछ। आर्थिक वर्ष ०७६ देखि ०८१ सम्म १ लाख ५१ हजार १ सय ८९ ओटा देवानी मुद्दाको फैसला कार्यान्वयन गर्ने लक्ष्य लिएकोमा ८६.४२ प्रतिशत र १ लाख २८ हजार ९ सय १९ ओटा फौजदारी मुद्दाको फैसला कार्यान्वयन गर्ने लक्ष्य लिएकोमा ६३.२६ प्रतिशत फैसला कार्यान्वयन हुन सकेन। ९०.३४ प्रतिशत सरकारी बिगो भराउन नसकेको समीक्षाले देखाउँछ। त्यसैगरी रणनीतिक योजना कार्यान्वयनको अवधिमा सार्वजनिक सरोकारका विवादमा भएका ३ सय २३ ओटा आदेश जम्मा १ सय ६० ओटा फैसलाको कार्यान्वयन भयो। वार्षिक प्रतिवेदन ०७९/८० अनुसार सर्वोच्च अदालतबाट भएका निर्देशनात्मक आदेश, परमादेशलगायत गरी जम्मा १ सय ९६

ओटा आदेश फैसला कार्यान्वयन निर्देशनालयमा दर्ता भएकोमा ४४ ओटा आदेशको कार्यान्वयन भएको छ भने १ सय ५२ ओटा आदेशको कार्यान्वयन हुन बाँकी रहेको छ।

सर्वोच्च अदालतले २०६१ सालदेखि पाँच ओटा मुद्दामा बाल अदालत गठन गर्न सरकारको नाममा आदेश दिएको भए पनि कार्यान्वयन हुन सकेको छैन। फैसला कार्यान्वयनको माग गर्दै परेको निवेदनमा सर्वोच्च अदालतले असोज ०८० मा सरकारका नाममा थप आदेश (गोरखा पत्र, ०८१), जारी गरेको छ। त्यसैगरी, महानगरका सडक व्यवसायीको व्यवस्थापन र रोजगारीका वैकल्पिक उपायसहितको कार्ययोजना बनाउन र २४ वैशाख ०८० मा कार्ययोजना पेश गर्न सरकारकालाई दिएको आदेश पालना नगरेकोमा कार्ययोजना लिएर १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत पेस गर्न सरकारलाई ०८१ जेठ ५ मा दोहोऱ्याएर आदेश दियो। म्यादभित्र गर्न नसकेको अवस्थामा न्याय प्रशासन ऐनको दफा ३४(२) बमोजिम इजलासमा पेस गर्ने समेत आदेशमा उल्लेख छ।

चौथो रणनीतिक योजनाले पाँच ओटा लक्ष्य र २३ ओटा रणनीतिक उद्देश्यहरू निर्धारण गरेकोमा लक्ष्य बामोजिम प्रगति हासिल गर्न नसक्नुमा निर्धारित लक्ष्यहरू बढी महत्त्वाकाङ्क्षी हुनु, योजनाले प्रक्षेपण गरेको बजेट, भौतिक साधन स्रोत तथा जनशक्तिको कमी, योजनाका प्राथमिकताहरूबिच तालमेल नहुनु, योजनालाई आन्तरिकीकरण गर्न नसक्नु योजना कार्यान्वयनमा रहेका चुनौतीको रूपमा पाँचौ रणनीतिक योजनाले पहिचान गरेको छ। पाँचौ रणनीतिक योजनाले निर्धारण गरेका पाँच ओटा लक्ष्य र २९ ओटा रणनीतिक उद्देश्यहरू पनि यथार्थपरक र अनुमानयोग्य ढङ्गबाट तर्जुमा गर्न नसकिएकाले अघिल्ला योजनाहरू अनुरूप नै महत्त्वाकाङ्क्षी र योजना अवधिमा हासिल गर्न चुनौतीपूर्ण देखिन्छ।

## ५. न्यायमा पहुँच

न्यायाधीश र अन्य न्यायिक कर्मचारीहरूको नियुक्ति, दरबन्दी र उचित व्यवस्थापन न्यायमा पहुँच सुनिश्चित गर्नका लागि कुनै पनि अवस्थामा सम्झौता गर्न नसकिने आधारभूत विषय हो। सर्वोच्च अदालतका पाँचजना न्यायाधीशहरू ईश्वर खतिवडा, सुष्मालता माथेमा, डा. आन्नद मोहन भट्टराई र विश्वम्भरप्रसाद श्रेष्ठ ले यस वर्ष अवकास लिए र प्रधानन्यायाधीश विश्वम्वरप्रसाद श्रेष्ठले अवकाश लिएपछि रोलक्रममा रहेका न्यायाधीश प्रकाशमान सिंह राउत (कान्तिपुर, ०८१) प्रधानन्यायाधीश बनेका छन्।

न्यायपालिकाको विकृति, विसङ्गतिबारे अध्ययन गर्न सर्वोच्च अदालत बार एशोसिएशनले गठन गरेको समिति र सर्वोच्च अदालतका न्यायाधीश हरिकृष्ण कार्कीको नेतृत्वमा न्यायपालिकाको विकृति विसङ्गतिबारे अध्ययनमा उनी संलग्न भएकाले ती प्रतिवेदनहरूले उठाएका कानुनी राज र सुशासन, न्यायिक स्वतन्त्रता र जवाफदेहिता, जनआस्था लगायतका सबालहरू सम्बोधन गर्नुपर्ने जिम्मेबारी उनीमाथि पनि रहेको छ। खासगरी मुद्दामा स्वचालित प्रणाली लागु भएमा न्यायालयमा रहेको विकृति र विसङ्गतिहरू नियन्त्रण गर्ने सम्बन्धमा न्यायपालिकाको अग्रसरता सेवाग्राहीले स्पष्ट रूपमा महसुस गर्ने थिए। कानुन व्यवसायीको पृष्ठभूमिबाट आएकाले बार र बेञ्चबिच रहेको द्वन्द्व न्यूनीकरणमा

महत्त्वपूर्ण भूमिका रहने अपेक्षा गर्न सकिन्छ। तर, प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले न्याय परिषद् नियमावलीमा गरेको संशोधनले प्रधानन्यायाधीश तथा न्यायपरिषद्लाई थप विवादमा पारी संविधान र ऐन बमोजिम हुने कामकारबाहीलाई नियमावलीबाट चल्ने प्रथा बसालिदिएकोले यस संशोधनलाई (न्याय परिषद्) खारेज गर्नुपर्ने बारको अडान ( पहिले नियुक्त) रहेको अवस्थामा बारसँगको समन्वय, न्याय प्रशासनको दैनिक कामकाजमा संलग्न नभएको र जिल्ला तहदेखिको अनुभव नभएकोले कर्मचारीको कार्यशैली र स्वरूप बुझ्ने र न्याय सेवा कर्मचारीलाई विश्वासमा लिएर न्यायपालिकाको नेतृत्व गर्ने साथै राजनीतिक प्रभावबाट न्यायालयलाई मुक्त राख्नु उनका लागि चुनौतीपूर्ण हुने अनुमान गर्न सकिन्छ।

२१ न्यायाधीशको दरबन्दी रहेको सर्वोच्च अदालतमा हाल १७ न्यायाधीश छन्, चार दरबन्दी रिक्त छ। २०७९ सालमा न्यायाधीश मीरा खड्काको अवकाश भएयता सबै न्यायाधीशको पदपूर्ति हुन सकेको छैन। पाँच ओटा पद रिक्त रहँदा दुई जना (नृपध्वज निरौला र नित्यानन्द पाण्डे) मुख्य न्यायाधीशलाई मात्रै नियुक्तिका लागि सिफारिस गर्नुमा कुनै वस्तुनिष्ठ तथ्य र आधार देखिँदैन। २०८० मंसिरमा ६ जना न्यायाधीश दरबन्दी रिक्त रहेकोमा माओवादी कोटामा सिफारिस हुने न्यायाधीशका लागि पद रिक्त राखेर नाम सिफारिस गरिएको थियो। सर्वोच्च अदालतमा कुनै न्यायाधीशको पद रिक्त हुनु एक महिनाअघि नै नियुक्तिका लागि न्याय परिषद्ले संवैधानिक परिषद्लाई सिफारिस पत्र लेखी पठाउने संवैधानिक व्यवस्था छ। संविधानको व्याख्या गर्ने विशेष अधिकार पाएको न्यायालयसँगै प्रत्यक्ष जोडिएको न्यायाधीश नियुक्तिको विषय भने न्याय परिषद् र यसका सदस्यहरूले पालना गर्न सकेको छैनन्। न्यायाधीशहरूको सिफारिस नहुँदा नियमित रूपमा दुई ओटा संयुक्त इजलास प्रभावित भइरहेको छ। राजनीतिक हस्तक्षेप हुनु र न्यायिक नेतृत्वले हस्तक्षेपलाई रोक्न नसक्नु प्रमुख कारण हो। सर्वोच्च अदालतमा नियुक्तिका लागि वरिष्ठ अधिवक्ता भएका व्यक्तिलाई मात्रै सिफारिस गर्ने नीतिगत निर्णय भएको छ तर, कार्यान्वयन हुन सकेको छैन।

उच्च अदालतमा तीन जना मुख्य न्यायाधीशसहित रिक्त न्यायाधीशको सङ्ख्या २३ छ भने जिल्ला अदालतमा पाँच जना न्यायाधीशको दरबन्दी रिक्त छ। बारले उच्च अदालतका न्यायाधीश नियुक्ति सम्बन्धमा नियमावली संशोधनको माग राखेको कारणले रोकिएको हो। नियमावलीले नयाँ न्यायाधीश नियुक्ति गर्दा पुराना न्यायाधीशभन्दा बरियतामामाथि राखिएको तर्क गर्दै नेपाल बारले न्याय परिषद् नियमावली २०७४ खारेजको माग गर्दै आएको छ। न्याय परिषद्को संशोधित नियमावली अनसार मुख्य रजिष्ट्रारबाट न्यायाधीश हुने व्यक्तिलाई वरीयताक्रममा अघि राख्नेगरी नियमावली संशोधन गरेको थियो। न्याय परिषद नियमावली २०७४ को नियम ११ मा इजलास कायम गर्ने, पेसी सूची तोक्ने तथा अदालतको प्रशासनिक काम कारबाही सञ्चालन गर्ने प्रयोजनको लागि वरिष्ठता कायम गर्ने व्यवस्था छ। कर्मचारी र कानुन व्यवसायीबाट नियुक्ति हुँदाको बरियताक्रममा अगाडि पर्ने भन्ने विषयले न्यायाधीश नियुक्ति अन्योलमा परेको हो। प्रधानन्यायाधीशले बारसँग तत्काल छलफल गरेर न्याय परिषद् नियमावली संशोधनको प्रकृया अगाडि बढाउनु पर्दछ। बार र बेञ्चको सम्बन्ध अटुट रहेकाले बार र न्याय परिषद्मा

विद्यमान राजनीतीकरण अन्त्य भएमात्र न्यायाधीश नियुक्ति स्वतन्त्र रूपले हुन सक्छ ।

हाल अदालतमा रहेका १७ जना न्यायाधीशमध्ये १५ जना पुरुष र दुई जना महिलाको उपस्थिति रहेकोमा बाहुल्यता पुरुष ब्राहमणको रहेको छ। १५ जना पुरुषमा १२ जना ब्राहमण, दुई जना जनजाति र एक जना मुसलमान रहेको छन्। नियुक्त हुने न्यायाधीशहरूमा अधिकांश पुरुष ब्राह्मण रहने गर्दछन्।

न्यायमा पहुँचका अवरोधहरूको सम्बोधन गर्ने, प्रवाह हुने सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउने, कानुनी सहायतालाई प्रभावकारी बनाउने, सूचना प्रवाह मार्फत न्यायिक प्रक्रिया र प्रणालीबारे जानकारी दिने र पीडितमैत्री न्याय प्रणालीको सुदृढीकरण गर्ने लक्ष्य चौथो रणनीतिक योजनाले लिएकोमा योजनाको कार्यान्वयनले लक्षित उपलब्धि हासिल गर्न सकेन। न्यायमा पहुँच सम्बन्धमा विद्यमान अवरोधहरूको पहिचान र सम्बोधन, अदालतका भौतिक संरचना, न्यायिक प्रकृया र प्रविधिको जटिलता, र मानवीय स्रोतस्रोत सेवाग्राही मैत्री, अपाङ्गता भएका व्यक्तिहरूको भाषिक आवश्यकलाई सम्बोधन गर्न, कानुनी सहायता लगायतका उपलब्ध सेवाहरू प्रभावकारी र गुणस्तरीय नहुनु र यस्ता सेवाबारे जानकारी, प्रविधिको प्रयोगबारे जानकारी नहुन तथा प्रविधि प्रयोगकर्तामैत्री, अदालतमा लैङ्गिक तथा सामाजिक समावेशीकरणको सिद्धान्तको प्रवर्द्धन र अदालत अर्न्तगतका भौतिक तथा मानवीय संरचना पीडितमैत्री अथवा पीडितमैत्री न्यायप्रणाली प्रति न्यायापलिका गम्भीर नहुनु प्रमुख चुनौतीहरू हुन्। उल्लिखित चुनौती तथा अवरोधहरूका सम्बन्धमा समय समयमा अदालतबाट हुने गरेका अध्ययन अनुसन्धानहरूले पनि औंल्याएका छन् तर त्यस्ता अध्ययन प्रतिवेदनले गरेका सिफारिसको कार्यान्वयन अदालतको प्राथमिकतामा पर्ने गरेको छैन। न्यायमा पहुँच सुनिश्चित गर्न वार्षिक योजनामा समावेश गरिएको कामहरू केही बजेट अभावका कारण त केही सरोकारवालाहरूसँग समन्वय गर्न नसकेको कारणले र केही न्यायपालिकाको क्षमताका कारणले सम्पन्न गर्न नसकेको देखिन्छ। (न्यायमा पहुँच आयोग, २०८१) योजना अनुमान योग्य ढङ्गबाट गर्न नसकेको र न्यायिक निकाय लगायत बाह्य निकायहरूसँगको समन्वय र समाञ्जस्य कायम गर्ने सम्बन्धमा न्यायपालिकाको दक्षता रणनीतिक रूपमा निर्बाह गर्न नसकेको देखिन्छ।

न्यायालय समक्ष विवाद पुरयाउनु मात्रै न्यायमा पहुँच होइन। मुद्दाका पक्षहरूलाई शीघ्र न्यायको लागि मार्ग प्रश्स्त गर्नु न्यायमा पहुँच हो। न्यायाधीशहरूको व्यवस्थापन गर्न नसक्नु, उनीहरूको कार्यबोझ बढाउनु, प्रभावकारी न्याय सम्पादन र पहुँचलाई न्यायप्रशासनले गम्भीरतापूर्वक नलिनु हो। न्यायपरिषद्ले ०८० माघ २३ गते गरेको निर्णयले न्यायालयको न्याय सम्पादन गर्ने दायित्व र नागरिकको न्यायमा पहुँचको अधिकारलाई बेवास्ता गऱ्यो। डडेलधुरा जिल्ला अदालतका न्यायाधीशलाई चितवन जिल्ला अदालतमा काज सरुवा गरेपछि डडेलधुरामा न्यायाधीश नपठाइ बैतडी जिल्ला अदालतमा कार्यरत न्यायाधीशलाई नै दुवै जिल्लाको जिम्मेवारी १५/१५ दिन हेर्ने गरी तोकियो। १५ साउन २०८१ मा अर्थात ६ महिनापछि कास्की जिल्ला अदालतका न्यायाधीशलाई डडेलधुरा सरुवा गरी त्यस जिल्लाको जिम्मेवारी

तोकियो। त्यसैगरी, सर्वोच्चमा न्यायाधीश नियुक्ति नहुँदा थुनामा रहेका बन्दीहरू पुनरावेदनपत्र दायर गरेको तीन वर्षसम्म पनि शुरू सुनुवाइको पालो नआउने, अर्कातिर फौजदारी अपराधमा जन्मकैद तोकिएकाहरूलाई चाहिँ सरकार र राजनीतिक दलसँग स्वार्थ जोडिएकै आधारमा प्रत्येक साता मुद्दाको पेशी राखिदिने जस्ता मनोमानी सर्वोच्च अदालतमा भइरहेको छ। (ओली, ०८१)

कानुन र प्रविधिबिचको बढ्दो तादत्म्यले सञ्चारको व्यापक प्रयोग र प्रभावकारिताको युगमा न्याय प्रशासनलाई सञ्चार र प्रविधिबाट अलग राख्न सकिँदैन। न्यायपालिकामा अनलाइन तारेखको व्यवस्था, सूचना प्रविधिको प्रयोग गरी भिडियो कन्फेरेसिङ मार्फत साक्षी वकपत्र, श्रव्यदृश्य माध्यमबाट मुद्दाको सुनुवाइ, अदालतका फैसलाहरूको विद्युतीय पहुँच लगायतका सूचना प्रविधिको प्रयोगले न्याय पहुँचयोग्य, प्रभावकारी छिटो छरितो र किफायती बनाउनका लागि नै भएकोमा कुनै द्विविधा छैन। तर, यसको विकास र उपयोग आवश्यकता अनुरूप हुन सकेको छैन। कार्यान्वयनमा ल्याइएका प्रविधिहरू प्रयोगकर्तामैत्री नहुनु, प्रयोगकर्तामैत्री बनाउन आवश्यक कदम प्रभावकारी रूपमा नचालिनु र अदालतका कर्मचारी पनि प्रविधि प्रयोग गर्न सक्षम नहुनु, न्याय सुधारको लक्ष्य र प्रविधिको लगानीबीचको भिन्नता, कमजोर संस्थागत क्षमता र गतल प्राथमिकता, नीति निर्माता र न्यायाधीहहरूमा प्रविधि र यसको प्रयोगबारे ज्ञान, सीप र उत्साहको अभाव, न्याय सम्पादन र नियमन गर्ने आवश्यक कानुनको अभाव, गोपनीयता र सूचनाको सुरक्षा मुख्य चुनौती (चापागाई, २०८१) हुन्। अनलाइन मार्फत मुद्दा दर्ता र पेसीको सूचना स्वचालित रूपमा पठाउने प्रणालीको शुरुआत सर्वोच्च अदालतले ०८१ जेठ १ गतेदेखि गऱ्यो। यस्तो प्रविधिको प्रयोग उच्च र जिल्ला अदालतमा पनि लागु गर्ने तयारी न्यायालयको रहेको छ। यस्तो प्रणालीको प्रयोगले सेवाको पहुँचमा सहजता, सरलता र सुविधा हुनुका साथै सेवालाई पारदर्शी, अदालती काम क्रमश: कागजबिहीन बनाउने र अभिलेख व्यवस्थामा सहजता ल्याउन सहयोग गर्ने भएता पनि स्थानीय स्तरमा इन्टरनेटको पहुँच र प्रविधि प्रयोग गर्न आवश्यक सीप र दक्षता चुनौतीका रूपमा रहेको छ।

**७. जनआस्था**

न्यायपालिका कति निष्पक्ष र सक्षम छ भन्ने विषय संविधान र कानुनले मात्र निर्धारण गर्ने विषय होइन, न्यायपालिकामाथि जनताको आस्था एवं विश्वास न्यायिक स्वतन्त्रता र जवाफदेहिता मापन गर्ने सूचक हो। सन् १९८६ मा अमेरिकी न्यायाधीश फेलिक्स फ्रान्कफर्टरले 'अदालत न त पैसा न त तरवार, यसप्रतिको नैतिक स्वीकृति भनेको केबल जनताको दिगो विश्वासमा निर्भर गर्दछ' भनेका छन्। भारतको सर्वोच्च अदालतका पूर्वप्रधानन्यायाधीश डी वाइ चन्द्रचुडले न्यायिक निकायको विश्वसनीयताको केन्द्रबिन्दु भनेको जनविश्वास हुने भएकोले न्यायालयको सञ्चालन जनमतबाट अलग रहन सक्दैन भनेका छन्। त्यसैगरी, नेपालको सर्वोच्च अदालतका पूर्व न्यायाधीश दीपककुमार कार्की र डा.आनन्दमोहन भट्टराईले ०७८ सालमा संवैधानिक इजलासको संरचनालाई सम्बोधन

(न्यायाधीश, ०७८) गर्ने क्रममा न्यायिक शक्ति जनताको विश्वासमा आधारित रहेको उल्लेख गर्दै अविश्वासी न्यायाधीशले दिएको

न्यायलाई विश्वसनीय मान्न सकिँदैन। न्याय प्राप्त गर्न निष्पक्ष परिणाम मात्र आवश्यक पर्दैन, सम्पूर्ण न्यायिक प्रक्रिया स्वच्छ र निष्पक्ष हुनुपर्दछ भनेका छन्।

न्यायपालिका बाहेक अन्य सार्वजनिक संस्थाहरूप्रतिको विश्वास मुख्यतया स्वतन्त्र र निष्पक्ष चुनाव मार्फत बढाइन्छ र कायम राखिन्छ, जनता र न्यायपालिकाबीच अन्य निकायमा जस्तो चुनावी सम्बन्ध नहुनाले न्यायिक प्रणालीमा जनताको विश्वास विशेष गरी महत्त्वपूर्ण हुन्छ। कानुनको शासन र न्यायपालिकाको संरक्षकको रूपमा अदालत र न्यायपालिकाहरूले आफ्नो कार्य र कर्तव्यहरू प्रभावकारी रूपमा पूरा गर्न सार्वजनिक विश्वास र आस्था आवश्यक पर्छन्।

न्यायपालिकाले दिने कतिपय आदेशहरूले नजीरको स्थान लिने गर्दछन्। हरेक आदेश र ती आदेशहरूमा गरिने संविधान र कानुनको व्याख्या जनआस्थासँग प्रत्यक्ष रूपमा जोडिएका हुन्छन्। यस वर्ष नागरिकहरूको आधारभूत अधिकार प्रत्याभूति गर्ने सम्बन्धमा न्यायपालिकाबाट थुप्रै आदेश जारी हुनुका साथै ती आदेशमा भएका व्याख्यात्मक टिप्पणीले न्यायपालिका नागरिकहरूको अधिकारप्रति सजग भएको भान हुन्छ।

महिला, बालबालिका, ज्येष्ठ नागरिक, फौजदारी अपराध प्रभावित, मानव बेचबिखन, द्वन्द्व प्रभावित, श्रमिक र लैङ्गिक अल्पसङ्ख्यक नागरिकको मानव अधिकारको संरक्षण गर्ने सम्बन्धमा मानव तस्करी सम्बन्धमा उचित कानुन बनाउन र सो को कार्यान्वयन गर्न ०८० पुस २९ गतेको निर्देशन

(नेपाल सरकार), राष्ट्रिय मानवअधिकार आयोगको सिफारिसअनुसार मुद्दा चलाउन राष्ट्रिय मानवअधिकार आयोगले गरेका सिफारिसहरुको कार्यान्वयन गराउन माग गर्दै हालिएको रिटमा अदालतले आयोगले संशोधनकालागि प्रधानमन्त्री कार्यालयमा पठाएको ऐन संशोधन प्रस्ताव तत्काल सङ्घीय संसदमा पठाउन आयोगबाट सिफारिस भइ महान्यायाधीवक्ता समक्ष पेश भएका मुद्दा चलाउन, मानवअधिकार उल्लङ्घनकर्ताको नाम सार्वजनिक गर्न, त्यस्ता व्यक्तिलाई कुनै संवैधानिक वा सार्वजनिक पदमा नियुक्ति तथा बढुवा वा कुनै सुविधान प्रदान नगर्न र अगोगको सिफारिस कार्यान्वयन नगर्ने अधिकारीमाथि अवहेलनामा कारवाही गर्ने समेत भनेको छ।

सरकारका नाममा ०८० माघ १४ गतेको निर्देशनात्मक आदेश सामावेशी सिद्धान्त र संविधानको धारा २८ को विस्तृत व्याख्या गरी समावेशी सिद्धान्तलाई व्यवहारिक कार्यान्वयनको लागि विद्यमान कानुनमा थप परिमार्जन गर्न ३० फागुन २०८० को निर्देशनात्मक आदेश (सर्वोच्च अदालत (२०८०), जबरजस्तीकरणी मुद्दामा पीडितको बकपत्रका आधारमा मात्र कसुर ठहर गर्न नमिल्ने ०८० चैत ७ गतेको निर्णय (सर्वोच्च अदालत, ०८१), श्रमिकको न्यूनतम पारिश्रमिक सम्बन्धमा ०८० चैत १६ गतेको फैसला(सर्वोच्च अदालत, ०८१), सङ्क्रमणकालीन न्यायका कामकारबाहीहरू गर्दा सत्य अन्वेषण, न्याय र द्वन्द्व प्रभावित सबै पक्षको परिपूरणको न्यायोचित प्रबन्ध गर्ने गरी आवश्यक र उपयुक्त व्यवस्था गर्न ०८१ वैशाख १७ गतेको निर्देशनात्मक आदेश(सर्वोच्च अदालत,२०८१), बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोग गठन सम्बन्धमा ०८१ वैशाख १७ गतेको आदेश (सर्वोच्च अदालत, ०८१), जबरजस्तीकरणी

पूर्ण अपराध नभएको तर कसुरको उद्योग भएको अवस्थामा समेत क्षतिपूर्ति भराउन ०८१ भाद्र १२ को आदेश(सर्वोच्च अदालत, ०८१), स्वअनुभूतिको आधारमा आफ्नो लैङ्गिक पहिचान निर्धारण गर्ने अधिकार सबैलाई हुने सम्बन्धमा २० कात्तिक ०८१ को आदेश (सर्वोच्च अदालत,०८१), द्वन्द्वकालको घटनाको पर्याप्त अनुसन्धान गरेर स्पष्ट आधार वा कारण खुलाएर मात्रै उजुरीलाई टुङ्ग्याउन सत्य निरूपण तथा मेलमिलाप आयोगलाई ४ पुस ०८० को आदेश (सर्वोच्च अदालत, ०८१)।, ज्येष्ठ नागरिकलाई जरिवाना बापत बस्नुपर्ने कैदमा सहुलियत दिने सम्बन्धमा ०८१ मङ्सिर २० गतेको आदेश (बह्रखरी, ०८१), संविधानले दिएको एकल अधिकारको प्रयोग गर्दा स्थानीय तहले जस्तोसुकै कानुन बनाएर शासन गर्न नपाउने ०८१ साउन १६ गतेको आदेश (सर्वोच्च अदालत, ०८१) र कानुनको विवादमा परेका बालबालिकाको हकमा पक्षहरू सहमत भएको अवस्थामा मुद्दा दिशान्तर (नेपाल कानुन आयोग, ०७५) गरी मेलमिलाप गर्ने ०८१ मङ्सिर २४ को काठमाडौँ जिल्ला अदालतको आदेश (सर्वोच्च अदालत, ०८१) हरू मार्फत न्यायिक जवाफदेहिता र सकृयता प्रदर्शन गर्नु अधिकार, न्याय र कानुनी शासनको सम्मान गर्दै जनआस्था बृद्धि गर्ने सन्दर्भमा न्यायालयको गम्भीरता र सकारात्मक कदम भएको मान्नु पर्छ।

यद्यपि, न्यायपालिका तथा न्यायाधीशहरूले उचित कारण बिना कानुनद्वारा निर्धारित अवधिभित्र मुद्दाको कारबाही र किनारा नगर्ने, मुद्दामा एकैपटक गर्न सकिने आदेश वा निणर्य एकै पटक नगरी वा कानुन बमोजिम मुलतवी राख्नुनपर्ने मुद्दा मुलतवी राखी वा मुलतवी रहेको मुद्दा नजगाइ असान्दर्भिक वा कानुन प्रतिकूल कारबाही वा आदेश गरी मुद्दालाई अनावश्यक रूपमा लम्ब्याउने, मुद्दाको कारबाही र किनारा गर्दा असान्दर्भिक कानुनको प्रयोग गरी वा कानुनको स्पष्ट र असम्बन्धित व्याख्या वा अर्थलाई उपेक्षा गरी अर्कै व्याख्या वा अर्थ गरी मुद्दा कारबाही र किनारा गर्ने, एकै किसिमको कानुनी प्रश्न रहेको भिन्नभिन्न मुद्दामा भिन्नभिन्न राय कायम गरी कारबाही वा निर्णय गर्ने, मुद्दाका पक्षलाई उपस्थित गराएको वा तारिखका दिन मनासिव कारण बिना गर्नुपर्ने काम नगरी पन्छाउने, प्रमाण बुझ्ने आदेश गर्दा पक्षहरूको मुख मिलेको र नमिलेको तथ्य वा प्रश्न स्पष्ट नगरी प्रमाण बुझ्ने मात्र आदेश गर्नेजस्ता विकृति देखिन्छ। मनासिब कारण बिना निर्धारित समयमा इजलास नबस्ने वा मुद्दाको सुनुवाइ नगर्ने, निर्धारित समयभित्र फैसला नलेख्ने, आफूलाई कारबाही किनारा गर्न इच्छा नलागेको मुद्दालाई आफन्तको वकालतनामा दर्ता गराइ पन्छाउने, आफ्नो अदालतको काम पन्छाएर तल्लो तहको अदालत अनुगमन, सङ्घ संस्थाको कार्यक्रममा स्रोत व्यक्तिका रूपमा उपस्थित हुनेजस्ता कार्यले न्यायाधीशको आचरणप्रति प्रश्न उठाएको छ।

द्वन्द्वकालीन घटनामा व्यक्ति हत्याको अभियोग लागेका नेकपा (माओवादी केन्द्र)का नेता अग्नि सापकोटालाई अनुसन्धानको दायरामा ल्याउनुपर्ने माग सहित परेको रिटमा सर्वोच्च अदालतको संवैधानिक इजलासले फैसला सुनाउने मिति तोकेको चार महिनापछि अन्य आदेश दिएर टार्ने, निणर्य सुनाउनु पर्ने गम्भीर प्रकृतिका मानवअधिकार उल्लङ्घन तर राजनीतिक विषयवस्तु पनि समावेश भएका विवादको निणर्य नसुनाइ पदमुक्त हुने, सरकारको प्रत्यक्ष सरोकार

भएका राजनीतिक व्यक्ति समावेश भएका मुद्दाको अवस्था अनुसार दरपिठ गर्ने वा विभिन्न कारण देखाइ पेसी सार्ने वा शीघ्र निर्णय गर्ने अवस्थाले न्यायालयमा राजनीतिक दल र कार्यकारी हावी भएको स्पष्ट प्रतिबिम्वित हुन्छ। (कानुन व्यवसायी, ०८१) स्मरणरहोस् संवैधानिक इजलासमा प्रधानन्यायाधीशको मुख्य भूमिका रहने हुनाले प्रधानन्यायाधीश विश्म्भरप्रसाद श्रेष्ठ पदमुक्त भएपछि प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतको नेतृत्वमा गठन भएको संवैधानिक इजलासले अग्नि सपकोटा विरुद्धको मुद्दाको अङ्ग पुगेको भए तापनि कारबाही दोहोऱ्याउनुपर्ने अवस्था छ। न्यायलयमा हुने यस्ता अस्वाभाविक कामहरूले न्यायालयप्रति जनविश्वास घटाएकोछ।

भ्रष्टाचार जस्तो गम्भीर फौजदारी अभियोगमा प्रतिवादीलाई सर्वोच्च अदालतको पूर्ण इजलासले सफाइ दिएको सम्बन्धमा परेको निवेदन पुनरावलोकन गर्ने सन्दर्भमा पूर्ण इजलासले त्रृटिपूर्ण व्याख्या गरी नक्कली शैक्षिक प्रमाणपत्र पेश गरी भ्रष्टाचार आरोपितलाई सफाइ दिएको निणर्य बृहत पूर्ण इजलासले त्रुटिपूर्ण भनी औँल्यायो। बृहत पूर्ण इजलासले कानुन र सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त अनुकूल फैसला नगरेको भन्दै पूर्ण इजलासले सफाइ दिई सर्वोच्च अदालतले आफ्नै निणर्य बदर समेत गऱ्यो। यस्ता त्रृटिपूर्ण निर्णयले अदालतप्रतिको जनआस्थामा नकारात्मक असर पार्दछ। संसदीय सुनुवाइको क्रममा संसदीय सुनुवाइ समितिले प्राय: सबैजसो न्यायाधीशहरूलाई न्यायालयप्रति जनआस्था खस्कँदै गएको जनगुनासो र जनआस्था बृद्धि गर्नका लागि खेल्ने भूमिका र योजना सम्बन्धमा प्रश्न गर्ने र प्रतिबद्धता खोज्ने गरेका छन्। विचौलिया र राजनीतिक दबाबको कारण न्याय निरूपणमा पर्ने प्रभाव र त्यसले न्यायालयप्रति भरोसा अभिवृद्धि हुन नसकेको उल्लेख संसदहरूले गर्ने गरेका छन्। न्यायाधीशहरूले पनि जनआस्थामा प्रभाव परेको स्वीकारोक्ति गरे पनि जनआस्था बढाउन र बिचौलियको प्रभावबाट न्यायालयलाई मुक्त राख्ने सम्बन्धमा ठोस रणनीति स्पष्ट रूपमा राख्न सकेको देखिँदैन। उदाहरणको लागि सर्वोच्च अदालतको लागि प्रधानन्यायाधीशको पदको लागि विश्वभरप्रसाद श्रेष्ठ र अन्य दुईजना न्यायाधीशहरू (नृपध्वज निरौला र नित्यानन्द पाण्डेय) ले संसदीय सुनवाइमा न्यायालयप्रति जनआस्था बढाउनुपर्ने र सामूहिक प्रयासबाट सकारात्मक परिणाम निकाल्न सकिने तर्क प्रस्तुत गरेता पनि जनआस्था बढाउन आवश्यक ठोस कार्ययोजना र रणनीति भने प्रस्तुत गर्न सकेको देखिएन।

न्याय नपाएका नागरिकहरूको न्यायालयप्रति वितृष्णा बढेको अवस्था देखिन्छ। मुद्दाहरूको कारबाही अगाडि नबढाएको कारणले न्यायप्रतिको निराशाका कारण पीडितहरूले सर्वोच्च अदालतमा कालो मसी छ्याप्ने, अदालतमा विचाराधीन विवाद सम्बन्धमा टिकाटिप्पणी गर्ने, न्यायाधीशहरूको विगतको राजनीतिक आस्थाले न्यायालय प्रभावित र परिचालित हुन्छ भन्ने विश्वास हुनुले न्यायालयप्रति जनताको घृणा उजागर गर्दछ। न्यायपालिकामा जनआस्था खस्कँदै गएका कारण जनआस्था वृद्धि गर्न न्यायपालिका रणनीतिक रूपमा अगाडि बढेको २० वर्ष भइसक्दा पनि जनआस्था वृद्धि हुनुको साटो खस्कँदै गएको सेवाग्राही, सञ्चार माध्यम र कानुन व्यवसायीहरूको भनाइ रहेको छ।

'न्यायपालिकाको आस्था र विश्वास अभिवृद्धि' गर्ने लक्ष्य अनुरुप चौथो पञ्चवर्षीय

रणनीतिक योजनाले अदालतका काम कारबाही सम्बन्धमा सेवाग्राहीको सन्तुष्टि अभिवृद्धि गर्ने रणनीतिक उद्धेश्य हासिल गर्न अदालतको काम कारबाहीको बारेमा सेवाग्राहीको सन्तुष्टि मापन गर्ने लक्ष्य ( सर्वोच्च अदालत, २०७६) राखेको थियो। योजनाको मध्यावधि मूल्याङ्कन अनुसार अदालतको काम कारबाहीको बारेमा सेवाग्राहीको सन्तुष्टि मापन गर्ने सम्बन्धी मापदण्ड निर्धारण गर्ने र सवै अदालतमा आवधिक रूपमा सेवाग्राही सन्तुष्टिको स्तर मापन गर्ने जम्मा दुई ओटा कार्य आंशिक रूपमा सम्पत्र भएको, सेवाग्राही सन्तुष्टि मापन निर्देशिका निर्माण प्रारम्भसम्म भएको र निर्धारित मापदण्डको आधारमा सन्तुष्टि मापन गर्नको लागि आधारभूत सर्वेक्षण गर्ने कार्य प्रारम्भ हुननसेको (सर्वोच्च अदालत, २०७६) उल्लेख छ। पाँचौ रणनीतिक योजनाले यस लक्ष्यलाई निरन्तरता दिँदै अदालतको काम कारबाही र सेवा प्रवाहको बारेमा सेवाग्राहीको सन्तुष्टि मापन गर्न मापदण्ड बनाइ आवधिक रूपमा मूल्याङ्कन गर्ने पद्धति विकास गर्ने योजना बनाएको छ। न्यायपालिकाले यस लक्ष्यलाई प्राथमिकतमा राखी योजना कार्यान्वयन अवधिभित्र नै कार्यान्वयन गर्न सकेको अवस्थामा विद्यमान चुनौती र सुधारका अवसर पहिचान भई न्यायालय सुधारको मार्ग प्रशस्त हुने अपेक्षा गर्न सकिन्छ।

## ८. निष्कर्ष

स्वतन्त्र न्यायपालिकाले सिद्धान्ततः निष्पक्ष र स्वतन्त्र रूपमा न्याय निरूपण गर्ने जिम्मेवारी बोकेको हुन्छ तर, व्यवहारमा सिद्धान्तलाई अभ्यास गरिएको पाइँदैन। यस वर्ष पनि न्यायालयले आफ्नो जिम्मेवारीलाई सैद्धान्तिक र व्यवहारिक दुवै रूपमा कार्यान्वयन गर्न नसक्नाले आलोचित हुनु पुग्यो। राज्यका तीन अङ्गबिचको शक्ति सन्तुलन कायम गराउने र न्यायालयको मर्यादा जोगाउने सन्दर्भमा केही हदसम्म संविधान प्रदत्त भूमिका निर्वाह गरेता पनि राजनीतिक प्रभावबाट भने न्यायालयले आफूलाई अलग राख्न नसक्नु र नागरिको न्यायमा पहुँच सुनिश्चित गर्न नसक्नु संविधान र कानुनी शासनको गम्भीर उपहास हो। न्यायाधीशहरूले व्यक्तिगत रूपमा र समग्र न्यायालयले सिद्धान्त र कानुनलाई कसरी अनुसरण र व्याख्या गर्दछन् भन्ने विषय महत्त्वपूर्ण हुन्छ।

न्यायाधीश नियुक्तिमा देखिएको असंवैधानिक प्रवृत्ति, मानव अधिकारका गम्भीर विषय र राजनीतिक प्रकृतिका विवाद समावेश भएका मुद्दाको सुनुवाइमा इजलास विभाजित हुनु वा पन्छाउने प्रवृत्ति, कार्यपालिका र व्यवस्थापिकालाई नियन्त्रणमा राखी राज्यका निकायहरूबिच नियन्त्रण र सन्तुलनको सिद्धान्त स्थापित गर्ने सम्बन्धमा न्यायपालिकाको भूमिकाले जनताका वितृष्णा बढाएको छ। न्यायिक स्वतन्त्रता (व्यक्तिगत, संस्थागत, कृयात्मक, संरचनात्मक वा सङ्गठनात्मक) र जवाफदेहिताले नागरिकको साझा र बृहत्तर हित सुनिश्चित गर्दछ, न्यायपालिकाप्रति जनविश्वासको अवस्थाले कानुनको शासन र न्यायको दिगोपनमा योगदान पुऱ्याउँछ।

अत्यधिक सङ्ख्यामा पेसी ताकिनु, अनि ठूलो सङ्ख्यामा पेसी स्थगन पनि गरिनु, ठूलो सङ्ख्यामा मुद्दा सुनुवाइ र फैसला कार्यान्वयनको बाँकी रहनु, न्याय सम्पादनलाई पूर्वअनुमानयोग्य बनाउन नसक्नुको परिणाम हो। रणनीतिक योजना र वार्षिक कार्ययोजना लक्षित र प्राप्त गर्न सकिने, व्यवहारिक र यर्थाथपरक हुन जरुरी

छ न की महत्त्वकाङ्क्षी। न्यायिक सुशासन, न्यायिक निष्पक्षता र समयमै विवाद समाधान गरी न्याय सम्पादन गर्न सक्ने क्षमता भएको न्यायपालिका मुलुकको समग्र विकासको लागि आवश्यक पर्दछ।

## ९. सुझाव

- वर्तमान प्रधानन्यायाधीश समेत भएको कार्यदलले न्यायालयमा विकृति विसङ्गतिसम्बन्धी प्रतिवेदन र विभिन्न समयमा भएका अन्य अध्ययन प्रतिवेदनहरूको सिफारिसहरू अबिलम्व कार्यान्वयन गर्ने।
- तीनै तहका अदालतमा न्यायाधीशको रिक्त दरबन्दी समयमा नै पूर्ति गर्ने र न्यायाधीशका लागि सिफारिस गर्दा राजनीतिक भागबण्डा भन्दा उच्च छवि र निष्पक्ष व्यक्तिलाई प्राथमिकतामा राखी न्यायाधीश चयन गर्ने।
- संवैधानिक निकायका प्रमुख र पदाधिकारीहरूको नियुक्तिको सिफारिस प्रक्रियामा प्रधानन्यायाधीशको भूमिका हटाउने र संसदीय सुनुवाइहरू पूर्ण रूपमा खारेज गर्ने। संसदीय सुनुवाइको प्रकृया अन्त्य गरी न्यायाधीश नियुक्तिको नयाँ प्रक्रिया शुरु नहुदाँसम्म सुनुवाइ प्रकृया निष्पक्ष, तटस्थ र वस्तुनिष्ठ आधारमा सञ्चालन भएको सुनिश्चित गर्ने।
- योजनामा लक्ष्यको प्राथमिकीकरण गर्दै, प्रभावकारी न्याय सम्पादनका लागि मुद्दा फर्स्यौट, मुद्दा व्यवस्थापन पद्धतिमा सुधार, विवाद समाधानका वैकल्पिक उपायको प्रभावकारी अवलम्बन, सबै तहका अदालतहरूबिच समन्वय, सूचना प्रविधिको प्रयोग, पेसी हटाउन निरूत्साहित, सबै तहका अदालतमा स्वचालित पेसी व्यवस्थापन पद्धति लागु, फरक मुद्दा व्यवस्थापन पद्धतिको प्रभावकारी कार्यान्वयनका लागि स्पष्ट र निर्धारित समयावधिमा प्राप्त गर्न सकिने लक्ष्य तयार गर्ने।
- न्यायमा पहुँचमा वृद्धि गर्न न्यायिक प्रकृयालाई छिटोछरितो, प्रभावकारी र पूर्वानुमानयोग्य बनाउने, सुनुवाइ गर्न सकिने आधारमा दैनिक पेसी तोक्ने, फैसला लेखन तथा फैसला कार्यान्वयनलाई प्राथमिकतामा राख्ने। समयमा फैसला लेख्न नसक्ने न्यायाधीशलाई जवाफदेही बनाउने।
- न्यापालिकाको रणनीतिक योजना महत्त्वाकाङ्क्षी नभई, व्यवहारिक र समयमा परिणाम हासिल गर्नसक्ने खालको हुनु आवश्यक छ। अदालतको इच्छा भन्दा सेवाग्राहीको आवश्यकतालाई ध्यानमा राखी नागरिक समाज, सेवाग्राही र अन्य सम्बन्धित सरोकारवालाहरूसँग निरन्तर संवादको आधारमा तयार गर्ने।
- न्यायपालिकाबाट हुने न्याय सम्पादनको कार्यमा गुणस्तरीयता कायम गर्ने विभिन्न उपायहरूमध्ये न्यायाधीशको कार्यक्षमता अभिवृद्धि गरी दक्ष र सीपयुक्त बनाउनु पनि एक महत्त्वपूर्ण उपाय हो। यस्तो दक्षता अभिवृद्धि कार्यक्रममा सबै तहका न्यायाधीशहरूलाई सहभागी गराउने।
- न्यायिक स्वायत्तता सुनिश्चित गर्न

बजेट व्यवस्थापनको पूर्ण अधिकार न्यायपालिकालाई हुनुपदर्छ। न्यायिक कोष ऐन २०४६ को प्रभावकारी कार्यान्वयन मार्फत न्यायिक कोष स्थापना गरी न्यायपालिकाले सेवाग्राहीबाट उठाएको सेवा शुल्क तथा जरिवाना उक्त कोषमा जम्मा गर्न र कोष परिचालन गरी आधारभूत कृयाकलाप सम्पादन गर्न सहज बनाउने।

- न्यायपालिकाले प्रस्तुत गरेको बजेटमा न्यायपालिकासँगको सम्वाद र सहमतिमा हेरफेर गर्ने र संसदबाट पारित भएको सम्पूर्ण बजेट सोझै सञ्चित कोषमा जम्मा हुने व्यवस्था गर्ने।
- न्यापालिकामा जनआस्था र विश्वास वृद्धि गर्न चौथो रणनीतिक योजनाले पकिल्पना गरेको र पाँचौ पञ्चवर्षीय रणनीतिक योजनाले पनि निरन्तरता दिए अनुरूप तीनै तहको न्यायपालिकामा नियमित रूपमा सेवाग्राहीहरूको सन्तुष्टि मापन वा सर्वेक्षण गर्ने प्रणाली अविलम्व लागू गर्ने र प्राप्त सुझावहरूको शीघ्र र उचित सम्बोधन रणनीतिक रूपमा गर्ने।

## सन्दर्भ सामग्री


सर्वोच्च अदालत (०८०), *वार्षिक प्रतिवेदन (०७९/०८०)*, पृ.६७-७३, सर्वोच्च अदालत (०८१), *न्यायपालिकाको पाँचौ पञ्चवर्षीय रणनीतिक योजना (०८१/०८२-२०८५/०८६)*, पृ.४३-५१, सर्वोच्च अदालत।

सर्वोच्च अदालत (०८०), *वार्षिक प्रतिवेदन (०७९/०८०)*, पृ.२२, सर्वोच्च अदालत।

न्यायपालिकाको पाँचौं पञ्चवर्षीय रणनीतिक योजना (०८१), सर्वोच्च अदालत नेपाल। https://supremecourt.gov.np/web/assets/downloads/5th%20Strategic%20Plan%20-%20Supreme%20Court.pdf

भट्टराई, विद्या, (०२३), Judicial Reform: Judicial independence and financial autonomy: judicial budgeting in Nepal, *NJA Law Journal*, *16*(1), 13-31.

चापागाई, राजुप्रसाद (०८०), विपक्षी, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, ०८०-WO-०८१८।

पोखरेल, विष्णु (५ असोज, ०८१) समानुपातिक कोटाका सांसद: 'प्रभावशाली' र 'तरमारा' को वर्चश्व हटाउन सर्वोच्च अदालतको आदेशको अर्थ के ? BBC News नेपाली. https://www.bbc.com/nepali/articles/cn497752l3eo

सर्वोच्च अदालत, २०८१), https://supremecourt.gov.np/lic/sys.php?d=reports&f=case_details&num=1&mode=view&caseno=98743

सर्वोच्च अदालत, २०८१), Supreme Court of Nepal. https://supremecourt.gov.np/lic/sys.php?d=reports&f=case_details&num=1&mode=view&caseno=224888 Webpage

चापागाई, राजु प्रसाद, श्रेष्ठ शर्मिला र उपाध्याय लिलाधर (०८१ कात्तिक २१), *संवैधानिक इजलास: असफल बनाउन खोजिएको हो वा प्रभावकारीता नपुगेको*, हिमालखबर।

*वार्षिक प्रतिवेदन*, (०८१), महान्याधिवक्ताको कार्यालय, गण्डकी प्रदेश।

बाह्रखरी, (१७ वैशाख, ०८१)। गण्डकी सरकारबारे सर्वोच्चको व्याख्या- सभामुख नभए पनि बहुमत पुग्ने देखियो। https://baahrakhari.com/detail/419354 Webpage

अनलाइन खबर (मंसिर ३०, ०८१)। भ्रष्टाचारी ठहर भएका राणालाई पेन्सन दिन सर्वोच्चको अन्तरिम आदेश। https://www.onlinekhabar.com/2024/12/1578127/supreme-courts-interim-order-to-

grant-pension-to-rana-who-was-found-to-be-corrupt
त्रिपाठी, दिनेश (०८१)। विपक्षी नेपाल सरकार, ०८१–AP–०२८१।
रमण, वीरेन्द्र (०७८ फागुन ६) *प्रहरी भर्ना रोक्न माग गर्दै मधेश सरकारद्वारा सर्वोच्चमा रिट।*
HimalKhabar - A Complete Nepali Political News Portal. https://www.himalkhabar.com/news/128406 Webpage
पूर्ववत्
सेतोपाटी (२३ कार्तिक ०८१), राष्ट्रिय परिचयपत्र अनिवार्य नगर्न सर्वोच्चको आदेशविरूद्ध सरकारको भ्याकेट। नेपालको डिजिटल पत्रिका।
कान्तिपुर, (१० जेठ, ०८१) *गृहमन्त्री र महान्यायाधिवक्ताविरुद्ध रिट दर्ता गर्न सर्वोच्चको आदेश।* . कान्तिपुर - नेपालको राष्ट्रिय दैनिक, https://ekantipur.com/news/2024/05/23/supreme-court-order-to-register-writ-against-home-minister-and-attorney-general-14-41.html
अन्नपूर्ण पोष्ट (१६ मंसिर ०८१) लिलाबल्लभलाई मुद्दा चलाउन माग गरिएको रिट सर्वोच्चद्वारा दरपीठ।
https://www.annapurnapost.com/story/469431/
सेतोपाटी (१९ मंसिर, ०८१), कांग्रेस सांसद ढुंगानाले अदालतको अवहेलना गरेको रिट न्यायाधीश निरौलाले हेर्न नमिल्ने, https://www.setopati.com/politics/345213
राजधानी दैनिक, (२ पुस, ०८१), एमालेलाई मीनबहादुरले दिएको जग्गासम्बन्धी विवाद सर्वोच्चबाट खारेज, RajdhaniDaily.com. https://rajdhanidaily.com/id/105592/
रातोपाटी, (२४ माघ, २०८०), संसद् विकास कोष ब्युँताउने भ्याकेट निवेदनको जानकारी रिट निवेदकलाई दिन सर्वोच्चको आदेश। https://www.ratopati.com/story/410213
हिमालखबर, (६ भदौ २०८०), सांसद विकास कोष लागु नगर्न सर्वोच्चको आदेश। https://www.himalkhabar.com/news/137671
डुम्रे, लिलु, (७ भदौ, २०८०), सांसद विकास कोषमा अदालतको आदेशप्रति कांग्रेसले उठायो प्रश्न।
Online Khabar. https://www.onlinekhabar.com/2023/08/1355413
नेपाल बार एसोशियसन (२०८१), *न्याय परिषद (पहिलो संशोधन) नियमावली, २०८० को कार्यान्वयन सम्बन्धमा आवश्यक सुझाव पेस गर्न गठित कार्यदलको प्रतिवेदन,* नेपाल बार एसोशियसन।
World Justice Project (2024), *Rule of Law Index 2024*, https://worldjusticeproject.org/rule-of-law-index/country/2024/Nepal.
रातोपाटी (१६ वैशाख, २०८१), सिधाकुराले अदालतको अपहेलना गरेको ठहर, प्रकाशक र सम्पादकलाई तीन-तीन महिना कैद, 'सिधा कुरा' विरुद्ध सर्वोच्चमा अवहेलना मुद्दा।
Nepal's first 24-hour updated news portal - Ratopati.ory/424050/supreme-court-contempt-of-court
देशसञ्चार, (१३ असोज, २०८१), सिधाकुराले अदालतको अपहेलना गरेको ठहर, प्रकाशक र सम्पादकलाई तीन-तीन महिना कैद। https://deshsanchar.com/2024/09/29/964244/
सर्वोच्च अदालत (०८१), र्वोच्च अदालतमा कार्यरत उपरजिस्ट्रार गोविन्द प्रसाद धिमिरे वि. गोपालकृष्ण घिमिरे, ०८१–AP–०१९३।
Laffranque, J (2003), Disseting Opinion and Judicial Independence, *Juridica International*, VIII/2003.
अनलाइन खबर (२३ कात्तिक, ०८१), सांसदको घरबाट उद्धार गरिएकी बालिकाबारे सर्वोच्चमा राय बाझियो, बाबुले लैजान पाएनन् छोरी। https://www.onlinekhabar.com/2024/07/1506629
संयुक्त नयाँ पत्रिका (२० असार ०८१) गृहमन्त्रीको मुद्दामा न्यायाधीश मल्ल र सुवेदीको राय बाझियो, पूर्ण इजलासमा पेस हुने। https://nayapatrikadaily.com/news-details/144694/2024-07-04
न्याय परिषद् सचिवाल (०८१), *न्याय परिषद बुलेटिन,* पृ. १७, न्याय परिषद्।

पूर्ववत् टिप्पणी नं.२, पृ. ग-घ।
पूर्ववत्।
सर्वोच्च अदालत (०८१), *न्यायपालिकाको पाँचौ पञ्चवर्षीय रणनीतिक योजना (०८१/०८२-०८५/०८६)*, पृ.२३, सर्वोच्च अदालत।
पूर्ववत्।
पूर्ववत्, पृ. २५।
पूर्ववत्, पृ. १९-२२।
पूर्ववत्, पृ.१९-२२।
पूर्ववत्, पृ. २७।
पूर्ववत्, पृ.२८-२९।
पूर्ववत् टिप्पणी नं २, पृ. २५।
सर्वोच्च अदालत (४ चैत ०८०) सरकारका नाममा सर्वोच्चको परमादेश: अझै किन गठन भएन बाल अदालत ?https://nagariknews.nagariknetwork.com/social-affairs/1429997-1710635750.html
गोरखापत्र (७ मङ्सिर ०८१), पहिलो पटक गठन हुँदै बाल अदालत।
GorakhaPatra. https://gorkhapatraonline.com/index.php/news/131559
अदालतले माग गरेको मिसिल, लिखत वा जवाफ उपलब्ध नगराउनेलाई पटकैपिच्छे १ हजारदेखि १० हजार रुपियाँसम्म जरिवाना गर्ने व्यवस्था छ।
कान्तिपुर (१ असोज, ०८१), प्रकाशमान सिंह राउत प्रधानन्यायाधीशमा सिफारिस।
https://ekantipur.com/news/2024/09/17/prakashman-singh-raut-recommended-to-the-chief-justice-27-06.html
पूर्ववत् टिप्पणी नं ४४, पृ. ४।
न्यायमा पहुँच आयोग (०८१), *वार्षिक प्रतिवेदन*, सर्वोच्च अदालत।
ओली, लोकेन्द्र (०८१ कात्तिक ३), *न्यायाधीश नियुक्तिमा न्यायपरिषद्को नियत*, हिमालखबर।
चापागाई बिद्या (०८१), सूचना तथा विद्युतीय प्रविधिको युगमा न्याय: न्यायिक प्रणालीमा विद्युतीय प्रविधिको समायोजन, सम्भावित अवसर र चुनौतीहरू, *प्रतिपादन*, राष्ट्रिय न्यायिक प्रतिष्ठान।
*Baker v. Carr*, 369 U.S. 186, 267 (1986) (Frankfurter, J., dissenting). Gregory A Caldeira, Neither the Purse Nor the Sword: Dynamics of Public Confidence in the Supreme Court, *The American Political Science Review, 80*(4), 1209-1226.
The Hindu (2024 October 12), *Public trust is central to judiciary, says CJI D.Y. Chandrachud*, https://www.thehindu.com/news/national/public-trust-is-central-to-judiciary-says-cji-dy-chandrachud/article68746461.ece, २०८१ माघ १ गते हेरिएको।
न्यायाधीश दीपककुमार कार्की र डा. आनन्दमोहन भट्टराईले २०७८ जेठ १६ गते राष्ट्रपति विद्यादेवी भण्डारीले गरेको प्रतिनिधिसभा विघटन विरूद्ध सुनुवाइ भइरहेको संवैधानिक इजलासबाट अलग हुने निर्णय गर्दा दिएको अभिव्यक्ति।
Chapagain, B. (2025), Upholding Public Trust and Confidence in the Judicial System in Nepal: Reinforcing Judicial Competency and Values, *NJA Law Journal, 17*(1).
सर्वोच्च अदालत (०८०), नेपाल सरकार वि. खेम बहादुर नेगी, ०७६–CR–०४३८।
सर्वोच्च अदालत (०८०, फागुन ३० गते) बालकृष्ण नेउपानेसमेत वि. निर्वाचन आयोग, ०७९–WC–००५३।
सर्वोच्च अदालत (०८१), अभिमन्यु अहिर (यादव) वि.नेपाल सरकार, ०७८–CR–०२००।

सर्वोच्च अदालत (०८१), लवेन्द्र सिंह मल्ल वि. श्रम अदालत, ०७९–WO–०३५०।

सर्वोच्च अदालत (०८१), ज्ञानेन्द्रराज आरण समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, ०७९–WO–१२६१।

सर्वोच्च अदालत (०८१) ज्ञानेन्द्रराज आरण समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, ०७९–WO–१४५७।

सर्वोच्च अदालत (०८१), नेपाल सरकार वि. राजन वि.क., ०७७–CR–१०५७ र ०७७–CR–१२२०।

सर्वोच्च अदालत (०८१), रुक्सना कपाली वि. नेपाल सरकार, ०७७–WO–०९७३।

सर्वोच्च अदालत (कात्तिक, ०८१), कमला राई तिमल्सेना समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत, ०७३–WC–००२३, बेलरानी थरुनीसमेत वि.प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत, ०७३–WC–००२४, पृ. ३८।

बाह्रखरी, (१२ मङ्सिर, ०८१) ज्येष्ठ नागरिकलाई जरिवानाबापतको थप सजायमा पनि कैद छुट हुने सर्वोच्चको फैसला। बाह्रखरी :: Baahrakhari. https://baahrakhari.com/detail/437702

सर्वोच्च अदालत (१६ साउन, ०८१)। परोपकार आर्दश मा.वि.व्य.स. अध्यक्ष हितकविर सिंह कंसाकार समेत विरुद्ध काठमाडौँ मनपा समेत/उत्प्रेषण परमादेश/०८०-WC-०००९।

नेपाल कानुन आयोग, (०७५, असोज २ गते), बालबालिकासम्बन्धी ऐन, ०७५। सर्वोच्च अदालत नेपाल। https://supremecourt.gov.np/web/assets/downloads/%E0%A4%AC%E0%A4%BE%E0%A4%B2%E0%A4%AC%E0%A4%BE%E0%A4%B2%E0%A4%BF%E0%A4%95%E0%A4%BE-%E0%A4%B8%E0%A4%AE%E0%A5%8D%E0%A4%AC%E0%A4%A8%E0%A5%8D%E0%A4%A7%E0%A5%80-%E0%A4%90%E0%A4%A8-%E0%A5%A8%E0%A5%A6%E0%A5%AD%E0%A5%AB.pdf Webpage

सर्वोच्च अदालत (१६ साउन, २०८१), नेपाल सरकार वि. परिवर्तित नाम ०८१/८२ खाँडदेवी (५) बहादुर समेत, ०८१–CR–०४९९।

कानुन व्यवसायी, (मङ्सिर,२०८१), कानुन व्यवसायीहरूसँग गरिएको समूह छलफलका आधारमा।

पूर्ववत्।

सर्वोच्च अदालत, न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजना ०७६-०८१, पृ.१९२।

सर्वोच्च अदालत, मध्यावधि मूल्याङ्कन, न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजना ०७६-०८१, पृ.९२।

पूर्ववत् टिप्पणी नं. ४६, पृ.१२३।

विश्लेषण

# कार्यपालिकाको छायाँमा व्यवस्थापिका

**परिचय**

यो वर्ष दुई ठूला दल मिलेर सरकार बनाए। संसदीय व्यवस्थामा विरलै हुने यस्तो अभ्यास हुँदा पनि सरकारले संसदलाई “बिजनेस” दिन नसक्दा कानुन निर्माणको काम प्रभावित हुन पुग्यो। जसले गर्दा यस वर्ष पनि संसदले आलोचनाको सामना गर्नु पर्‍यो। संसदमा विधेयक ल्याएर संसदलाई सक्रिय तुल्याउने मुख्य जिम्मेवारीमा कार्यपालिका सक्रिय नहुँदा संसद निष्प्रभावीजस्तो देखियो। सरकार गठन हुने, फेरि विघटन हुने र अर्को सरकार गठन हुने यो अस्थिरताका कारण कानुन निर्माणमा ढिलाइ हुने गरेका विगतको उदाहरण यस वर्ष पनि दोहोरिए। आर्थिक विनियोजन विधेयक र सरकारका नीति तथा कार्यक्रमलगायत काममा मात्र संसदले ध्यान केन्द्रित गर्दा कानुन निर्माणको पाटो ओझेलमा पर्‍यो।



यज्ञप्रसाद अधिकारी

विगत लामो समयदेखि अड्किएर बसेका विधेयकहरू जुन तदारुकताका साथ संसदमा आउनुपर्ने थियो, जसरी पास हुनुपर्थ्यो त्यो भएको देखिएन। सभामुखको नेतृत्वमा कार्यतालिका नै बनाएर संसदका गतिविधि अघि बढाइएको भनिए तापनि मूल कार्यबाट संसद विमुख हुनुले व्यवस्थापिकामाथि कार्यपालिकाको छायाँ परेको प्रष्ट महसुस भयो।

कानुन बनाउने, बजेट पारित गर्ने, जनताको मनको आवाज बोल्ने, सरकार निर्माण तथा अनुगमन र खबरदारी गर्ने मुख्य जिम्मेवारी भएको संसदका काम प्रभावकारी हुन सकेन। कानुन निर्माणमा संसदको भूमिका प्रभावकारी नभएको स्पष्ट देखियो । कानुन निर्माणमा सांसदहरूको भूमिका सरकारले ल्याएको मस्यौदामा समर्थन जनाउने मात्रै भएको देखियो।

सरकारको कामको निगरानी र खबरदारी गर्ने विषयमा पनि सांसदहरूको भूमिकामाथि प्रश्न खडा भयो। जरूरी सार्वजनिक महत्त्वको प्रस्ताव, सङ्कल्प प्रस्ताव प्रस्तुत गरेर सरकारको ध्यानाकर्षण गर्ने कार्य सांसदले गर्न सक्नुपर्थ्यो तर, त्यसतर्फ सांसदको धेरै ध्यान गएको पाइएन। पछिल्लो समय संसदीय समितिहरूले नियमित बैठक बस्नुका साथै निर्णय र निर्देशनका माध्यमबाट आफ्नो भूमिका र सक्रियता बढाए तापनि संसदीय समितिका निर्णय पालनामा सरकारको अटेरीपन यस वर्ष पनि दोहोरियो।

आमनागरिक सार्वभौमसत्ता सम्पन्न छन्। यो सार्वभौमसत्ताको प्रयोग गर्ने थलो हो, संसद। दुई तिहाइ भयो भने संसदले संविधान पनि संशोधन गर्न सक्छ। महत्त्वपूर्ण सन्धि सम्झौताहरू अनुमोदन गर्ने, नीति निर्माण गर्ने, कानुन बनाउने, बजेट पारित गर्ने काम पनि यसले गर्छ। राज्यशक्तिको

प्रयोग कार्यकारीले गर्छ। राज्यशक्तिको प्रयोग गर्ने कार्यकारीलाई अनुगमन गर्ने, खबरदारी गर्ने र जिम्मेवार एवं जवाफदेही बनाउने निकाय संसद हो। तर, संसदका कतिपय व्यवहार र प्रस्तुतिले संसदको महत्त्वको विषयलाई हल्का बनायो।

सांसदहरूको क्रियाशीलता उनीहरूको उपस्थितिमा पनि झल्किन्छ। संविधानको धारा ८९ को खण्ड (३) मा सदनलाई सूचना नदिई लगातार १० पटक बैठकमा अनुपस्थित भएमा सांसदको पद रिक्त हुने व्यवस्था छ। तर, संसदमा अनुपस्थितिको विगतको परम्परामा खासै परिवर्तन भएको देखिँदैन।

राज्यशक्तिलाई तीन तहमा विभाजन गरेको नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तहमा व्यवस्थापकीय अङ्ग रहने र ती निकायबाट कानुन निर्माण हुने परिकल्पना गरेको छ (संविधान, धारा ५६)। सङ्घमा प्रतिनिधि सभा र राष्ट्रिय सभासहितको दुई सदनात्मक सङ्घीय संसद, प्रदेशमा एक सदनात्मक प्रदेश सभा र स्थानीय तहमा व्यवस्थापिकाको रूपमा गाउँसभा र नगरसभाको प्रबन्ध गरिएको छ *(संविधान, धारा ८३, १७५ र २२१)*। सङ्घ र प्रदेशमा व्यवस्थापिकाले कार्यकारीको चयन गर्ने प्रबन्ध गरिएका कारण सरकारबाट फिर्ता बोलाउने व्यवस्था भए तापनि *( संविधान, धारा ७६, १००, १६८ र १८८)* स्थानीय तहमा कार्यकारी प्रमुख र व्यस्थापिकीय प्रमुख एउटै हुने प्रबन्ध गरिएको छ।

सशस्त्र द्वन्द्व अन्त्य भएको १८ वर्ष पुरा भइसक्दा पनि सङ्क्रमणकालीन न्यायको मुद्दा टुङ्गो लाग्न सकेको छैन। यसको लागि गठन भएका आयोगहरूले प्रभावकारी ढङ्गले काम गर्न नसक्दा आम द्वन्द्वपीडितहरू न्यायबाट पीडित भएका थिए। यस वर्ष सङ्क्रमणकालीन न्यायका मुद्दाहरू टुङ्गोमा लगाउन राजनीति सहमतिको आधारमा बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग २०७१ लाई संशोधन गर्न बनेको विधेयक संसदको दुवै सदनको बैठकबाट पारित भयो। यो वर्ष संसदले गरेको सबैभन्दा महत्त्वपूर्ण काम यही थियो।

### सङ्घीय संसद

#### *सभामा बहस र छलफल*

संविधान बमोजिम सङ्घीय व्यवस्था कार्यान्वयनपछिको जनप्रतिनिधिमूलक संस्थाको पहिलो पाँच वर्षको सिकाइका आधारमा कार्यसम्पादनमा प्रभावकारिता ल्याउनुपर्ने अपेक्षा गरिएको भए पनि दोस्रो कार्यकालको दोस्रो वर्षमा सङ्घीय संसद सो रूपमा क्रियाशील हुन सकेन। संसदको प्रभावकारिता भनेको संसदले संविधान तथा कानुन बमोजिम सम्पादन गर्नुपर्ने कार्य आम नागरिकले अनुभूत गर्न सकिने गरी सम्पादन गऱ्यो वा गरेन र त्यसबाट शासकीय प्रबन्धमा सुधार भयो वा भएन भन्ने प्रश्नसँग सम्बन्धित विषय हो।

संसदले आफ्नो औचित्य र उपादेयता पुष्टि गऱ्यो वा गरेन भन्नेबाट नै संसदको प्रभावकारिता निर्धारित हुन्छ। सरल भाषामा भन्ने हो भने समावेशी रूपमा जनप्रतिधित्व गर्ने संसद तथा यसका समितिहरूको बैठक निश्चित समयमा बस्ने र अन्त्य हुने, यसले सरकारी कामको उचित निगरानी राख्ने, कानुनी शासनलाई प्रवर्धन गर्ने, गुणस्तरीय विधायन पारित गर्ने, नागरिकको अधिकार संरक्षण गर्ने र

नागरिकका गुनासो सम्बोधन गर्ने, सरकारी वित्त, राजस्व परिचालन र विनियोजनप्रति सरकारलाई जबाफदेही बनाउने, सरकारी नीति तथा कार्यक्रमको कमी, कमजोरी सुधार गर्ने र विकल्प दिने काममा संसदको भूमिका सर्वसाधारणले अनुभूति गरेमा संसद प्रभावकारी रहेको मान्नुपर्ने हुन्छ *(पौडेल, २०८१)*। सङ्घीय संसदलाई उल्लेखित मापदण्डमा राखेर मूल्याङ्कन गर्दा उत्साहजनक मान्न सक्ने अवस्था रहेन।

वर्ष २०२४ मा सङ्घीय संसदका दुईओटा अधिवेशन भए। २०८० माघ २२ गतेदेखि २०८१ वैशाख २ गतेसम्म प्रतिनिधि सभाको तेस्रो तथा राष्ट्रिय सभाको पन्ध्रौँ अधिवेशन चल्यो । यस अवधिमा प्रतिनिधि सभाको २३ र राष्ट्रिय सभाको २० ओटा बैठक बसी क्रमश: ८१ घण्टा ५५ मिनेट र ४७ घण्टा १६ मिनेट समय व्यतित गरे। प्रतिनिधि सभाको चौथो तथा राष्ट्रिय सभाको सोह्रौँ अधिवेशन २०८१ वैशाख २८ गतेदेखि २०८१ भदौ ३१ गतेसम्म चल्यो। यस अवधिमा प्रतिनिधि सभाको ५६ र राष्ट्रिय सभाको ४० बैठकमा क्रमश: २ सय ६ घण्टा २५ मिनेट र ७३ घण्टा ५५ मिनेट समय व्यतित गरेका थिए। यो अधिवेशन अवधिमा दुई ओटा दुवै सदनको संयुक्त बैठक बस्यो । एक वर्षमा प्रतिनिधि सभाले कूल २ सय ८८ घण्टा २० मिनेट र राष्ट्रिय सभाले १ सय २१ घण्टा ११ मिनेटको समय सभाको बैठकमा व्यतित गरे।

सभामा शून्य समय, विशेष समय र आकस्मिक समयमा सदस्यहरूले आफ्ना निर्वाचनक्षेत्रसँग सम्बन्धित, प्राकृतिक विपत् र बाढी पहिरोसँग सम्बन्धित एवम् सार्वजनिक चासो र सरोकारका विभिन्न मुद्दामा सदनमा आफ्ना धारणाहरू व्यक्त गरेका थिए। राष्ट्रिय सभाको पन्ध्रौँ अधिवेशनमा सात बैठकमा शून्य समय र ६ बैठकमा विशेष समय रहेकोमा क्रमश: ३९ र ४२ जना सांसदहरूले धारणा राखेका थिए (राष्ट्रिय सभा, २०८१) । त्यस्तै सोह्रौँ अधिवेशनमा १७ ओटा बैठकमा शून्य समय र १६ ओटा बैठकमा विशेष समय रहेकोमा क्रमश: ४४ र ५२ जना सांसदहरूले धारणा राखेका थिए *(राष्ट्रिय सभा, २०८१)*। त्यसका अतिरिक्त राष्ट्रिय सभाका सदस्यहरूले प्रादेशिक सरोकार समयमा पनि सङ्घीयता कार्यान्वयन र सवलीकरणका विषयमा धारणा तथा निर्वाचन क्षेत्रका प्रदेश तथा स्थानीय तहका समस्या राखेका थिए। दुवै अधिवेशनमा ३० जनाले प्रादेशिक सरोकार समयको उपयोग गरे।

यो वर्ष सङ्घीय संसदको दुवै सदनको दुईवटा संयुक्त बैठक बसे। प्रतिनिधि सभाको चौथो तथा राष्ट्रिय सभाको सोह्रौँ अधिवेशन अवधिमा सङ्घीय संसदको दुवै सदनको दुई ओटा संयुक्त बैठक बसेका छन्, जसमध्ये २०८१ जेठ १ गते संयुक्त बैठकमा राष्ट्रपति रामचन्द्र पौडेलले नेपाल सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएको थियो भने २०८१ जेठ १५ गते संयुक्त बैठकमा अर्थमन्त्री वर्षमान पुनले आर्थिक वर्ष २०८१/०८१ को को राजश्व र व्ययको वार्षिक अनुमान प्रस्तुत गर्नुभएको थियो।

यसै वर्ष संविधानमा भएको व्यवस्था बमोजिम राष्ट्रिय सभाका एक तिहाई सदस्यको पदावधि पूरा भएका कारण उक्त पदका लागि निर्वाचन भए। नवनिर्वाचित सदस्यहरूले २०८० फागुन २१ बाट पदभार ग्रहण गरेका छन्। पदावधि पूरा भई रिक्त सभाको अध्यक्ष पदमा नारायणप्रसाद दाहाल र राजीनामा दिएका कारण रिक्त उपाध्यक्ष

पदमा विमला घिमिरे निर्वाचित हुनु भएको थियो।

## *सरकार निर्माण र विश्वासको मत*

यो वर्ष पनि संसद सरकार निर्माणको खेलमा व्यस्त रह्यो। नेपाली कांग्रेस र माओवादी केन्द्रको सरकार रहेकोमा २०८० फागुनमा एमालेले तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई समर्थन गर्ने भएपछि नेपाली कांग्रेस सरकारबाट बाहिरियो र तत्कालीन प्रधानमन्त्री प्रचण्डले ०८० फागुन ३० गते तेस्रो पटक विश्वासको मत लिए। यो यात्रामा एमाले र माओवादीसँगै राष्ट्रिय स्वतन्त्र पार्टी पनि थियो। ०८१ जेठ ७ गते चौथोपटक प्रतिनिधि सभाबाट विश्वासको मत प्राप्त गरेका प्रधानमन्त्री दाहालको यो पटकको कार्यकाल लामो रहन सकेन। ०८१ असारमा आइपुग्दा नेपाली कांग्रेसको समर्थनमा आफूले प्रधानमन्त्री पाउने भएपछि एमाले सरकारबाट बाहिरियो। प्रधानमन्त्री दाहालले ०८१ असार २८ गते राखेको पाँचौपटकको प्रस्तावमा विश्वासको मत प्राप्त गर्न असमर्थ भए। पहिलोपटक विश्वासको मत लिँदा २ सय ६८ सांसदको समर्थन प्राप्त गरेका प्रधानमन्त्री पाँचौ प्रस्तावमा ६३ मा सीमित भएपछि प्रधानमन्त्रीबाट बाहिरिनु पऱ्यो *(नागरिक दैनिक, ०८१)* । त्यसपछि नेपाली कांग्रेसको समर्थनमा ०८१ असार ३१ गते नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा गठित सरकारले प्रतिनिधि सभाबाट ०८१ साउन ६ गते विश्वासको मत प्राप्त गऱ्यो।

## **संसद अवरोधको निरन्तरता**

मुलुकका महत्त्वपूर्ण विषयमा गम्भीर छलफल हुनुपर्ने संसद अवरोधका घटना पछिल्ला वर्षहरूमा नियमित कार्यसूचीमा झैँ हुन थालेको छ। यो वर्ष पनि प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले लामो समयसम्म अवरोध गरिरह्यो। सत्ता साझेदारी परिवर्तन भएसँगै सत्तापक्षको कित्ताबाट एकाएक प्रतिपक्षमा पुगेको नेपाली कांग्रेसले २०८० फागुनदेखि २०८१ जेठ १४ सम्म निरन्तर संसद अवरोध गरिरह्यो। सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गरेबापत राष्ट्रपतिलाई दिनुपर्ने धन्यवाद समेत प्रतिनिधि सभाले आठ दिनपछि विरोधकै अवस्थामा दिएको थियो। तत्कालीन उपप्रधान र गृहमन्त्री रवि लामिछाने सहकारी बचतकर्ताको बचत रकम दुरुपयोगमा संलग्न रहेको आरोप लगाउँदै लामिछानेउपर संसदीय छानबिन समिति गठन हुनु पर्ने माग राखी नेपाली कांग्रेसले निरन्तर संसद अवरोध गरेको थियो। लामिछानेलाई सदनमा बोल्न समेत अवरोध गरी निरन्तर सदन अवरुद्ध गर्दा सदनको तालिकामा रहेका महत्त्वपूर्ण काम हुन सकेनन्।

व्यवस्थापिकाको प्रमुख काम कानुन निर्माण भएपनि सङ्घीय संसदले यस अवधिमा उल्लेख्य कार्यसम्पादन प्रस्तुत गर्न सकेन। एक वर्षको अवधिमा संसदले चारओटा अर्थसम्बन्धी विधेयकसहित जम्मा १३ ओटा मात्र विधेयक पारित गरी कानुन बनायो। अर्थसम्बन्धी विधेयक बाहेक चार ओटा संशोधन विधेयक र पाँच ओटा मूल विधेयक कानुन बनेको हो। लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, ०८१ र सम्पत्ति शुद्धीकरण
(मनि लाउण्डरिङ) निवारण तथा व्यवसायिक वातावरण प्रवर्धनसम्बन्धी केही ऐनलाई

संशोधन गर्ने विधेयक, ०८१ बाट धेरै नेपाल कानुनलाई एकैपटक संशोधन गरिएको थियो।

## सङ्क्रमणकालीन न्यायसम्बन्धी ऐनमा संसदको तदारुकता

यो वर्ष अघिल्लो वर्ष संसदमा प्रस्तुत सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, ०७१ लाई संशोधन गर्ने विधेयक साउन ३० गते प्रतिनिधि सभाबाट र भदौ ६ गते राष्ट्रिय सभाबाट पारित भयो। विधेयकमाथि भएको छलफलमा भाग लिँदै प्रधानमन्त्री केपी शर्मा ओलीले शान्ति प्रक्रिया थालनी भएको १८ वर्षपछि सङ्क्रमणकालीन न्यायसम्बन्धी कानुनमा सहमति भएको भन्दै त्यसको कार्यान्वयनमा सरकारले यस कानुनलाई शान्ति प्रक्रियाको अन्तिम किस्ताका रूपमा बुझेको भन्दै कार्यान्वयनमा सहजीकरण गर्ने प्रतिबद्धता जनाउनु भएको थियो। यसैगरी, नेकपा (माओवादी केन्द्र) का अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालले पछिल्लो सहमतिसँगै शान्ति प्रक्रियाले पूर्णता पाएको र इतिहासलाई न्याय गरेको बताए। उनले भने- 'शान्ति प्रक्रियाको पूर्णतासँगै राजनीतिक क्रान्तिको एउटा अध्यायले समेत पूर्णता पाएको छ र अब हामीलाई परिवर्तनका उपलब्धि संस्थागत गर्दै समृद्धिको महान् यात्रातर्फ अघि बढ्ने ढोका खुलेको छ।'

छलफलमा भाग लिँदै नेपाली कांग्रेसका सभापति एवम् पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले सत्यको अन्वेषण गर्ने, न्याय गर्ने, पीडितलाई परिपूरण गर्ने र द्वन्द्वको पुनरावृत्ति नहुने अवस्थालाई सुनिश्चित गर्ने व्यवस्था विधेयकले गरेको बताए। उनले भने- 'यो विधेयक सङ्क्रमणकालीन न्यायको मान्यतामा आधारित प्रचलित कानुन, सर्वोच्च अदालतको फैसला र अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल रहेको छ। लामो समयदेखि द्वन्द्वपीडितहरू न्यायको खोजीमा बसेका छन्। उचित परिपूरण हुन नसकेका कारण पीडित स्वयम् र परिवारजनले थप पीडा व्यहोर्नुपरेको छ। यो विधेयक कानुन बनेपश्चात् द्वन्द्वका सबै पीडितहरूले न्यायको अनुभूति गर्नेछन् भन्ने मैले विश्वास लिएको छु।'

छलफलमा राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनले शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउने विधेयकलाई आफ्नो पार्टीले सकारात्मक रूपमा लिएको बताउँदै पीडितको पक्षमा आफ्नो दलले आवाज उठाइरहने प्रतिबद्धता व्यक्त गरे। उनले अगाडि भने- 'द्वन्द्वका बेला राजनीतिक आस्थाकै कारणले कतिपय मान्छे आक्रमणमा परेका र कतिपयले ज्यानसमेत गुमाएका छन्। अब त्यस्तो स्थिति कसैले व्यहोर्नु नपरोस् भन्ने कुराको सुनिश्चितता हामीले गर्नुपर्छ।'

नेकपा एकीकृत समाजवादी पार्टीका अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले शान्ति प्रक्रियाका लागि ठूलो मेहनत गर्नुपरेको जुन अहिलेसम्म जारी रहेको बताए। उनले भने- 'शान्ति सम्झौतादेखि यहाँसम्म आइपुग्दा निकै मेहनत गरेका छौँ। तत्कालीन विद्रोही माओवादीलाई शान्ति प्रक्रियाका ल्याउन निकै ठुलो सङ्घर्ष गरेका थियौँ। अब शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याएर नेपालले दक्षिण अफ्रिकापछि एउटा राम्रो उदाहरण देखाउन सक्ने अवस्था बनाऔँ।'

## संसदमा विचाराधीन विधेयकहरू

हाल प्रतिनिधि सभामै उत्पत्ति भएका १४ र राष्ट्रिय सभाले पारित गरी पठाएका सात समेत २१ ओटा विधयेक प्रतिनिधि सभामा र राष्ट्रिय सभामा चार ओटा विधेयक विचाराधीन छन्। राष्ट्रिय सभाले पारित गरी पठाएको राष्ट्रिय मर्यादासम्बन्धी विधेयक प्रतिनिधिसभामा टेबल भए पनि छलफलमा ल्याइएन। अन्य विधेयकहरू "फुल हाउस" र संसदीय समितिहरूमा विचाराधीन छन्। प्रतिनिधिसभामा संसदीय समितिहरूले विधेयकमाथिको छलफललाई तदारुकताका साथ अगाडि बढाउन सकेनन् *(नागरिक दैनिक, २०८१)*। राज्य व्यवस्था समितिले अख्तियार दुरूपयोग अनुसन्धान आयोग विधेयकमाथि तीन वर्ष पुग्दा पनि टुङ्गोमा पुऱ्याउन सकेन। उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिमा विद्युतीय व्यापार विधेयक, अर्थ समितिमा बैंक तथा वित्तीय संस्था विधेयक, सुरक्षित कारोबार ऐन संशोधन विधेयक, धितोपत्र ऐन संशोधन विधेयक, आर्थिक कार्यविधि ऐन संशोधन विधेयक र भन्सार विधेयक दफावार छलफलमा छन्। सङ्घीय निजामती सेवा विधेयक २०८१ जेठ १५ गतेदेखि दफावार छलफलका लागि राज्य व्यवस्था समितिमा छ। त्यस्तै शिक्षा स्वास्थ्य तथा सूचना प्रविधि समितिमा विद्यालय शिक्षा विधेयक र सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक दफावार छलफलमा छ।

सरकारले २०७६ सालमा संसदमा प्रस्तुत गरेका अख्तियार दुरूपयोग अनुसन्धान आयोग र भ्रष्टाचार निवारण ऐनका संशोधन विधेयकहरू अझै संसदमै विचाराधीन छन्। राष्ट्रिय सभाले पारित गरी प्रतिनिधि सभामा पठाएका दुवै विधेयकहरू प्रतिनिधि सभाको राज्य व्यवस्था तथा सुशासन समितिमा तीन वर्षदेखि विचाराधीन छन्। प्रतिनिधि सभामै प्रस्तुत भएका विद्यालय शिक्षा र निजामती सेवाजस्ता महत्त्वपूर्ण विधेयकहरू पनि पारित हुन सकेनन्।

प्रतिनिधि सभामा प्रस्तुतिको अनुमतिका लागि सूचना दिइएका दुई ओटा गैरसरकारी विधेयक सभामा प्रस्तुतसम्म हुन सकेनन्। नेपाली कांग्रेसका प्रदीप पौडेलले दर्ता गराएको औषधी तथा स्वास्थ्य सामग्री (नियमन तथा नियन्त्रण) विधेयक, २०८० प्रतिनिधि सभा नियमावलीमा भएको व्यवस्था बमोजिम पौडेल मन्त्री भएसँगै निष्क्रिय भयो। राष्ट्रिय स्वतन्त्र पार्टीकी बिन्दबासिनी कंसाकार सहित १४ जनाले दर्ता गराएको मानव शरीर जलन नियन्त्रण तथा सजाय विधेयक, २०८१ सभामा प्रस्तुत हुन सकेन । त्यस्तै राष्ट्रिय सभाबाट पारित भएको राष्ट्रिय मर्यादासम्बन्धी विधेयक पनि प्रतिनिधि सभामा अगाडि बढाइएन। यसले सरकारी मात्र नभई गैरसरकारी विधेयकको कारबाही प्रक्रिया अगाडि बढाउनेमा संसद पनि अनिच्छुक रहेको त होइन भन्ने प्रश्न समेत खडा भयो।

## अध्यादेश, संसद छल्ने परम्पराको निरन्तरता

संसद छलेर अध्यादेशमार्फत् मुलुक सञ्चालन गर्ने कार्य यस वर्ष सङ्ख्यात्मक रूपमा कम भए पनि अध्यादेशरहित हुन सकेन। सरकारले अधिवेशन अन्त्य भएको १४ दिनपछि र अर्को अधिवेशन सुरु हुनुभन्दा १२ दिनअघि २०८१ वैशाख १६ मा लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ जारी गऱ्यो। आठ ओटा ऐनमा संशोधन गरेको उक्त

अध्यादेश प्रतिस्थापन विधेयक पारित भई ऐन बनिसकेको छ। उक्त ऐनमा लागानीलाई सहज बनाउन जग्गा प्राप्ती गर्ने विषयमा सहजता कायम गर्ने, सरकारको स्वीकृति लिइ खरिद गरेको हदबन्दीभन्दा बढीको जग्गाको ५० प्रतिशतसम्म उद्योगको क्षमता वृद्धि गर्न धितो राख्न पाउने व्यवस्था गरिएको छ। औद्योगिक व्यवसाय ऐन २०४६ भूमिसम्बन्धी ऐन २०२१, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९, जग्गा प्राप्ती ऐन २०३४, विशेष आर्थिक क्षेत्र ऐन २०७३, सार्वजनिक निजी साझेदारी तथा लागानी ऐन २०७५, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन ०७५ र वन ऐन ०७६ समय अनुकुल संशोधन प्रस्ताव गरिएको छ। त्यस्तै सरकारले अधिवेशन बोलाउने समय नजिकिँदै गर्दा ०८१ पुस १४ गते सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, ०८१ जारी गरेको छ। उक्त अध्यादेश सदनमा पेश हुन बाँकी छ।

## संसदीय गतिविधिहरू

### *सांसदको पद निलम्बन र फुकुवा*

कास्की जिल्ला अदालतमा सम्पत्ति शुद्धीकरणसहितका मुद्दा दायर भएपछि चितवनबाट निर्वाचित प्रतिनिधि सभाका सदस्य रवि लामिछाने निलम्बित भए। सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा मुद्दा दर्ता भएपछि उक्त ऐनको दफा २७ बमोजिम स्वतः निलम्बन हुने कानुनी व्यवस्था रहेको छ *( पाण्डेय, ०८१)* । अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मुद्दा दायर भई निलम्बनमा रहेका मनाङ जिल्लाबाट निर्वाचित प्रतिनिधि सभाका सदस्य टेकबहादुर गुरुङउपर भ्रष्टाचार निवारण ऐन बमोजिम मुद्दा दायर भएका कारण निलम्बनमा रहेकोमा सर्वोच्च अदालतले निलम्बन सम्बन्धी निर्णय कार्यान्वयन नगर्न नगराउन आदेश जारी गर्‍यो। सङ्घीय संसद सचिवालयबाट ०७९ पुस ८ गतेदेखि निलम्बनमा रहने सूचना प्रकाशन भएकोमा सर्वोच्च अदालतले ०८० चैत १६ मा स्वतः निलम्बनको सूचना र सोसँग सम्बन्धित पत्राचार समेत खारेज गर्ने आदेश दिएको थियो। तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाको नेतृत्वमा श्रम तथा रोजगार राज्यमन्त्री रहेका गुरुङलाई काठमाडौं फनपार्कको जग्गा भाडामा लगाउँदा भ्रष्टाचार गरेको अभियोगमा अख्तियारले उनीसमेत विरुद्ध ०७५ माघमा विशेष अदालतमा ३१ करोड बिगोसहित मुद्दा दायर गरेको थियो। महोत्तरी जिल्ला अदालतमा कर्तव्य ज्यान र आगो लगाएको मुद्दा विचाराधीन रहेका कारण निलम्बनमा रहेका प्रतिनिधि सभाका सदस्य लक्ष्मी महतो कोइरीले अदालतबाट सफाइ पाएसँगै उनको निलम्बन फुकुवा भयो। उनी ०८० वैशाख १९ देखि निलम्बित थिए।

### *अलमलमा परेका मिनी संसद*

कानुन निर्माणदेखि संसदीय निगरानी, अनुगमन तथा मूल्याङ्कन र सरकारउपर नियन्त्रण एवम् सरकारलाई जवाफदेही बनाउने कार्यमा समितिहरू प्रभावकारी संयन्त्र मानिन्छन्। प्रतिनिधि सभामा दश, राष्ट्रिय सभामा चार र दुई ओटा संयुक्त समिति छन् *(नियमावली, ०७५, ०७९)।* संसद अधिवेशन चालु नरहेको समयमा समेत संसदको कार्यकालभर नियमित सञ्चालन हुने समितिमा संसदीय काम कारबाही प्रभावकारी ढङ्गले हुने तथा समितिका सदस्यबाहेकका

सरोकारवालाले समेत धारण राख्न पाउने भएको हुँदा सरकारउपरको निगरानीका लागि समितिलाई प्रभावकारी बनाउनु पर्ने मानिन्छ।

यस वर्ष मिनी संसदका रूपमा लिइने संसदीय समितिहरू पनि धेरै प्रभावकारी हुन् सकेनन् र भएनन् पनि। प्रतिनिधि सभाका समितिहरूले आफूमा प्राप्त विधेयक समेत लामो समय पारित गरी सभामा पठाउन नसक्दा समितिको प्रभावकारितामा प्रश्न उठेको छ। सिद्धान्ततः समितिमा सत्तापक्ष वा प्रतिपक्ष हुँदैन तर धेरै समितिका बहसहरूमा पक्ष-विपक्षको आभाष हुने गरेको गुनासो व्याप्त छ। खासगरी प्रतिनिधि सभातर्फका समितिमा गणपूरक सङ्ख्या समेत पुऱ्याउन कठिन हुने गरेको छ। विषयगत समितिका सभापतिहरूले समितिको बैठक राख्दा गणपूरक सङ्ख्या पुऱ्याउनै कठिन रहेको सभामुखसमक्ष गुनासो गरेका समाचार बाहिर आए *(अनलाइन खबर, २०८१)*। सभामुखले समितिमा रोकिएका विधेयक लगायतका बाँकी काम छिटो सक्न पटक-पटक आह्वान गरेता पनि नतिजा हासिल भएको देखिँदैन। समितिको बैठक बस्न सम्बन्धित मन्त्रीको उपस्थिति अनिवार्य हुने प्रावधानका कारणले समेत कतिपय अवस्थामा बैठक ढिलो बस्ने वा बैठक नै स्थगित गर्नु परेको पनि सभापतिहरूले गुनासो गरे।

कार्यक्षेत्र र समन्वयका विषयमा समेत समितिहरू विवादरहित हुन सकेनन्। एनसेल खरिदबिक्री प्रकरणमा संसदका चार ओटा समिति एकैपटक सक्रिय बन्दा फरक-फरक निर्देशन दिने समेतका काम भएका थिए *(पौडेल,०८०)*। समितिहरूले आफू अनुकूल व्याख्या गर्न र निर्देशन दिन थालेपछि सभामुखले समिति सभापतिहरूको बैठक समेत राख्नु परेको थियो *(नयाँ पत्रिका, २०८०)*।

यस वर्ष प्रतिनिधि सभामा एउटा विशेष समिति पनि गठन भयो र उक्त समितिले प्रतिवेदन प्रतिनिधि सभामा पेश गरेको छ। प्रतिपक्षी नेपाल कांग्रेसले सहकारी संस्थाहरूमा भएको बचत रकम दुरूपयोग सम्बन्धमा संसदीय समिति गठन हुनुपर्ने माग राखी लामो समय सदन अवरुद्ध गरेपछि सभाले २०८१ जेठ १५ गते नेकपा एमालेका सूर्यबहादुर थापा क्षेत्री सभापति रहने गरी सात सदस्यीय संसदीय समिति गठन गरेकोमा समितिले २०८१ भदौ ३१ गते सभामा प्रतिवेदन बुझाइसकेको छ। यद्यपि सोही रातीदेखि अधिवेशन अन्त्य भएका कारण उक्त प्रतिवेदनमाथि छलफल हुन सकेन।

संसदका विभिन्न समितिहरूद्वारा सरकारका लागि जारी निर्देशनहरूको कार्यान्वयनमा समस्या देखिएको नीति अनुसन्धान प्रतिष्ठानको एक अध्ययनले देखाएको छ। प्रतिष्ठानको अध्ययन अनुसार २० देखि २५ प्रतिशत निर्देशनहरू मात्र कार्यान्वयन भएका छन् भने ६५ प्रतिशत निर्देशनको आंशिक कार्यान्वयन हुने गरेको छ। यस्तै ५ देखि १० प्रतिशत निर्देशनहरू पूर्ण रूपमा कार्यान्वयन हुन नसकेको अध्ययनका क्रममा पाइएको छ। कतिपय निर्देशनहरू कागजी रूपमा मात्र कार्यान्वयन गरिएका छन्। संसदीय समितिहरूले निर्देशन कार्यान्वयन गराउन थप कडाइ गर्नुपर्ने र मन्त्रालयहरूलाई दबाब दिनुपर्ने सुझाव प्रतिष्ठानले दिएको छ *(रातोपाटी, २०८१)*। निर्देशन कार्यान्वयनको प्रभावकारीताका लागि समन्वय र अनुगमन प्रणाली सुदृढ गर्नुपर्नेमा पनि प्रतिष्ठानले जोड दिएको छ। समितिको निर्देशन कार्यान्वयन कमजोर हुनुका कारणहरूमा अव्यवहारिक, हचुवा र

कार्यान्वयन गर्न नसकिने किसिमका निर्देशन दिनु *(प्रतिवेदन, २०७८)*, नियम कानुनको परिधि पालना नभएका, अध्ययन अनुसन्धान विश्लेषणका आधार तथा तथ्य प्रमाण नपुगेका र कार्यान्वयन अवस्थाको जानकारी नलिइ दिनुजस्ता विषय औंल्याइएका छन्।

संवैधानिक अङ्गका रूपमा रहेको राष्ट्रिय मानव अधिकार आयोगको स्तर घट्न नदिन संविधान र कानुन बमोजिम आयोगलाई प्राप्त अधिकारबमोजिम आयोगका जिम्मेवारी र कामकारबाहीलाई प्रभावकारी बनाउन पर्याप्त साधन र स्रोतको व्यवस्था गर्न प्रतिनिधि सभाको कानुन, न्याय तथा मानव अधिकार समितिले सरकारलाई निर्देशन दिएको थियो। त्यस्तै इजरायलमा हमासको आक्रमणका क्रममा मृत्यु भएका नेपालीको शव स्वदेश ल्याउन, घाइतेको उपचार एवम् बेपत्ता र अप्ठ्यारोमा परेका नेपालीको खोजी गर्न अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिले निर्देशन दिएको थियो। त्यस्तै प्रतिनिधि सभाको महिला तथा सामाजिक मामिला समितिले धनुषामा आरती शाहको हत्याका सम्बन्धमा पीडितलाई यातना दिने प्रहरी अधिकृत उपर कारबाही गर्न निर्देशन दियो। त्यस्तै, समितिले समितिमा सवितादेवी नायकले दिएको घरेलु हिंसा भएको भन्ने सम्बन्धी निवेदनमा राष्ट्रिय महिला आयोगसँग छलफल गर्नुका साथै सो सम्बन्धमा अनुसन्धान र न्यायिक कारबाहीका लागि सरकारलाई निर्देशन दिएको थियो।

समितिले मुलुकभरमा आठ ओटा बालसुधार गृहमा रहेका १ हजार १ सय ६५ मध्ये ४ सय ७२ जना १८ वर्षभन्दा माथिका देखिएको हुँदा त्यस्ता बिज्याइँकर्तालाई कानुन बमोजिम १८ वर्षमुनिका बालबालिकालाई अलग्गै राख्ने व्यवस्था गर्न निर्देशन दिएको थियो। त्यस्तै समितिले संयुक्त राष्ट्रसङ्घीय महिलाविरुद्ध हुने भेदभाव उन्मूलन समितिले नेपालको प्रतिवेदनउपर उठाएका विषयका सम्बन्धमा समयावधिभित्रै प्रतिवेदन पठाउन र पालेर्मो पोर्टोकल कार्यान्वयन सम्बन्धमा कानुनमा गरिनुपर्ने संशोधनको प्रस्तावसहित संसदमा पेश गर्न समेत सरकारलाई निर्देशित गरेको थियो। त्यस्तै, तेजाब तथा अन्य रासायनिक पदार्थको प्रयोगबाट भएका पीडितलाई पीडित राहत कोषबाट क्षतिपूर्ति उपलब्ध गराउने व्यवस्था गर्न र समावेशीकरण नीतिबाट प्राप्त लाभ एवं अवसरका सम्बन्धमा अध्ययन गरी प्रतिवेदन दिन सरकारलाई निर्देशित गरेको थियो।

### *प्रश्नोत्तरः संसदको महत्त्वपूर्ण काम*

सरकारलाई संसदप्रति जवाफदेही तुल्याउने महत्त्वपूर्ण औजारका रूपमा प्रश्नोत्तर कार्यक्रम रहेको हुन्छ। प्रतिनिधि सभाको तेस्रो अधिवेशनमा ०८० फागुन ६ र चैत ६ को बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) ले प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तरमा भाग लिई २६ जना सांसदका प्रश्नको जवाफ दिएका थिए। त्यस्तै चौथो अधिवेशनमा ०८१ असार ६, साउन ७ र भदौ ६ गतेका बैठकहरूमा भएका प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तरमा सांसदहरूका प्रश्नको जवाफ प्रधानमन्त्री केपी शर्मा ओलीले दिएका थिए।

तेस्रो अधिवेशनमै दर्ता भएका विभिन्न मन्त्रालयसँग सम्बन्धित ६५ ओटा मौखिक र ८ ओटा लिखित प्रश्नहरू मध्ये ३२ ओटा मौखिक र ३ ओटा लिखित प्रश्नको उत्तर सभाको ०८० चैत २० गतेको बैठकमा प्रस्तुत भयो। ६ ओटा मौखिक

प्रश्नको उत्तर सम्बन्धित मन्त्रीबाट दिइएको थियो। त्यस्तै चौथो अधिवेशनमा दर्ता भएका विभिन्न मन्त्रालयसँग सम्बन्धित ५० ओटा मौखिक र एउटा लिखित प्रश्नमध्ये गृह मन्त्रालय, अर्थ मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, खानेपानी मन्त्रालय, सहरी विकास मन्त्रालय र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग सम्बन्धित ३३ ओटा मौखिक प्रश्नको उत्तर प्राप्त भई २० ओटा मौखिक प्रश्नमा सम्बन्धित मन्त्रीबाट उत्तर दिने कार्य भए भने १३ ओटा प्रश्नका उत्तर बैठकमा टेबुल भए।

सङ्घीय संसद स्थापना पश्चात् राष्ट्रिय सभामा पहिलो पटक सोह्रौं अधिवेशनमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित एउटा लिखित प्रश्न र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँग सम्बन्धित दुई ओटा, गृह मन्त्रालयसँग सम्बन्धित एउटा, खानेपानी मन्त्रालयसँग सम्बन्धित एउटा, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय सँग सम्बन्धित दुई ओटा र अर्थ मन्त्रालयसँग सम्बन्धित दुईओटा समेत आठ ओटा मौखिक प्रश्नोत्तर सभामा सञ्चालन भयो।

### *सङ्कल्प र सार्वजनिक महत्त्वको प्रस्ताव*

नीतिगत वा कानुनी प्रश्नमा सरकारको ध्यानाकर्षण गराउन, कुनै नीतिगत प्रबन्ध कार्यान्वयन गर्न वा नयाँ नीति तर्जुमा गर्न वा तत्काल नगरी नहुने कुनै समयसामयिक विषयमा संसदमा लिखित रूपमा प्रस्ताव पेश गरी तत्काल छलफल गरी सरकारको ध्यानाकर्षण गराउने औजारका रूपमा प्रस्तावलाई लिइन्छ *( नियमावली, ०७५, २०७९)*। यो वर्ष प्रतिनिधि सभामा एउटा सङ्कल्प, ११ ओटा जरूरी सार्वजनिक महत्त्वको प्रस्ताव र एउटा ध्यानाकर्षण प्रस्ताव दर्ता भएकोमा ध्यानाकर्षण प्रस्तावमा मात्र सभामा छलफल भयो। सांसद डा. तोसीमा कार्कीले दर्ता गराएको हैजा महामारी पूर्वानुमान र रोकथाम तथा सोका लागि तयारीसँग सम्बन्धित विषयको ध्यानाकर्षण प्रस्तावमा चौथो अधिवेशनमा ०८१ भदौ १२ गते सभामा छलफल भएको हो।

तेस्रो अधिवेशनमा एक सङ्कल्प र तीन जरुरी सार्वजनिक महत्त्वका प्रस्ताव दर्ता भए पनि कुनैमा छलफल भएनन्। चौथो अधिवेशनमा दर्ता भएका आठओटा जरुरी सार्वजनिक महत्त्वका प्रस्तावमा छलफल हुन सकेन। तेस्रो अधिवेशनमा सांसद चन्दा चौधरीले संवैधानिक र कानुनी व्यवस्था बमोजिम बाल बिवाहलाई गम्भीर सामाजिक अपराध मानी दोषीलाई कडा कारबाही र पीडितलाई क्षतिपूर्ति दिलाउन तथा विवाह हुनुपूर्व आफू बालिग भएको प्रमाणपत्र लिनुपर्ने व्यवस्था गर्ने सम्बन्धमा सङ्कल्प प्रस्ताव दर्ता गराएकी थिइन्। त्यस्तै, सांसद निशा डाँगीले सडक सुरक्षासम्बन्धी राष्ट्रिय लक्ष्य, उद्देश्य, नीति तथा रणनीति बनाइ दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले ०७३ सालमा गठित सडक सुरक्षा परिषद्लाई क्रियाशील बनाउन कानुन र बजेटको व्यवस्था गर्न, सडक र विद्यमान पूर्वाधारको क्षमता वृद्धि तथा स्तरोन्नति गर्न र ट्राफिक सचेतना बढाइ सार्वजनिक यातायात सुरक्षित गर्ने सम्बन्धमा, सांसद ज्ञानबहादुर शाहीले

रूस र युक्रेनबीचको युद्धमा परी मृत्यु भएका तथा युद्धमा फसेकाहरूको तत्काल उद्धारको व्यवस्था गर्न र धनराज गुरुङले सार्वजनिक पद धारण गरेका र त्यस्तो पदबाट अवकाश पाएका पदाधिकारी तथा तिनका परिवारका सदस्यको सम्पत्ति जाँचबुझ गरी छानबिन गर्न निष्पक्ष र उच्चस्तरीय जाँचबुझ आयोग गठन गर्ने र त्यसको विधि, कार्यविधि र कार्यक्षेत्रगत सर्त निर्धारण गर्ने सम्बन्धी जरूरी सार्वजनिक महत्त्वको प्रस्ताव दर्ता गराएको भए तापनि ति कुनै प्रस्तावमाथि सभामा छलफल हुन सकेनन्।

त्यस्तै चौथो अधिवेशनमा सांसद प्रपीप पौडेलले राजनीतिक शक्तिको आडमा हुने सार्वजनिक जग्गाको अतिक्रमण रोकी सरकारको नाममा फिर्ता ल्याउने सम्बन्धमा, स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकारको सुनिश्चित गर्दै राज्यकोषबाट हुने खर्चको पारदर्शिता कायक गर्ने सम्बन्धमा र चक्रपथ विस्तार आयोजना शीघ्र पूरा गरी दुर्घटनाको जोखिम घटाउने सम्बन्धमा तीनओटा जरुरी सार्वजनिक महत्त्वका प्रस्ताव दर्ता गराएका थिए। त्यस्तै प्रतिमा गौतमले डेँगी प्रकोप न्यूनीकरण र रोकथाम सम्बन्धमा, सांसद डा. तोसिमा कार्कीले प्राकृतिक विपत्तिबाट उत्पन्न जोखिमलाई कम गरी क्षति र जोखिमलाई कम गर्न गरूयोजना बनाई लागु गर्ने सम्बन्धमा, सांसद सोविता गौतमले हवाइक्षेत्रको सुरक्षा बढाइ विश्वसनीयता बढाउने सम्बन्धमा, सांसद बिनीता कठायतले सार्वजनिक यातायात सुधारमा राज्यको दायित्व बढाउन र कर्णाली क्षेत्रको सार्वजनिक यातायातको गुणस्तर वृद्धि एवम् सम्भावित दुर्घटना रोकथामका उपाय अवलम्बन गर्ने सम्बन्धमा, सांसद राजेन्द्रप्रसाद पाण्डेले अदालतको फैसलाबाट बागमती लगायत अन्य नदीको दायाँबायाँ बस्ने एक लाख घरधुरी प्रभावित हुने हुँदा सोको मुआव्जा सम्बन्धमा जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव दर्ता गराएका थिए।

राष्ट्रिय सभामा दर्ता भएका दुई ओटा सङ्कल्प प्रस्ताव र एउटा जरूरी सार्वजनिक महत्त्वको प्रस्तावमा छलफल भएको छ। पन्धौ अधिवेशनमा सांसद दिलकुमारी रावल थापा (पार्वती) प्रस्तावक रहेको संविधान बमोजिम मौलिक हक कार्यान्वयनसँग सम्बन्धित कानुन ०८१ असोज ३ गतेसम्म बनाइ सक्न चालु अधिवेशनभित्रै संसद विधेयक पेश गर्नेसम्बन्धी सङ्कल्प प्रस्तावउपर ०८० फागुन ११ मा छलफल भई सर्वसम्मत रूपमा पारित भएको थियो। त्यस्तै सांसद कमला पन्त प्रस्तावक रहेको नि:शुल्क स्वास्थ्य उपचारको सुनिश्चितता सम्बन्धी सङ्कल्प प्रस्ताव ०८० चैत ३० मा छलफल भई पारित भएको थियो। तर, पारित प्रस्ताव बमोजिम सरकारका तर्फबाट कुनै विधेयक संसदमा प्रस्तुत हुन भने सकेन।

सोह्रौ अधिवेशनमा सांसद सोनाम गेल्जेन शेर्पा प्रस्तावक र सात जना सदस्य समर्थक रहेको सवारी दुर्घटना न्यूनीकरण गर्नेसम्बन्धी जरुरी सार्वजनिक महत्त्वको प्रस्तावमाथि सभामा छलफल भई सर्वसम्मतिले स्वीकृत भएको छ। उक्त प्रस्तावलाई पन्ध्रौँ अधिवेशनमा सांसद दिलकुमारी रावल थापा (पार्वती)ले प्रस्तुतिका लागि सूचना दिनुभएकोमा उहाँको कार्यकाल पूरा भएका कारण छलफल हुन पाएको थिएन।

नेपालको संविधानले प्रधानमन्त्री र मन्त्री सामूहिक रूपमा सङ्घीय संसदप्रति उत्तरदायी हुने प्रबन्ध गरेको छ *(धारा ७६, ०७२)*। संसदले उठाएका सवालमा

सरकारका मन्त्रीहरूले जवाफ दिनुपर्ने प्रजातान्त्रिक सरकारको मान्यता पनि हो। प्रतिनिधि सभाको तेस्रो अधिवेशनमा प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) ले दुईपटक, उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले दुईपटक र खानेपानी मन्त्री महिन्द्र राय यादव र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री सुमना श्रेष्ठले एकपटक आकस्मिक, शून्य एवं विशेष समयमा उठेका प्रश्नको सम्बन्धमा जवाफ दिनुभएको थियो।

राष्ट्रिय सभाको पन्ध्रौं अधिवेशनमा उपप्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्काले सभाको शून्य र विशेष समयमा सांसदहरूले उठाएका विषयमा जवाफ दिनु भएको थियो। सदन सुचारू हुने प्रयोजनका लागि मन्त्रीको उपस्थिति अनिवार्य हुने हुँदा सदनमा उपस्थित हुने बाहेक मन्त्रीहरूले सदनलाई समसायिक विषयमा जानकारी गराउने वा उठेका प्रश्नको जवाफ दिने अभ्यास र परम्परा निकै कमजोर छ। संसदले त्यसलाई बाध्य बनाउन सकेको छैन।

सभाबाट पारित संकल्प प्रस्ताव र जरुरी सार्वजनिक महत्त्वका प्रस्ताव कार्यान्वयन नभएकोमा सदस्यहरूले प्रश्न उठाए। ०८१ भदौ ९ गतेको बैठकमा प्रस्ताव कार्यान्वयनमा सरकार र सिंगो राष्ट्रिय सभा चुकेको भन्दै आलोचना भएको हो। सभाबाट पारित ६ ओटा सङ्कल्प र २ ओटा जरुरी सार्वजनिक महत्त्वका प्रस्तावबारे सभा बेखवर भएको सांसदहरूको गुनासो थियो *(नेपाल प्रेस, ०८१)*। सभाबाट 'सङ्घीयता कार्यान्वयन', 'यौन अपराधको हदम्याद', 'दलित अधिकार कार्यान्वयन', 'अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयन', 'सवारी दुर्घटना न्यूनीकरण' र 'मौलिक हक कार्यान्वयन' सम्बन्धी संकल्प प्रस्ताव र 'मुल्यवृद्धि नियन्त्रणका लागि' र 'सुदृढ अर्थतन्त्रका लागि योजना निर्माण सम्बन्धी'जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव पारित भएका छन्।

### *संसदीय छानबिन विशेष समिति*

प्रतिनिधि सभाको ०८१ जेठ १५ को बैठकबाट तीन महिनाको कार्यावधि दिई गठन भएको सात सदस्यीय सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानविन विशेष समितिको कार्यावधि थप १५ दिनको लागि थप गर्ने प्रस्ताव ०८१ भदौ १८ को बैठकमा स्वीकृत भएको थियो। साथै उक्त विशेष समितिले ०८१ भदौ ३१ गते सभा समक्ष प्रतिवेदन पेश गरेको छ। समितिले आफूलाई प्राप्त चार कार्यादेशसँग सम्बन्धित अलग अलग सुझाव सिफारिस गरेको छ।

छानबिनको क्रममा समितिले ५१ ओटा सहकारी संस्थासँग सम्बन्धित ५ सय ५४ जना व्यक्तिका उजुरी ग्रहण गर्नुका साथै सहकारी संस्थासँगको बचत रकम दुरूपयोग र अपचलनमा आरोपित ४७ जना सहकारी सञ्चालक, गोरखा मिडिया नेटवर्क प्रा.लिसँग सम्बन्धित तीन जना र सहकारी नियामक निकायमा काम गरिसकेका पाँच जना निजामती कर्मचारी गरी ५५ जनासँग सोधपुछ गर्नुका साथै समितिको सम्पर्कमा नआएका र सरकारले खोजी गर्दा उपलब्ध हुन नसकेका दुई जनाबाट निवेदन प्राप्त भई त्यसलाई सोधपुछको अङ्ग बनाएको थियो। कार्यादेशमा उल्लिखितसहित जम्मा ४० ओटा सहकारी संस्थाहरूको वित्तीय विश्लेषण समेत गरेको समितिले सहकारी बचत रकम दुरुपयोग गरेको आरोप लागेका २९ जनालाई खोजी गरी समितिसमक्ष उपलब्ध गराइदिन सरकारलाई पटक पटक निर्देशन दिए पनि

सरकारले उपलब्ध गराउन सकेन। समितिका ६६ ओटा बैठकपछि समितिले आफूलाई प्राप्त कार्यादेशमा केन्द्रित ३२ र अन्य ७ समेत ३९ बुँदामा सुझाव सहित प्रतिवेदन दिएको थियो। समितिको सिफारिस कार्यान्वयन समेत प्रारम्भ भइसकेको सरकारले दावी गरेको छ।

**प्रदेश सभाहरू**

संविधानको धारा १९७ ले प्रदेश सरकारलाई कानुन निर्माण गर्ने अख्तियार दिएको छ। संविधानले निर्देशन गरेअनुसार प्रदेशले एकल क्षेत्राधिकारका विषयमा स्वतन्त्ररूपमा तथा साझा क्षेत्राधिकारका विषयमा सङ्घीय कानुनअन्तर्गत रहेर कानून निर्माण गर्न सक्दछन्। संविधानको अनुसूची ५-९ मा तीन सरकारका एकल तथा साझा क्षेत्राधिकारबारे उल्लेख छ। प्रदेशले पारित गरेका कानुनका प्रकृति सङ्घीयस्तरमा अत्यावश्यक कानुन निर्माणमा ढिलासुस्ती नै प्रदेश सरकारहरूले सामना गर्नुपरेका मुख्य चुनौतीमध्ये एक थियो। सङ्घीय कानुन नबनिसकेको अवस्थामा साझा क्षेत्राधिकारका विषयमा कानुन निर्माण गर्न प्रदेश सभाहरू असमर्थ भए। यो वर्ष प्रदेश सभाहरूका गतिविधिलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ।

**कोशी प्रदेश**

सन् ०२४ मा कोशी प्रदेशसभाले पाँच ओटा कानुन बनायो। ०८० पुस २५ गतेदेखि सुरूआत भएको पाँचौं अधिवेशन ०८१ असोज ४ गतेसम्म २१ ओटा बैठक बसी अन्त्य भयो। अधिवेशनले आर्थिक वर्ष ०८१-८२ को सेवा र कार्यको लागि कोशी प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, ०८१, कोशी प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, ०८१, प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन, ०७७ लाई संशोधन गर्न बनेको विधेयक, केही प्रदेश ऐनको साविकको व्यवस्था जगाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र प्रदेश निजामती सेवा ऐन, ०७९ लाई संशोधन गर्न बनेको विधेयक पारित गरेको प्रदेशसभा सचिवालयले जनायो। पाँचौ अधिवेशनका क्रममा नेपाली कांग्रेसले सरकार परिर्वतनको विषयलाई लिएर १९ ओटा प्रदेशसभा बैठक बहिष्कार गऱ्यो। यस वर्ष पनि कोशी प्रदेशमा सत्ता परिवर्तनको सिलसिला चल्यो। पाँचौ अधिवेशनमा दुई ओटा सरकार परिर्वतन भए। पाँचौं अधिवेशनमा ०८१ भदौ २८ गते सात ओटा विषयगत समितिको निर्वाचन सम्पन्न भयो। पाँचौं अधिवेशनमा प्रदेशसभामा मानव अधिकारसँग सम्बन्धित विषयमा प्रत्यक्ष छलफल र विषयवस्तु प्रवेश भएन।

**मधेश प्रदेश**

यस वर्ष मधेश प्रदेशसभाले तेस्रो अधिवेशनमार्फत सात ओटा कानुन बनायो। यो वर्षको अन्त्यसम्म प्रदेशसभाका तेस्रो अधिवेशनमा ३८ वटा बैठक बसेका छन्। अधिवेशनले प्रदेश खेलकुद विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, ०७९, प्रदेश बालिका संरक्षण सम्बन्धमा व्यवस्था बनेको विधेयक, आर्थिक विधेयक ०८१, विनियोजन विधेयक ०८१, प्रदेश सभा सचिवालयसम्बन्धी ऐन, ०७९ लाई संशोधन बनेको विधेयक, स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका सर्तहरू सम्बन्धमा व्यवस्था बनेको विधेयक र मधेस प्रदेश

सवारी तथा यातायत व्यवस्था विधेयक, ०८० लाई संशोधन गर्न बनेको विधेयक पारित गरेको प्रदेशसभा सचिवालयले जनायो।

**बागमती प्रदेश**

बागमती प्रदेश सभाको दोस्रो कार्यकालमा ६ ओटा विधेयक प्रदेशसभाबाट पारित भए। यो वर्षको अन्त्यसम्म प्रदेशसभाका चौथो अधिवेशनमा ४४ वटा बैठक बसेका छन्। ०८० फागुन १२ गतेदेखि सुरु भएको तेस्रो अधिवेशन ०८१ वैशाख १२ गतेसम्म ६ ओटा बैठक बसी अन्त्य भएको थियो भने चौथो अधिवेशन ०८१ वैशाख ३१ गते सुरु भई असोज १६ गते अन्त्य भएको थियो। प्रदेश सभाको दोस्रो कार्यकालको हालसम्म प्रदेश मामिला समितिको १२, अर्थ तथा विकास समितिको १९, सार्वजनिक लेखा समितिको २०, शिक्षा, स्वास्थ तथा कृषि समितिको ३७, उद्योग, पर्यटन तथा वातावरण समितिको २४ र विशेषाधिकार समितिको ६ ओटा समितिहरूको बैठक बसेको थियो। यस वर्ष कुनै पनि बैठकमा अवरोध भएन।

प्रदेश सभाको दोस्रो कार्यकालमा कानुन निर्माणमा भन्दा पनि सरकार फेरबदलका भइरहने कारण प्रदेश सभाले आवश्यक कानुन निर्माणमा गर्न सकेन। प्रदेश सभाको यस दोस्रो कार्यकाल अन्तर्गत ०७९ पुस १८ मा प्रदेश सभाको पहिलो बैठक सञ्चालन भएको थियो। त्यसयता प्रदेश सभाको चार ओटा अधिवेशन सम्पन्न भएकोमा यस अवधिमा १२ वटा विधेयक पारित भए। जसमध्ये प्रदेश सभाबाट पारित १२ विधेयकमध्ये प्रदेश प्रमुखबाट १० वटा प्रमाणीकरण भए। दुई वटा विधेयक प्रदेश सभामा पुनर्विचारका लागि फिर्ता पठाइएको छ। सो अवधिमा प्रदेश सभाबाट आठ वटा मूल ऐन सम्बन्धी विधेयक र दुई वटा संशोधन विधेयक पारित भएको हो।

**गण्डकी प्रदेश**

छैटौँ अधिवेशनबाट आ.व. ०८१/८२ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, गण्डकी प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, गण्डकी प्रदेश प्राइभेट फर्म दर्ता ऐन, ०७८ लाई संशोधन गर्न बनेको विधेयक, गण्डकी प्रदेश सभा नियमावली, ०८० र केही गण्डकी प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक पारित भएको छ। त्यस्तै यस वर्ष गण्डकी प्रदेशमा सार्वजनिक सडक निर्माण, विस्तार तथा मर्मत सम्भार गर्ने सम्बन्धमा व्यवस्था गर्न दफावार छलफलमा रहेको समिति, जीवनाशक बिषादी व्यवस्थापन सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक र गण्डकी प्रदेशमा साझेदारी फर्मको नियमन तथा व्यवस्थापन गर्न बनेको विधेयक दफावार छलफलमा रहेको छ।

**लुम्बिनी प्रदेश सभा**

लुम्बिनी प्रदेश सभाको दोस्रो कार्यकालमा कूल १३ विधेयक पेस भएकोमा १२ ओटा प्रदेशसभाबाट पारित भएका छन भने १० ओटा विधेयक प्रमाणिकरण भइसकेका छन्। यो वर्षको अन्त्यसम्म प्रदेशसभाका तेस्रो, चौथो र पाँचौं अधिवेशनमा ४० ओटा वैठक बसेका छन्। उक्त बैठकहरू ३३ दिन चले भने ०८१ असार ७ गते बसेको एउटा वैठक प्रमुख

प्रतिपक्षी दल नेपाली कांग्रेसले अवरुद्ध गऱ्यो। जनता र संघीयताविरोधी बजेट आएको भन्दै बैठक अवरुद्ध गरियो।

यो वर्ष स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका सर्तसम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक, प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गन बनेको विधेयक, आर्थिक वर्ष ०८१/८२ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम विनियोज र खर्च गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, प्रदेश निजामती सेवा ऐन ०८० लाई संशोधन गर्न बनेको विधेयक, प्रदेश विपत् व्यवस्थापन गर्न बनेको विधेयक र प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक गरी ६ ओटा विधेयक प्रदेशसभाबाट पारित भई प्रमाणीकरण भएको लुम्बिनी प्रदेशसभाका प्रवक्ता उपसचिव ईश्वरीप्रसाद आचार्यले बताए।

## कर्णाली प्रदेश

कर्णाली प्रदेश सभामा सन् ०२४ मा हिउँदे र वर्षे अधिवेशन गरी ९८ ओटा बैठक बस्यो। कर्णाली प्रदेश सभाले सातओटा विधेयकहरू पारित गऱ्यो। प्रदेश सभा अन्तर्गत विभिन्न समितिका बैठक सङ्ख्या ६५ रहेका छन्। प्रदेश मामिला समितिको बैठक सङ्ख्या ६५, सार्वजनिक लेखा समितिको बैठक सङ्ख्या ४१, अर्थ तथा प्राकृतिक स्रोत समितिको बैठक सङ्ख्या १९, सामाजिक विकास समितिको बैठक सङ्ख्या २८ रहेका छन्।

कर्णाली प्रदेशसभाको प्रथम कार्यकालमा ५३ वटा र दोस्रो कार्यकालको दोस्रो वर्षसम्म थप चार ओटा कानून पारित गरी जम्मा ५७ ओटा कानुन बनेर कार्यान्वयनमा आएका छन्।

## सुदूरपश्चिम प्रदेश

सुदूरपश्चिम प्रदेश सभाको सन् ०२४ मा एक ओटा हिउँदे अधिवेशन, एक ओटा वर्षे अधिवेशन र एक ओटा विशेष अधिवेशन गरी तीन ओटा अधिवेशन सम्पन्न भएका छन्। यी अधिवेशनबाट पाँच ओटा विधेयक संशोधन गरिएको छ। यस अवधिमामा प्रदेश सभाबाट आर्थिक वर्ष ०८१/०८२ को विनियोजन विधेयक, सुदूरपश्चिम प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, सुदूरपश्चिम प्रदेश सामूहिक राजश्व सङ्कलनसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, ०८१, सुदूरपश्चिम निजामती सेवा ऐन ०७९ लाई संशोधन गर्न बनेको विधेयक र प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन ०७५ लाई संशोधन गर्न बनेको विधेयक संशोधन भएका छन्। यस अवधिमा सुदूरपश्चिम प्रदेश स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका सर्तसम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र सुदूरपश्चिम प्रदेश प्रज्ञा प्रतिष्ठान ऐन ०७६ लाई संशोधन गर्न बनेको विधेयक प्रदेश सभामा दर्ता भएका छन्। राजनीतिक अस्थिरताका कारण सरकार फेरबदल भइरहने हुँदा विधायन तथा प्रदेश मामिला समिति, सार्वजनिक लेखा समिति, अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा सभापति चयन हुन नसक्दा समितिको ज्येष्ठ सदस्यको सभापतित्वमा बैठक बस्ने गरेको र सामाजिक विकास समितिमा सभापति रहेकाले बैठक बस्न सहज भएको प्रदेश सभा सचिवालयका सूचना अधिकारी युवराज जैशीले बताउनु भयो। एक

वर्षको अवधिमा सामाजिक विकास समिति र सार्वजनिक लेखा समितिको बैठक बसे पनि अन्य दुई ओटा समितिको बैठक बस्न नसकेको र सामाजिक विकास समितिमा दलित सशक्तिकरण ऐन ०७८ कार्यान्वयन गर्न र अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको सुनिश्चितताका लागि ऐन निर्माण गर्ने सन्दर्भमा छलफलहरू भए।

## निष्कर्ष

दोस्रो कार्यकालको दोस्रो वर्षमा सङ्घीय संसद प्रभावकारी बन्न सकेन अर्थात् आफ्ना मूलभूत जिम्मेवारी समेत पूरा गर्न सकेन। कानुन निर्माण, सरकार निर्माण तथा सरकारउपर नियन्त्रण र जनताको प्रतिनिधित्व गर्नुपर्ने व्यवस्थापिका मूलत: सरकार निर्माण र विश्वासको मत दिने काममा संलग्न रह्यो। झण्डै चार महिना निरन्तर अवरुद्ध भएको संसद आफ्नो मूल काममा केन्द्रित हुन सकेन। सङ्घमा सरकार परिवर्तन हुने बित्तिकै त्यसको प्रभाव प्रदेश सरकारमाथि समेत गर्ने जटिल रोगबाट प्रदेशहरू यो वर्ष पनि मुक्त हुन सकेनन्। प्रतिनिधि सभामा अवरोध भएमा राष्ट्रिय सभामा स्वत: अवरोध हुने र प्रतिनिधि सभामा समाधान हुँदा राष्ट्रिय सभामा तत् विषयको यथोचित सम्बोधन विनै अवरोध हट्ने अपरिपक्व संसदीय अभ्यासले निरन्तरता पायो।

विधायिकाले प्रभावकारी कार्य गर्न नसक्दा पाँच वर्षदेखि विधेयकहरू संसदमा अलमलमा पर्नु दु:खद् छ। प्रतिनिधि सभाका समितिहरूको कार्यसम्पादन विधेयक व्यवस्थापनको दृष्टिमा निकै कमजोर सावित भयो। अध्यादेशको सङ्ख्या कम भए तापनि वर्ष अध्यादेशरहित हुन सकेन। यो वर्ष पनि संसदले संविधान कार्यान्वयनका लागि बनाउनुपर्ने सङ्घीय निजामती ऐन, सङ्घीय शिक्षा ऐनजस्ता अति महत्त्वपूर्ण कानुन बनाउन सकेन। एकातर्फ सरकारले नै विधेयक नल्याउने, ल्याएका विधेयक संसदमै रोकिने र गैरसरकारी विधेयक समेत अगाडि नबढाउने रोगले विधि निर्माणमा संसद प्रभावकारी बन्न सकेन भन्ने अवस्था देखिन्छ। संविधान कार्यान्वयनका लागि आवश्यक पर्ने आधारभूत कानुनहरू समेत बन्न नसक्नु सुखद कुरा होइन।

कानुन कार्यान्वयनको अवस्था अध्ययन र सरकारका काम कारबाहीको निगरानी गर्ने र सरकार तथा सार्वजनिक निकायको निगरानी गर्दै प्राप्त तथ्य अनुसार सम्बन्धित निकायलाई निर्देशन दिने दायित्वमा पनि संसद धेरै प्रभावकारी रहन सकेन। अपवादबाहेक आकस्मिक समय, शून्य समय र विशेष समय तथा राष्ट्रिय सभामा रहेको प्रादेशिक सरोकार समय समेत राजनीतिक मुद्दामा नै खर्च गरिनु सर्वथा अनुचित हो। अर्कोतर्फ संसद अधिवेशन आह्वान र अन्त्यको सिफारिस गर्ने मात्र नभई सदनलाई बिजनेश दिने काम सरकारको पनि हो। वेस्टमिन्स्टर मोडलको संसदीय प्रणालीमा सदनको नेता प्रधानमन्त्री स्वयं हो। संवैधानिक व्यवस्था र लोकतन्त्रको मर्मअनुरुप प्रधानमन्त्री र मन्त्रीहरू सामुहिक रूपमा मात्र नभई व्यक्तिगत रूपमा पनि संसदप्रति जवाफदेही हुनै पर्छ। जननिर्वाचित सांसद स्वयंले पनि जनताका प्रश्नको उत्तर दिन सक्नु पर्दछ।

## सुझाव

- सङ्घीय संसद वा प्रदेश सभा दुवै व्यवस्थापिकीय अङ्गहरू जनताका

प्रतिनिधिमूलक संस्था हुन्। संसदको प्रभावकारिताले लोकतान्त्रिक मूल्य र मान्यताहरू संस्थागत गर्न योगदान गर्दछन्। कार्यकारी शक्तिले युक्त सरकारलाई नागरिकप्रति उत्तरदायी बनाउनका लागि संसदीय अभ्यास र प्रभावकारिता अभिवृद्धिका लागि देहायका सुझाव सिफारिस गरिएको छ।

- संसदीय काम कारबाहीको वार्षिक कार्यतालिका स्वीकृत गरी सोही क्यालेण्डरमा आधारित भई संसदीय कारबाही अगाडि बढाउने
- सङ्घीय संसदले आफ्नो मूल जिम्मेवारीमा प्रभावकारिता ल्याउन कानुन निर्माण, सरकार उपरको निगरानी, जनताका आवाजको सार्वजनिकीकरण लगायतमा ध्यान केन्द्रित गर्नुपर्ने,
- सरकारलाई संसदप्रति वास्तविक रूपमा उत्तरदायी बनाउन आकस्मिक, शून्य र विशेष समय र राष्ट्रिय सभाको प्रादेशिक सरोकार समयमा सांसदले उठाएका विषयमा अनिवार्य सम्बोधन गर्नु पर्ने गरी बाध्यकारी बनाउने,
- संसदीय प्रस्तावहरूको कार्यान्वयन सरकारलाई समय तोकी प्रगति विवरण माग गर्ने आवधिक कार्यान्वयन प्रगति पेश गर्ने व्यवस्था गर्ने,
- विधेयक संसदमा प्रवेश पश्चात् पारित हुनु पर्ने समयसीमाको निर्धारण गरी वार्षिक कार्यतालिका बनाउने,
- राष्ट्रिय सभामा उत्पन्न भएको विधेयक समितिमा प्राप्त भएको मितिले छ महिनाभित्र दफावार छलफल पूरा गरी सभामा प्रतिवेदन दिनुपर्ने नियमावलीको व्यवस्था छ, सोही प्रकारको व्यवस्था प्रतिनिधि सभा

**सन्दर्भ सामग्री**


अनलाइन खबर, (०८१ वैशाख १८), सभामुखसँग संसदीय समितिका सभापतिहरूको गुनासो: सांसदहरू बैठकमा आउनै मान्दैनन्। https://www.onlinekhabar.com/2024/04/1472476/parliamentary-committee-chairmens-complaints-to-the-speaker-mps-do-not-agree-to-come-to-the-meeting

दंगाल, शम्भु रातोपाटी (०८१ जेठ ११), रातापाटी, *९ वर्षमा २ सयभन्दा बढी संसद बैठक अवरुद्ध: कसले कति गरे अवरोध ?,* https://www.ratopati.com/story/428306/sadan

धारा ७६, नेपालको संविधान (०७२)। उपधारा १०।

धारा ५६, नेपालको संविधान (०७२)।

धारा धारा ८३, १७५ र २२१, नेपालको संविधान (२०७२)।

धारा ७६, १००, १६८ र १८८, नेपालको संविधान (२०७२)।

नागरिक दैनिक (०८१ असार २८), *दाहालका पाँच विश्वासका मत, कति विश्वास कति अविश्वास ?,* नागरिक दैनिक। https://nagariknews.nagariknetwork.com/politics/1441856-1720785312.html

नागरिक दैनिक (०८१ मङ्सिर ४), *कानुन निर्माणमा अझै उदासीन संसदीय समिति।* https://nagariknews.nagariknetwork.com/politics/1455182-1731993309.html

नियमावली १७३, प्रतिनिधि सभा नियमावली, २०७९ र नियम १४७, राष्ट्रिय सभा नियमावली, २०७५।

नयाँ पत्रिका (०८० माघ ८), *एनसेल प्रकरणमा चार वटै समिति सभापतिको बैठक राख्ने निर्णय,* नयाँ पत्रिका। https://www.nayapatrikadaily.com/news-details/133010/2024-01-22

नियमावली ७१, ७२ र ७९ प्रतिनिधि सभा नियमावली, ०७९ र नियम ६६, ६७ र ६८, राष्ट्रिय सभा नियमावली, २०७५।

नेपाल प्रेस (०८१ भदौ ९), *सङ्कल्प प्रस्ताव र जरुरी सार्वजनिक महत्त्वका प्रस्ताव कार्यान्वयन नभएकोमा राष्ट्रिय सभामा प्रश्न,* नेपाल प्रेस डट कम। https://www.nepalpress.com/2024/08/25/503374/

पाण्डेय, पद्मप्रसाद (०८१ पुस ८), संघीय संसद, प्रतिनिधि सभा, सूचनापत्र (४), ०८१ पुस ८ गते, *सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ को दफा २७ को प्रयोजनार्थ मुद्दा चलेको जानकारी प्राप्त भएको हुँदा सोही कानुनी व्यवस्थाको प्रयोजनका लागि सूचना प्रकाशित गरेको उल्लेख*

प्रतिवेदन, संसदीय समिति अभ्यास अध्ययन (०७८), वार्षिक प्रतिवेदन ०७८/०७८, विधान व्यवस्थापन समिति, राष्ट्रिय सभा। https://na.parliament.gov.np/uploads/attachments/wiorgb6ofjljkaf8.pdf

पौडेल, माधव (०८१), *संसदको प्रभावकारिता र सुधारका सम्भावनाहरू, सङ्घीय संसद सेवा स्मारिका ०८१,* सङ्घीय संसद सचिवालय।

पौडेल, चिरञ्जीवी (०८० पुस ६), नेपाल प्रेस, *एनसेल विवाद गिजोल्दै संसदीय समितिहरूको तुजुक, हचुवामा आरोप र बेतुकका निर्देशन।* https://www.nepalpress.com/2023/12/22/410170/

फैसला, सर्वोच्च अदालत (०८० माघ १३), सर्वोच्च अदालत, *ज्ञानेन्द्र राज आरणसमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेत, मुद्दाः उत्प्रेषण समेत* (०७९-WO-१४५७)। https://supremecourt.gov.np/cp/#listTable

राष्ट्रिय सभा, नेपाल (०८१), *पन्ध्रौं अधिवेशन अवधिमा सभाबाट सम्पादित मुख्य मुख्य कामबारबाहीको संक्षिप्त विवरण,* राष्ट्रिय सभा। https://na.parliament.gov.np/np/notices/1713119466

राष्ट्रिय सभा, नेपाल (०८१), *सोह्रौं अधिवेशनको मुख्य मुख्य कामबारबाहीको संक्षिप्त विवरण,* राष्ट्रिय सभा, https://na.parliament.gov.np/np/notices/1726481091

रातोपाटी (०८१ असोज ४), *संसदीय समितिको २० देखि २५ प्रतिशत निर्देशनमात्र कार्यान्वयन,* रातोपाटी डट कम। https://www.ratopati.com/story/448322/implementation-of-only--to--percent-of-parliamentary-committees-directives

फिचर

# बसपार्क नै घर, यात्रु नै परिवार : ८१ वर्षे "कलकत्ते दाइ"को सेवाभाव

बिहानको पहिलो घाम तानसेन बसपार्कमा झुल्किन नपाउँदै एउटा परिचित आकृति यात्रुहरूको भीडबीच देखिन्छ। हातमा एउटा लट्ठी, शरीरमा पुरानो तर सफा लुगा, अनुहारभरि उमेरका गहिरा धर्सा र आँखामा यात्रुप्रतिको चिन्ता। उहाँ प्रहरी होइन, सरकारी कर्मचारी पनि होइन। तर बसपार्कमा आउने-जाने धेरै यात्रुका लागि उहाँ सुरक्षाकर्मीभन्दा कम विश्वासिला पनि हुनुहुन्न।

उहाँ हुनुहुन्छ ८१ वर्षीय टोपबहादुर श्रेष्ठ, जसलाई सबैले स्नेहपूर्वक 'कलकत्ते दाइ' भनेर चिन्छन्।

कुनै सरकारी नियुक्ति छैन। तलब छैन। पोशाक छैन। तर पाँच दशकभन्दा बढी समयदेखि उहाँले स्वेच्छाले नागरिक प्रहरीको भूमिका निर्वाह गर्दै आउनुभएको छ।

"यात्रुलाई अप्ठ्यारो परेको देखेपछि चुप लागेर बस्न सक्दिनँ," उहाँ भन्नुहुन्छ, "सक्ने जति सहयोग गरिदिएपछि मन हलुका हुन्छ।"

उहाँको दिनचर्या वर्षौंदेखि उस्तै छ। बिहान सबेरै कोठाबाट बसपार्क पुग्ने, दिनभर यात्रुको सेवामा खटिने र साँझ बसपार्क सुनसान भएपछि मात्र फर्किने। वृद्ध, महिला, बालबालिका वा नयाँ ठाउँबाट आएका यात्रु अलमलिएको देख्नुभयो भने तुरुन्तै सहयोगका लागि अघि बढिहाल्नुहुन्छ। कसैलाई सही बस देखाइदिनु, कसैको भारी समाइदिनु, कसैलाई सडक पार गराइदिनु वा गन्तव्यबारे जानकारी दिनु उहाँका लागि सामान्य कामजस्तै भइसकेको छ।

तर अरूको यात्रा सहज बनाइरहने कलकत्ते दाइको आफ्नै जीवन भने निकै कठिन



छ।

उहाँसँग आफ्नै घर छैन। "घर कहाँ छ भनेर सोध्नुहुन्छ भने भन्न गाह्रो हुन्छ," उहाँ हल्का मुस्कानसहित भन्नुहुन्छ, "सडक नै मेरो घरजस्तो भएको छ। दिनभर यही बसपार्कमा बित्छ। यहाँ आउने यात्रु नै आफ्ना परिवारजस्ता लाग्छन्।"

वि.सं. २००२ सालमा स्याङ्जाको तत्कालीन सिरुखर्क गाविसमा जन्मिनुभएका श्रेष्ठ २०३२ सालतिर रोजगारीको खोजीमा पाल्पा आउनुभएको थियो। त्यसयता उहाँको जीवन तानसेन बसपार्कसँग यति गाँसियो कि यही उहाँको कर्मभूमि बन्यो। पछिल्ला ५१ वर्षदेखि उहाँले कुनै औपचारिक जिम्मेवारीबिना

सार्वजनिक सेवामा आफूलाई समर्पित गर्नुभएको छ।

उहाँ यात्रुलाई गन्तव्यसम्म पुग्ने सही जानकारी दिनुहुन्छ, चालक र सहचालकलाई सवारीसाधनको अवस्था जाँच गरेर मात्र यात्रा गर्न सम्झाउनुहुन्छ, मादक पदार्थ सेवन नगरी सवारी चलाउन आग्रह गर्नुहुन्छ र सवारी पार्किङका लागि उचित स्थान देखाइदिनुहुन्छ।

आफ्नो बाल्यकाल सम्झँदै उहाँ भावुक बन्नुहुन्छ। "सानैमा आमाको मृत्यु भयो। बुवाले दोस्रो विवाह गर्नुभयो। पढेर समाजसेवी बन्ने ठूलो रहर थियो, तर पढ्न पाइएन। त्यसैले अहिले सडकमै बसेर मानिसहरूको सेवा गरिरहेको छु।"

उहाँले लगाएका अधिकांश लुगा अरूले दिएको सहयोगबाट जुटेका हुन्।

"यो मैले लगाएको सबै कपडा जडौरीमा आएको हो। सबैले मलाई माया गर्छन्," उहाँ गर्वका साथ भन्नुहुन्छ।

हातमा रहेको लट्ठीबारे पनि उहाँको आफ्नै अनुभव छ।

"यो लट्ठी त देखाउनका लागि मात्रै हो। अहिलेसम्म प्रयोग गर्नुपरेको छैन। कतिपय लफङ्गा केटाहरू पनि मलाई देख्नेबित्तिकै आफैँ टाढा जान्छन्।"

श्रेष्ठको परिवारमा अहिले उहाँबाहेक अरू कोही छैनन्। बिहान भाले बास्नुअघि नै उहाँको 'ड्युटी' सुरु हुन्छ र साँझ अँध्यारो नपरेसम्म सडकमै बित्छ। सामान्य जागिरेको जस्तो सार्वजनिक बिदा, छुट्टी वा आराम उहाँको जीवनमा कहिल्यै आएन। पाँच दशकभन्दा बढी सेवामा उहाँले आफूखुसी एक दिन पनि बिदा लिएको सम्झना छैन।

उहाँको जीविकाको आधार सरकारबाट प्राप्त हुने ज्येष्ठ नागरिक भत्ता मात्रै हो।

"महिनाको ४ हजार रुपियाँ आउँछ। त्यसमा २ हजार ५ सय रुपियाँ कोठा भाडामै जान्छ। बाँकी १ हजार ५ सय रुपियाँले खानुपर्छ। कहिलेकाहीँ पुग्छ, कहिलेकाहीँ पुग्दैन," उहाँ शान्त स्वरमा भन्नुहुन्छ।

त्यो आवाजमा गुनासोभन्दा जीवनप्रतिको स्वीकार्यता बढी सुनिन्छ।

बसपार्कमा आउने धेरै यात्रुले उहाँलाई देख्नेबित्तिकै "कलकत्ते दाइ" भनेर बोलाउँछन्। कतिले हात जोडेर अभिवादन गर्छन्, कतिले चिया खुवाउँछन्। उहाँका लागि यही सम्मान र आत्मीयता सबैभन्दा ठूलो सम्पत्ति हो।

"मानिसले चिनिदिन्छन्, सम्मान गर्छन्," उहाँ मुस्कुराउँदै भन्नुहुन्छ, "त्योभन्दा ठूलो धन के चाहियो र?"

उमेरले शरीर कमजोर बनाइसकेको छ। पाइला पहिलेजस्तो दह्रा छैनन्। तर सेवा गर्ने उत्साह अझै कम भएको छैन।

"घरमै बस्न मनै लाग्दैन," उहाँ भन्नुहुन्छ, "यहाँ आएर मानिसलाई सहयोग गर्न पाए दिन बितेको जस्तो लाग्छ।"

आज समाजमा स्वयंसेवा र सामाजिक उत्तरदायित्वका धेरै चर्चा हुन्छन्। तर कुनै पद, तलब वा व्यक्तिगत स्वार्थबिना पाँच दशकभन्दा बढी समय सार्वजनिक सेवामा निरन्तर समर्पित रहनु असाधारण उदाहरण हो। कलकत्ते दाइले यही उदाहरण जीवित राख्नुभएको छ।

तर उहाँको जीवनले एउटा गम्भीर प्रश्न पनि समाज र राज्यसामु राखेको छ– आफ्नो सक्रिय जीवन समाजको सेवामा बिताएका यस्ता ज्येष्ठ नागरिकको सम्मानपूर्ण बुढ्यौली सुनिश्चित गर्ने जिम्मेवारी कसको हो?

भोलि बिहान फेरि तानसेन बसपार्कमा यात्रुको भीड लाग्नेछ। भीडकै बीचमा कलकत्ते दाइ फेरि कसैको हात समातेर सडक पार गराइरहनुभएको हुनेछ। आफ्ना लागि धेरै केही नजुटे पनि अरूका लागि सहयोगको हात बढाइरहने उहाँको जीवनले सम्झाइरहेको छ– मानवता कुनै पद, पोशाक वा पारिश्रमिकले होइन, निस्वार्थ सेवाले चिनिन्छ।

*प्रस्तुती : यज्ञमूर्ति तिमिल्सिना*

# इन्सेकका केही प्रकाशनहरू



जि.प्र.का. द. नं. २१/०४९/५०


# www.inseconline.org

# नेपालको पहिलो
# मानव अधिकार अनलाइन पोर्टल




## नेपाली र अङ्ग्रेजी भाषामा

मानव अधिकारसम्बन्धी विविध सामग्रीहरू समेटिएको यस वेबसाइटमार्फत्
देशको मानव अधिकार स्थितिको जानकारी लिनुहोस् ।

/inseconline /inseconline /INSECnepal